सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ मंसिर २०८२, सोमबार (15 Dec 2025, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

डेढ दशकदेखि सरकार खोजिरहेका क्रिकेट रंगशाला



निर्माण घोषणा गर्ने, तर समयमै पूरा नगर्ने सरकारी रबैयाले घाँसेमैदान बन्दै छन् करोडौँ लागतका क्रिकेट रंगशाला

■ तयार भएका रंगशालामा पनि हुँदैनन् प्रतियोगिता

(विस्तृत पृष्ठ ३)

अर्थतन्त्र सुधारको दिशा



अग्रलेख

● प्रेमलकुमार खनाल

सुस्ताएको अर्थतन्त्रलाई सबल बनाएर गति दिन अनुत्पादक साधारण खर्च कटौती गरी थप स्रोतसाधन परिचालन गर्नुपर्छ

(पृष्ठ ४)

उच्च दरमा जुम्ल्याहा बच्चा जन्माउन तयार हुनुपर्छ एसियाली देश



गैरनाफामुखी संस्था म्याक्स प्लांक इन्स्टिच्युटकी सुसी ली र स्टकहोम विश्वविद्यालयकी किरोन बार्क्लेले गरेको अध्ययनअनुसार आगामी २५ वर्षसम्ममा भारतमा जुम्ल्याहा बच्चा जन्माउने दर ५० प्रतिशतभन्दा बढीले बढ्न सक्छ। अध्ययनका लागि उनीहरूले विभिन्न मोडेल प्रयोग गरेका थिए।

(पृष्ठ ५)

दूरसञ्चारका ग्राहकबाट इन्टरनेटको गुणस्तरमा सबैभन्दा धेरै गुनासो

इन्टरनेट प्रयोगकर्ता बढ्दै जाँदा सेवाको गुणस्तरसम्बन्धी गुनासोसमेत बढे, दूरसञ्चार प्राधिकरणमा प्रयोगकर्ताले गरेका ७३ प्रतिशत गुनासा इन्टरनेटसम्बन्धी

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

निकट नेताहरूको व्यवस्थापन गर्न ओलीले तीन महिनामै उल्ट्याए विधान अधिवेशनको निर्णय

कमिटी चुस्त बनाउने भन्दै गत भदौको विधान महाधिवेशनबाट १५ सदस्यीय पदाधिकारी र २५१ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय गराएका अध्यक्ष ओलीले आफूनिकट नेताहरूको व्यवस्थापनमा चुनौती देखिएपछि फेरि १९ पदाधिकारीसहित केन्द्रीय कमिटीमा तीन सयभन्दा धेरै सदस्य रहने गराए निर्णय

शुरोजंग पाण्डे / नयाँ पत्रिका

११औँ महाधिवेशनबाट सर्वसम्मत अध्यक्ष हुने चाहनामा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिने निश्चित भएपछि एमाले अध्यक्ष केपी ओलीले तीन महिनाअगाडिको विधान महाधिवेशनका निर्णय उल्टाएका छन्। अध्यक्षमा आफू र केन्द्रीय कमिटीमा आफ्नो समूहको वर्चस्व बनाउने रणनीतिसहित उनले महाधिवेशनको बन्दसत्रबाट पदाधिकारीसहित केन्द्रीय कमिटीको आकार बढाउने गरी विधान संशोधनको निर्णय लिएका छन्।

■ प्यानल बनाउन गुन्डु र थापागाउँमा राति अबेरसम्म छलफल

२२ भदौमा ललितपुरको गोदावारीमा सम्पन्न विधान महाधिवेशनबाट १५ सदस्यीय पदाधिकारीसहित २५१ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय उल्टाएर ओलीले आइतबार बन्दसत्रबाट १९ सदस्यीय पदाधिकारीसहित ३०१ सदस्यीय केन्द्रीय कमिटी बनाउने प्रस्ताव पारित गराएका छन्। ११औँ महाधिवेशनबाट नेतृत्व चयनको पूर्वसन्ध्यामा विधान महाधिवेशनको निर्णय उल्टाउने कदमले पार्टी हित नगर्ने र संस्थापन पक्षको मनोमानीविरुद्ध लड्ने पोखरेल समूहका नेताहरूको प्रतिक्रिया छ।

आइतबार भृकुटीमण्डपमा बन्दसत्र सुरु हुनुअघि बसेको केन्द्रीय कमिटी बैठक र ११औँ राष्ट्रिय महाधिवेशनको बन्दसत्रले ओलीको प्रस्ताव पारित गरेको छ। बहुमतको बलमा अध्यक्षमा सहजै जित सुनिश्चित हुने गरी विधान संशोधन गराएर ओलीले बन्दसत्रमा

» पृष्ठ २ मा क्रमशः



११औँ महाधिवेशनको आइतबारदेखि भृकुटीमण्डपमा सुरु भएको बन्दसत्र। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

महाधिवेशनमा पुस्तान्तरण र हस्तान्तरणको सुन्दर संयोजन छ : ओली



४० वर्षमुनिका युवा र जेन-जीको सहभागिताले एमालेमा पुस्तान्तरण र हस्तान्तरणको सुन्दर सिलसिला अगाडि बढेको छ। एमालेले मधेशलाई हेला गर्‍यो भनेर हल्ला मच्चाउँछन्। तर, मधेशबाट ठुलो संख्यामा प्रतिनिधित्व छ। सैयौँ थुंगा फूलका हामी एउटै माला एमालेजस्तै देखिएको छ, यसका लागि एमालेले असाधारण संघर्ष गरेको छ। फाटो र विभाजनको प्रयास असफल बनाएर राष्ट्रलाई बलियो बनाउँदै अगाडि बढेका छौं। जानेर वा नजानेर पार्टी सञ्चालन गर्दा कमी-कमजोरी भएको हुन सक्छ। कतै कमी भएछ भने माफी माग्दछु र सच्चिन पनि तयार छु। तर, अहिलेको संकटको घडीमा सहमतिसहित नेतृत्व छानेर अगाडि बढौं।

पार्टीलाई थप खती नहोस्, अभिभावक बन्नुस् : पोखरेल



तपाईं ११ वर्ष पार्टी अध्यक्ष हुनुभयो, हामीलाई पनि चुनौतीको सामना गर्न सिकाउनुभयो। ०७२ देखि ८२ सम्मको १० वर्षको अवधिमा ६ वर्ष मुलुकको प्रधानमन्त्री बन्नुभयो। कमरेडहरू, अब उँधौली सुरु हुँदै छ, यो उँधौलीले उहाँ अध्यक्ष (ओली), हाम्रो पार्टी, आन्दोलन र मुलुकलाई नोक्सान गर्छ कि भन्ने चिन्ता छ। उहाँको निरन्तरता हुने कुरालै थप खती हुने हो कि भनेर भित्रैदेखि चिउचिउ भइरहेको छ। अब कमरेड ओलीले यो पार्टीको अभिभावक हुनुपर्छ भन्ने ठान्छु। आमरूपमा त्यही परिस्थिति छ, मेरो अवधारणा पढेर साथ र समर्थन दिनुस्, अब नेतृत्वको जिम्मा हामीलाई दिनुस् भन्न चाहन्छु।

केन्द्रीय कमिटीको नयाँ क्लस्टर

पदाधिकारी : १९	(अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव, उपमहासचिव ३, सचिव ९)
सात प्रदेश र उपत्यका : ७२	(प्रत्येक प्रदेश र उपत्यकाबाट खुला ५, महिला ३ र युवा १)
खुला : १२५	(खुला ७१, महिला ५२ र युवा २)
आदिवासी जनजाति : २५	(खुला १५, महिला ८ र युवा २)
मधेशी : १९	(खुला ११, महिला ६ र युवा २)
दलित : १२	(खुला ७, महिला ४ र युवा १)
थारू : ७	(खुला ५ र महिला २)
मुस्लिम : ५	(खुला ४ र महिला १)
श्रमिक : ३	(खुला २ र महिला १)
पिछडिएको क्षेत्र : २	(खुला १ र महिला १)
प्रवास : २	(भारत १ र बाँकीबाट १)
सम्पर्क समन्वय : २	(खुला १ र महिला १)
अपांगता भएका व्यक्ति : १	


क्लस्टर टुंगिन बाँकी भएकाले ३०१ को सूची आएको छैन



● डा. विजय सुब्बा
अध्यक्ष, निर्वाचन आयोग

प्रतिनिधिको माग र सुझावलाई ध्यान दिएर बन्दसत्रबाट पारित सूची हो। सबै क्लस्टरमा सन्तुलन मिलेको आधिकारिक संख्या टुंगिसकेको छैन। आयोगले ३०१ जनाको आधिकारिक रूपमा टुंगिएको सूची प्राप्त गरिसकेको छैन। उम्मेदवारी दिनुभन्दा पहिला आउँछ होला।

■ निर्वाचन आयोगले सार्वजनिक गर्‍यो तालिका : आज मनोनयन, भोलि मतदान



■ विद्युतीय मतदानका लागि ९० मेसिन राखिँदै, प्रतिनिधिले सिक्दै छन् मतदान गर्न

■ बन्दसत्र स्थलमा टिकटक सुटिङ, सेल्फी स्थलदेखि ई-पुस्तकसम्मको आकर्षण

■ नेपाल ट्रस्टको जग्गा दुरुपयोग प्रकरण

सोनामको बयान नै नलिई बुझाइयो प्रतिवेदन

दरबारमार्गस्थित नेपाल ट्रस्टको एक रोपनी १४ आना जग्गा लिजमा लगाउने सूचना प्रकाशन गरेर 'सेटिङ'मा सडक विभागको तीन आना तीन पैसा जग्गा पनि समावेश गरेर दुई रोपनी एक आना तीन पैसाको गरिएको थियो सम्झौता

नयाँ पत्रिका

नेपाल ट्रस्टको दरबारमार्गस्थित जग्गा लिजमा दिँदा भएको ठगी र विश्वासघातको कसुरमा अनुसन्धान गरेको सिआइबीले यती समूहको थामसेर्कु ट्रेकिङका अध्यक्ष लाक्पा सोनाम शेर्पाको बयानसमेत नलिई सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको छ। ट्रस्टको उक्त जग्गा थामसेर्कु ट्रेकिङले लिजमा लिएको छ। तर, मुद्दाका मुख्य आरोपी मानिएका थामसेर्कुका अध्यक्षकै बयानसम्म नलिई गत बिहीबार नै सरकारी वकिललाई प्रतिवेदन बुझाएको हो।



यती समूहका प्रमुख तथा थामसेर्कु ट्रेकिङ कम्पनीका अध्यक्ष लाक्पा सोनाम शेर्पा



थामसेर्कुले हडपेको सडक विभागको जग्गा

सिआइबीले ट्रस्टका पूर्वसचिव अर्जुनबहादुर कार्की र सहसचिव लेखबहादुर कार्कीलाई पक्राउ गरी अनुसन्धान गरेको थियो। अदालतको एक आदेशका कारण मुद्दाको अनुसन्धान प्रभावित भएको सिआइबीका अधिकारी

» पृष्ठ २ मा क्रमशः

पूर्वमेयर तथा निवर्तमान सांसद सन्तोष चालिसेको परिवारैविरुद्ध भ्रष्टाचार मुद्दा

गोकर्णेश्वर नगरपालिकाकाको मेयर हुँदा पदीय दुरुपयोग गरी तीन करोड ६८ लाख आर्जन गरेको अभियोग





● गणेशबहादुर अधिकारी
सहायक प्रवक्ता, अख्तियार

अकुत सम्पत्ति श्रीमती मन्दिरा चालिसे, छोराहरू सागर चालिसे र सञ्जीव चालिसे तथा बुहारी प्रमिला पोखरेलको नाममा रहेकाले उनीहरूलाई समेत सम्पत्ति जफतका लागि प्रतिवादी बनाइएको छ।

सम्पत्ति शुद्धीकरण कसुरमा छुट्टै अनुसन्धान

नयाँ पत्रिका

गोकर्णेश्वर नगरपालिकाको मेयर हुँदा तीन करोड ६८ लाख रुपैयाँ अवैध आर्जन गरेको अभियोगमा कांग्रेसका नेता सन्तोष चालिसेविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। काठमाडौं- ३ का निवर्तमान सांसदसमेत रहेका चालिसेविरुद्ध पदको दुरुपयोग गरी अकुत आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

कमिसन लिएर जग्गा प्लटिङको अनुमति दिएको तथा आफू निकटस्थहरूलाई ठेक्का दिएर लाभ लिएको उजुरीका आधारमा अख्तियारले छानबिन गरेको थियो। यसक्रममा उनीसँग आठ करोड ५६ लाख ८३ हजार ५९५ रुपैयाँबराबरको सम्पत्ति भेटिएको थियो। त्यसमध्ये तीन करोड ६८ लाख ४७ हजार ७६१ रुपैयाँबराबरको सम्पत्तिको स्रोत नखुलेकाले सोबराबरको सम्पत्ति जफत र सोहीबराबरको जरिवाना सजाय मागदाबीसहित अख्तियारले मुद्दा दायर

» पृष्ठ २ मा क्रमशः

पाँच वर्ष मेयर छँदा १० ठाउँमा घरजग्गा खरिद

कांग्रेस नेता सन्तोष चालिसेले गोकर्णेश्वर नगरपालिकाको मेयर भएपछि आफ्नो र परिवारको नाममा १० ठाउँमा जग्गा खरिद गरेका थिए। सबैजसो घरजग्गा गोकर्ण क्षेत्रमै छन्। त्यसमध्ये कतिपय अन्य व्यक्तिसँगको साझेदारीमा खरिद भएका छन्। मालपोतको रजिस्ट्रेसन पासको विवरणअनुसार उनले दुई करोड ८९ लाख जग्गा खरिदमा लगानी गरेका छन्।


०७७ मा गोकर्णेश्वर- ९ मा १३ आना जग्गामा ७० लाख खर्चिएर घर पनि बनाएका थिए। हाल चालिसे र उनको परिवारको नाममा गोकर्णेश्वरका विभिन्न स्थानमा करिब तीन रोपनी जग्गा छ। बैंक खातामा १८ लाख ४६ हजार भेटिएको थियो भने परिवारसँग रहेको ९१ लाख १९ हजार सेयर बजारमा लगानी गरेका थिए।

पाँच कम्पनीमा ५० लाख ३१ हजार ६ सय रुपैयाँ लगानी भएको अनुसन्धानमा देखिन्छ। चालिसे परिवारले शिवपुरी इको टुरिजम एन्ड केबलकार प्रालि, गोकर्ण हिल साइड रिसोर्ट प्रालि, इन्जिनियरिङ एन्ड एजुकेसन जोन, फुच्चु फनपार्क, उग्रतारा स्यान्ड फुटबल एन्ड रिक्रियसन सेन्टरमा लगानी गरेको छ। परिवारसँग ५० तोला सुन र एक सय तोला चाँदी रहेको अनुसन्धानमा भेटिएको छ। उनका सबै आम्दानी र खर्च हिसाब गर्दा अस्वाभाविक देखिएको अख्तियारले जनाएको छ।

एमालेका तीन नेता जसले देखाए नैतिकता

प्रेम गौतम / नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले १०औँ महाधिवेशनबाट सर्वसम्मत पारित ७० वर्षे उमेरहद र दुईवर्षे कार्यकालको व्यवस्था तोड्दा उपाध्यक्षद्वय युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्य तथा पार्टी केन्द्रीय अनुसन्धान आयोगका अध्यक्ष केशव बडाललले भने आफूलाई नैतिक धरातलमा उभ्याएका छन्। ओलीले विधानबाटै ७० वर्षे उमेरहद हटाएर तेस्रोपटक अध्यक्ष बन्ने तयारी गर्दा ज्ञवाली, शाक्य र बडाललले ७० वर्ष पुगेको भन्दै चालू ११औँ महाधिवेशनमा कुनै पनि पदमा उम्मेदवार नहुने घोषणा गर्दै नैतिकता देखाएका हुन्।



उपाध्यक्षद्वय ज्ञवाली र शाक्य तथा अनुशासन आयोगका अध्यक्ष बडाललले युवालाई अवसर दिने भन्दै सक्रिय राजनीतिबाट लिए बिदा

१०औँ महाधिवेशनबाट निर्वाचित एमाले केन्द्रीय कमिटीको अन्तिम बैठक आइतबार बसेको थियो। उक्त बैठकमा ज्ञवाली, शाक्य र बडाललले उम्मेदवार नबन्ने घोषणा गरे। तीनैजनाले ७० वर्षे उमेरहद कार्यान्वयन हुनुपर्ने वकालत गर्दै आएका छन्। ज्ञवाली, शाक्य र बडाल भूमिगतकालको कठिन समयमा ज्यानको बाजी थापेर पार्टीको संगठन निर्माण गर्ने नेतामा पर्छन्।

'म ७० वर्ष पुगें, दुई कार्यकाल उपाध्यक्ष पनि भएँ, अब फेरि चुनाव उठ्दिनँ,' ज्ञवालीले भने, 'विगतमा सोचविचार गरेरै ७० वर्षे उमेरहद र दुईवर्षे कार्यकालको व्यवस्था गरेका हौं। हामीले निष्ठाको राजनीति गर्नुपर्छ भन्दै आयौं, विगतमा सर्वसम्मत निर्णय गरिएको विषय व्यवहारमा लागू गर्न खुसी साथ नै उम्मेदवार नहुने निर्णय गरेको हुँ,' उनले भने।

लोकतन्त्रमा कुनै पनि नेता निरन्तर कार्यकारी पदमा बस्दा नोक्सान हुने ज्ञवालीको भनाइ छ। 'नवौं र दसौं महाधिवेशनमा दुई कार्यकालको व्यवस्था गरेका थियौं। उमेरहदको व्यवस्था पनि हामीले गर्‍यौं। त्यो सर्वसम्मत भएको हो,' उनले भने, 'लोकतन्त्रमा कुनै पनि नेता एउटै कार्यकारी पदमा बस्नु नोक्सानदायी हुन्छ। शक्तिको दुरुपयोग, आर्थिकदेखि अनेक कुरा हुन्छन्। लोकतन्त्रमा उमेरहद र अवधिको विषयलाई सिस्टमको रूपमा विकास गर्नुपर्छ भन्ने मान्यता हो। साँच्चै लोकतन्त्र भएको ठाउँमा यो कुरा आवश्यक छ। पार्टीमा त्यो लागू हुनुपर्छ।'

कुर्सीमोह गलत भएको भन्दै ज्ञवालीले सधैँभरि आकांक्षा राख्न नहुने पनि बताए। 'सधैँभरि आकांक्षा राखिराख्नुहुँदैन। कुर्सीमोह गलत कुरा हो। यसले लोकतन्त्रलाई कमजोर बनाउँछ। कुर्सीका लागि पार्टीभित्र मारामार गर्ने प्रवृत्तिको म घोर विरोधी हुँ। त्यसका लागि मैले आफ्नो आचरण देखाएको हुँ। म आफू अडिनुपर्छ, व्यवहारमा देखाउनुपर्छ भनेर उम्मेदवार नहुने निर्णय विश्लेषण गरेरै खुसीसाथ गरेको छु,' उनले भने। पार्टीलाई लोकतान्त्रिक बनाउन नेतृत्व हस्तान्तरण गर्दै जानुपर्नेमा उनले जोड दिए।

शाक्यले पनि अघिल्लो महाधिवेशनबाट गरिएको व्यवस्था नैतिक रूपमा पालना गरेर उम्मेदवारी नदिने निर्णयमा पुगेको बताइन्। 'हामीले विगतमा ७० वर्षे उमेरहदको व्यवस्था गर्‍यौं। अहिले पनि त्यो व्यवस्था हुनुपर्छ भनेर लार्‍यौं। विधान संशोधन हुँदा उक्त प्रस्तावको पक्षमा उभियौं। विधानमै ७० वर्षे उमेरहदको व्यवस्था हटाएपछि नैतिकताले उम्मेदवार बन्न दिएन,' उनले भनिन्। उनले नयाँ पुस्तालाई स्थान दिन सक्रिय राजनीतिमा नरहने निर्णयमा पुगेको पनि बताइन्। 'हामी मात्रै कति हुनु, युवापुस्तालाई पनि स्थान दिनुपर्‍यो नि,' शाक्यले भनिन्।

बडाललले पनि आइतबार महाधिवेशनको बन्दसत्रमा पार्टीको कुनै पनि पदमा नबस्ने घोषणा गरे। उनले पदबाहिर रहेर पार्टी र जनताको हितमा समर्पित हुने बताएका थिए।

» पृष्ठ २ मा क्रमशः

सरकारले संसद्‌लाई नियन्त्रण गर्न खोजेको पदाधिकारीको आरोप

नयाँ पत्रिका

संघीय संसद्‌का पदाधिकारीले जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा निर्वाचनको मुख्य कार्यादेशसहित गठित अन्तरिम सरकारले व्यवस्थापिकामाथि नियन्त्रण गर्न खोजेको आरोप लगाएका छन् । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हाले प्रतिनिधिसभालाई अझै जीवन्त बनाउन जरुरी रहेको र सरकार निर्वाचनको तयारीमा रहेको जवाफ दिएका छन् ।

१९औँ संघीय संसद् सेवा दिवसको अवसरमा आइतबार आयोजित समारोहमा आफ्नो धारणा राख्दै सभामुख र उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्षले सरकारका पछिल्ला गतिविधिले संसद्‌लाई बन्देज लगाउन खोजेको दाबी गरे । उनीहरूले समारोहमा सहभागी विभागीय मन्त्रीको ध्यानाकर्षण गराउँदै यस्ता गतिविधि तुरुन्तै सच्याउन मागसमेत गरेका छन् ।

> खर्च कटौतीका नाममा स्वकीय सचिव सुविधा खारेज गर्नेदेखि कर्मचारी कटौतीसम्म गरेर तथा प्रोटोकलमा ख्याल नगरेर सरकारले संसद्‌माथि आर्थिक-प्रशासनिक नियन्त्रण गरेको पदाधिकारीको दाबी

पदाधिकारीहरूले खर्च कटौतीका नाममा सल्लाह नै नगरी स्वकीय सचिव सुविधा खारेज गरेको, कर्मचारी कटौती गरेको, संसद्‌को काम छैन भन्ने भाष्य बनाउन खोजेको, प्रोटोकलसमेत ख्याल नगरिएको, आर्थिक र प्रशासनिक रूपमा बन्देज गरेर संसद्‌लाई अघोषित नियन्त्रणमा राख्न खोजेको आरोप लगाए । उनीहरूले सरकारका यस्ता कदमले संसद्‌को स्वायत्ततामा आँच आउने गुनासो गरे ।

सभामुख देवराज घिमिरेले संसद् भवनमा आक्रमण र आगजनी त्यसलगत्तै प्रतिनिधिसभा विघटन संसद् माथिको प्रहार भएको टिप्पणी गरेका छन् । 'पछिल्लो समयमा सरकारले संसद् र यसको सचिवालयमाथि आार्थिक र प्रशासनिक रूपमा अदृश्य बन्देज लगाउने प्रयास गरिरहेको छ,' उनले भने, 'म सभामुखको हैसियतले स्पष्ट शब्दमा भन्न चाहन्छु, संसद् सरकारको अधीनमा रहने कुनै एउटा शाखा होइन, हुन सक्दैन ।'

शक्ति पृथकीकरणको सिद्धान्तअनुसार संसद् आफैंमा पूर्ण स्वायत्त निकाय भएको घिमिरेको भनाइ थियो । घिमिरेले संसद्‌को स्वायत्ततामा आँच आउने कुनै पनि गतिविधि नगर्न सरकारलाई सचेत पनि गराए । 'संसद्‌को बजेटमा अर्थ मन्त्रालयले कैँची चलाउनु, कर्मचारीको सेवा-सुविधा र दरबन्दीमा प्रशासनिक बाधा पुऱ्याउनु भनेको अप्रत्यक्ष रूपमा व्यवस्थापिकालाई कार्यकारीले नियन्त्रण गर्ने प्रयास हो,' उनले भने, 'संसद् कमजोर हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । लोकतन्त्र कमजोर हुँदा अन्ततः राज्य नै कमजोर हुन जान्छ,' उनले भने ।

उनले संसद्‌बाटै जेन-जीका माग सम्बोधन गर्न सकिने बताए । 'सडकको आन्दोलनले केवल दबाब दिन्छ । तर, संसद्‌ले त्यसलाई कानुन र अधिकारमा बदल्छ । जेन-जी पुस्ताले खोजेको पारदर्शिता, सुशासनलाई आगामी दिनमा संसद्‌ले पूरा गर्ने विश्वास दिलाउन जरुरी छ । फेरि पनि आन्दोलन र राजनीतिक शक्ति प्रदर्शनको क्षति संसद्‌ले भोग्न नपरोस्,' उनले भने ।

राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले संसद्‌का सबै पक्ष एकताबद्ध भएर निर्वाचन गराउन सरकारलाई सघाउनुपर्ने बताए । 'जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारको मुख्य काम भनेको २१ फागुनमा चुनाव गराउनु हो,' उनले भने, 'भयरहित वातावरणमा निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन सरकारको जति दायित्व छ, सरकारलाई सहयोग गर्नु हाम्रो पनि त्यति नै दायित्व छ ।'

उपसभामुख इन्दिरा रानाले संसद्‌लाई पारदर्शी र जनमुखी बनाएर लैजानुपर्ने बताइन् । प्रोटोकल ख्याल नगरी स्वकीय सचिव हटाइएकोमा उनले असन्तुष्टि जनाइन् । 'संसद्‌लाई एक्टिभ राख्न पदाधिकारीको टिम जरुरी छ । प्रोटोकल नै ख्याल नगरी स्वकीय काटिँदा परामर्श गरिएन । संसद् सचिवालयको भूमिका पनि देखिएन,' उनले भनिन् ।

राष्ट्रिय सभा उपाध्यक्ष विमला घिमिरेले अहिलेको परिस्थितिमा प्रतिनिधिसभा नरहेको र राष्ट्रिय सभा नचलेको भन्दै जनताको बोल्ने आवाज अवरुद्ध भएको बताइन् ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सिन्हाले संसद् लोकतन्त्रको मुटु र मस्तिष्क भएको बताए । 'कानुनहरू स्पष्ट, सरल, बोधगम्य र पठनयोग्य हुने गरी निर्माण गर्नु आजको आवश्यकता हो,' उनले भने, 'हामीले कानुन मन्त्रालयबाट पनि कोसिस थालनी गरेका छौं, कानुनका शब्द-भाषा कसरी सरल बनाउने भनेर अध्ययन भइरहेको छ । यसमा संसद्‌को भूमिका पनि अहम् रहन्छ ।' संघीय संसद् सेवा सुदृढीकरणका लागि सरकार तयार रहेको भन्दै उनले भने, 'स्वकीय सचिव कटौतीको विषयमा ध्यानाकर्षण भएको छ । यसबारे छलफल हुन्छ ।'

निकट नेताहरूको...

पृष्ठ १ बाट क्रमशः

चुनावी प्रक्रिया अगाडि बढाएका छन् । पार्टी सदस्यता रोकेर पूर्वराष्ट्रपति विद्या भण्डारीलाई आफूसँगको प्रतिस्पर्धामा आउनै नदिएका ओलीले अध्यक्षका दाबेदार पोखरेललाई पन्छाउन विधान संशोधनको सहारा लिएका छन् ।

सचिवालय, केन्द्रीय कमिटीदेखि प्रतिनिधिहरूमा समेत सहज बहुमतमा रहेको फाइदा उठाउँदै ओलीले विधान महाधिवेशनको सर्वोच्चतालाई चुनौती दिँदै अनुकूल संरचना निर्माणका लागि विधान पारित गराएका छन् । ओलीले केन्द्रीय कमिटी बैठक र बन्दसत्र हलबाट समेत पदाधिकारीसहित केन्द्रीय सदस्यको संख्या बढाउने निर्णय सर्वसम्मत पारित गराए पनि यसले विधान महाधिवेशनको औचित्यमाथि भने प्रश्न उठाउने ठाउँ दिएको छ ।

गरिने कार्यतालिका सार्वजनिक भएको छ ।

कार्यतालिकाअनुसार आइतबार बेलुकी ७ बजे मतदाता नामावली प्रकाशन हुनेछ । सोमबार बिहान ८-९ बजेसम्म नामावलीउपर दाबी/विरोध तथा ९:३० बजे त्यसको सूचना प्रकाशन गरिनेछ । त्यस्तै, सोमबार १०:१५ बजे अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ । त्यसैगरी, सोही दिन बिहान ९-१२ बजेसम्म उम्मेदवारको दरखास्त फाराम वितरण गरिनेछ । आयोगका अनुसार मंगलबार बिहान ११ बजेदेखि बेलुकी ५ बजेसम्म मतदानको कार्यक्रम तय भएको छ ।

उम्मेदवारहरूको मनोनयन सकिएपछि विद्युतीय मतदान गराउनुपर्ने भएकाले विद्युतीय भोटिङ मेसिनमा सबै उम्मेदवारहरूको फोटोसहितको नाम स्टोर गर्नुपर्ने हुन्छ । त्यसका लागि करिब १५ घण्टाको समय लाग्ने जानकारी दिँदै आयोगका अध्यक्ष डा. विजय सुब्बाले त्यसपछि मात्र निर्वाचन सुरु हुने बताए ।

प्यानल बनाउन गुन्डु र थापागाउँमा राति अबेरसम्म छलफल

सोमबार बिहानबाट निर्वाचन प्रक्रिया अगाडि बढ्ने भएपछि अध्यक्षका उम्मेद्वार ओली र पोखरेलले टिम निर्माणका लागि राति अबेरसम्म छलफल चलाएका छन् । टिम बनाउन ओलीले गुन्डु निवासमा र पोखरेलले थापागाउँस्थित मदन भण्डारी फाउन्डेसनको कार्यालयमा राति अबेरसम्म छलफल गरेका छन् । 'रातभरिमा टिम निर्माण टुंगिन सक्छ, अध्यक्ष कमरेड धेरै लचिलो बन्नुभएकाले अर्को पक्षसँग कुनै नयाँ समझदारी हुन पनि सक्छ, दुवै बराबरी सम्भावना छ,' ओलीनिकट एक नेताले भने । उता, पोखरेल समूहले पदाधिकारीसहित भूगोलसमेत केन्द्रीय सदस्यको सबै समूह र खुलामा तलैबाट उम्मेदवारी दिने गरी प्यानलका लागि छलफल चलाएको छ । सोमबार बिहानसम्म टिम निर्माणले आकार लिने उनीनिकट एक नेताले बताए ।



पारित नयाँ विधानअनुसार एक अध्यक्ष, पाँच उपाध्यक्ष, एक महासचिव, तीन उपमहासचिव र नौ सचिवसहित १९ जना पदाधिकारी महाधिवेशनबाट निर्वाचित हुनेछन् । अघिल्लो महाधिवेशनबाट निर्वाचित वरिष्ठ उपाध्यक्ष पद भने हटाइएको छ । वरिष्ठ उपाध्यक्ष पोखरेल ओलीलाई टक्कर दिन अध्यक्षका उम्मेदवार बनेर प्रतिस्पर्धा गर्ने तयारीमा छन् ।

ओलीले बहुमतको बलमा विधान महाधिवेशनको सर्वोच्चतालाई नै अस्वीकार गरेको आरोप लगाउँदै केन्द्रीय कमिटी बैठकमा वरिष्ठ उपाध्यक्ष पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डेलगायतले प्रतिवाद गरेका छन् । उनीहरूले शुक्रबार केन्द्रीय सचिवालय बैठकमा कमिटीको आकार नबढाउने गरी निर्णय भएको प्रसंगसमेत ओलीलाई सम्झाएका थिए । तर, आफ्नै समूहभित्र महासचिवसहित पदाधिकारीका र केन्द्रीय सदस्यका आकांक्षी मिलाउनुपर्ने दबाबमा रहेका ओलीले कसैका कुरै सुन्न चाहेनन् ।

'के हाम्रा विधानहरू अस्थायी हुन् र ? हिजो विधान अधिवेशनअगाडि संख्या घटाऔं भन्ने, अनि आज फेरि कोटाका नाममा त्यही संख्या बढाऔं भन्ने- यो सरासर मनपरी होइन भने के हो ? अहिले आएर दायाँ-बायाँ गर्ने हो भने विधान अधिवेशनको औचित्य नै समाप्त हुन्छ,' विधान संशोधन गराउने ओलीको कदममाथि पाण्डेले प्रतिक्रिया जनाएका छन्, 'यो मनपरीतन्त्रको विरुद्धको लडाइँ जारी छ । पार्टी विधान, विधि र प्रक्रियाअनुसार चल्नु अनिवार्य छ ।'

संस्थापन पक्षधर नेताहरूले भने योग्यहरू नछुटुन् भन्नका लागि कमिटीको आकार बढाइएको दाबी गरेका छन् । 'काम गरेका योग्य साथीहरू नछुटुन् भन्नका लागि कमिटीको आकार बढाइएको हो,' सचिव तथा महाधिवेशन प्रचार समिति संयोजक पद्मा अर्यालले नयाँ पत्रिकासँग भनिन्, 'हिजो सँगै काम गरेका साथीहरू समेट्न लचिलो भएको हो । पहिलादेखिकै अभ्यासलाई नै फेरि पुनर्स्थापित गरिएको मात्र हो ।'

अर्यालले केन्द्रीय कमिटी बैठकमा अध्यक्षको कार्यकारी पदमा एउटा व्यक्ति दुई कार्यकालभन्दा बढी उम्मेदवार बन्न नपाउने व्यवस्था गरिनुपर्ने प्रस्तावै नआएकाले बन्दसत्रमा प्रस्ताव नलगिएको दाबी गरिन् । 'कार्यकालको कुरा त्यहाँ उठेन, उठेको भए बन्दसत्रमा छलफल हुन्थ्यो,' उनले भनिन् ।

निर्वाचन कार्यतालिका प्रकाशित

संशोधित विधानअनुसार पार्टीको निर्वाचन आयोगले निर्वाचन कार्यतालिका प्रकाशित गरेको छ । जसअनुसार सोमबार प्रतिनिधिहरूको नामावली प्रकाशन, मंगलबार उम्मेदवारी मनोनयन र बुधबार निर्वाचन गरी परिणाम घोषणा यसरी हुँदै छ केन्द्रीय कमिटीको निर्वाचन

सचिव पद्मा अर्यालका अनुसार नयाँ विधानअनुसार सातवटा भूगोलसहित राजधानी उपत्यका विशेष र विशेष सम्पर्क समन्वय कमिटीसहित नौ प्रदेश हेर्ने गरी नौ सचिवको निर्वाचन हुनेछ । त्यस क्रममा सम्पर्क विशेषबाहेक ८ प्रदेशबाट नौ जनाका दरले ७२ जना केन्द्रीय कमिटी सदस्य निर्वाचित हुनेछन् । जसअनुसार प्रत्येक प्रदेशबाट पाँच खुला, तीन महिला र एक जना ४० वर्षमुनिका युवा निर्वाचित हुनेछन् । यसअनुसार ४० खुला, २४ महिला र ८ जना ४० वर्षमुनिका युवा केन्द्रीय सदस्य निर्वाचित हुनेछन् ।

त्यस्तै, खुला कोटाबाट १ सय २५ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । जसअनुसार खुला ७१, महिला ५२ र ४० वर्षमुनिका युवा दुईजना निर्वाचित हुनेछन् । जनजाति र आदिवासी क्षेत्रबाट २५ जना निर्वाचित हुनेमा खुलाबाट १५, महिलाबाट आठ र युवाबाट दुईजना निर्वाचित हुनेछन् । त्यस्तै, मधेशी समूहबाट २० जना निर्वाचित हुनेमा ११ जना खुला, ६ जना महिला र दुई युवा, प्रवास क्षेत्रबाट दुई जनामध्ये एकजना भारत र अन्य देशबाट एकजना निर्वाचित हुनेछन् । त्यस्तै, श्रमिक समूहबाट एक महिलासहित तीन, अपांगता भएका व्यक्ति खुला एक, दलित समूहबाट १२ जनामध्ये खुला सात, महिला चार र युवा एक निर्वाचित हुनेछन् ।

थरू समूहबाट आठ जनामध्ये पाँच खुला र तीन महिला निर्वाचित हुनेछन् भने मुस्लिमबाट पाँच जनामध्ये चार खुला र एक महिला, पिछडिएको क्षेत्रबाट दुईमध्ये एक खुला र एक महिला निर्वाचित हुनेछन् । केन्द्रीय कमिटीको एक तिहाइ ९९ सय सदस्यीय पोलिटब्युरो र त्यसको एक तिहाइ स्थायी समिति बनाइने गरी विधान संशोधन भएको छ । यसअघि स्थायी समितिको संरचना राखिएको थिएन ।

बन्दसत्र स्थलमा टिकटक सुटिङ, सेल्फी स्थलदेखि ई-पुस्तकसम्मको आकर्षण

एमालेले राष्ट्रिय महाधिवेशनको बन्दसत्र स्थललाई डिजिटलमय र सोसल मिडियामैत्री बनाएको छ । महाधिवेशन स्थलमा प्रतिनिधिहरूदेखि अन्य सहभागीसम्मका लागि टिकटक सुटिङस्थल आकर्षणको केन्द्र बनेको छ ।

भृकुटीमण्डपको मूल गेटबाट प्रवेश गर्नेबित्तिकै दाहिनेतिर टिकटक सुटिङस्थल राखिएको छ । जहाँ, इच्छुकहरूले पार्टीको गीतमा होस् या आफूलाई मन परेको गीतमा धितनमरुन्जेल सुटिङ गर्न पाउँछन् । सुटिङका लागि उभिएर पोजिसनमा बस्ने स्थल र सेल्फी स्टिक राखिएको छ भने स्वयंसेवकहरूले टिकटक सुटिङ गर्नेहरूलाई सघाइरहेका छन् । बन्दसत्रको पहिलो दिन भएकाले टिकटक सुटिङ स्थलबारे अधिकांश प्रतिनिधिहरूलाई जानकारी नै नभएको स्वयंसेवकहरूले बताए ।

बन्दसत्र स्थल प्रवेशका लागि भृकुटीमण्डप पार्क हुँदै अगाडि बढ्नुपर्ने हुन्छ । पार्कमा ओलीको तस्बिरसहित सेल्फी खिच्ने स्थल बनाइएको छ । जहाँ अरू तरिकाले पनि फोटो खिच्न सकिन्छ । फोटो खिच्न बसिरहँदा अगाडिको स्क्रिनमा आफ्नो पोजिसन हेरेर फोटोफ्रेन्डली पोज दिन सकिन्छ । आसपासमा कफीसपदेखि पुस्तक पसलका स्टल राखिएका छन् ।

पार्क क्रस गरेर दाहिनेपट्टि लागेपछि पन्डालभित्र पुगिन्छ । जहाँ दुई हजार २६२ जना प्रतिनिधिहरूले बन्दसत्रको छलफलमा भाग लिइरहेका हुन्छन् । पन्डालको दक्षिणतिर एमालेले ७५औँ वर्षगाँठका अवसरमा नेपाली कम्युनिस्ट आन्दोलनको इतिहाससम्बन्धी पुस्तकलाई ई-पुस्तकका रूपमा प्रदर्शनीका लागि राखेको छ ।

सोनामको...

पृष्ठ १ बाट क्रमशः

बताउँछन् । शेर्पालाई पक्राउ गर्न गत २६ कात्तिकमा जिल्ला अदालत, काठमाडौंले अनुमति दिएको थियो । तर, त्यसविरुद्ध थामसेर्कु ट्रेकिङले उच्च अदालत पाटनमा निषेधाज्ञाको निवेदन दियो । जसमा उच्च अदालतका न्यायाधीश गोपालप्रसाद बाँस्तोलाको इजलासले उनलाई पक्राउ नगर्न २ मंसिरमा अन्तरिम आदेश गऱ्यो । सो आदेशपछि हिरासतमा नराखी प्रहरीले उनको बयान लिन सक्थ्यो । तर, शेर्पा भूमिगत भएकाले बयान लिन नसकिएको सिआइबीका अधिकारी बताउँछन् ।

ट्रस्टको दरबारमार्गस्थित जग्गा लिजमा दिँदा शृंखलाबद्ध रूपमा ठगी भएको सिआइबीको अनुसन्धानले देखाएको थियो । प्रहरीले संगठित अपराधको कसुरमा अनुसन्धान गर्नसमेत अनुमति पाएको थियो । जसअनुसार आरोपीलाई ६० दिनसम्म हिरासतमा राखेर सिआइबीले अनुसन्धान गर्न पाउँछ । तर, एक महिना पुगेलगत्तै सिआइबीले अनुसन्धान प्रतिवेदन बुझाएको छ । जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका प्रमुख रामहरि शर्मा काफ्लेले सिआइबीले बुझाएको अनुसन्धान प्रतिवेदन अध्ययनकै क्रममा रहेको बताए ।

टेन्डरको क्रममा कागज नै हेरफेर गरेर दरबेट घटाउनेदेखि सडक विभागको जग्गासमेत घुसाएर लिजमा दिने तथा तीनतलाको सम्झौता भएकोमा पाँच तला बनाएर व्यापार गरेको विषयमा सिआइबीले अनुसन्धान गरेको हो । उच्चतहको राजनीतिक संलग्नतामै यो घोटाला भएको आशंका गरिएको छ । यद्यपि, सिआइबीको अनुसन्धान तत्कालीन सचिवभन्दा माथि जान सकेन । यद्यपि, सोही समयमा यती समूहबाट केही उच्चपदस्थ नेताका पिएले सम्पत्ति 'किनेको' देखिएकाले त्यसउपर भने छानबिन भइरहेको स्रोत बताउँछ ।

पूर्वमेयर...

पृष्ठ १ बाट क्रमशः

गरेको हो । अकुत सम्पत्ति श्रीमती मन्दिरा चालिसे, छोराहरू सागर चालिसे र सञ्जीव चालिसे तथा बुहारी प्रमिला पोखरेलको नाममा रहेकाले उनीहरूलाई समेत सम्पत्ति जफतका लागि प्रतिवादी बनाइएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले बताए । अकुत सम्पत्ति उनले मेयर भएको समयमा कमाएको अख्तियारले जनाएको छ । गोकर्णेश्वर नगरपालिकाको मेयर पदमा शपथ लिएको दिन ८ जेठ ०७४ देखि ३२ असार ०७९ सम्मको पाँच वर्षको सम्पत्ति जाँच गर्दा अस्वाभाविक वृद्धि भेटिएको हो । ०७९ को संसदीय निर्वाचनमा उनी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी संसद्‌को अर्थ समितिको सभापतिसमेत थिए । तर, संसद् भएपछिको उनको सम्पत्ति भने छानबिन भएको छैन ।

सम्पत्ति शुद्धीकरण कसुरमा छुट्टै अनुसन्धान

भ्रष्टाचारको सम्पत्ति लुकाउन प्रयास गरेकोमा सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अख्तियारले छुट्टै अनुसन्धान थालेको छ । उनले अकुत सम्पत्ति शुद्धीकरण गर्ने उद्देश्यले ल्हाक्पा सोनाम शेर्पासँग ऋण लिएको भनेर गोकर्णेश्वर- ८ का कार्यवाहक अध्यक्ष नन्दलाल श्रेष्ठले प्रमाणित गरिदिएका थिए । त्यस्तै, उनका छोरा सागर चालिसेले शिवम् बचत तथा ऋण सहकारी संस्थाबाट लिएको ऋण तथा फुच्चु फनपार्कमा गरेको लगानी आफूले गरिदिएको भनेर सागर घिमिरेले कागज गरेका छन् । यो विषयमा पनि अख्तियारले विस्तृत छानबिन थालेको छ । भ्रष्टाचारको सम्पत्ति जोगाउनकै लागि यसरी लेनदेनका नक्कली कागजात बनाउने र त्यसलाई वडा कार्यालयबाट समेत प्रमाणित गराउने प्रवृत्ति देखिएको अख्तियारले जनाएको छ । साथै, चालिसेले ०७७/७८ मा सम्पत्ति विवरण नबुझाएको हाल अनुसन्धानमा खुलेको थियो । त्यस विषयमा जरिवाना गराउन अख्तियारले राष्ट्रिय सतर्कता केन्द्रलाई लेखी पठाएको छ ।

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal

Invitation for Bids

Contract Identifiction no.: ANFA/BID/VEH/NCB/16/082-83

Date of Publication: 15th December, 2025

1. The **All-Nepal Football Association ANFA, Satdobato** invites bids from eligible bidders for the **"Supply and Delivery of Hatch back car (Petrol)"** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur Ph. No. 01-5201060 Email: procurement@the-anfa.com** or through ANFA website **www.the-anfa.com (more> download>general>NCB16)**
3. Bidders, submitting their bid, should deposit the cost of bidding document of **NRs. 3000 (Three Thousand Only)** in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. Bids must be submitted to the office **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or before **12.00 PM** on **15th January 2026**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 PM** on **15th January 2026** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur**. Bids must be valid for a goods or **90 days** from the date of bid opening and must be accompanied by a bid security, amounting to **NRs. 1,50,000/-** which shall be valid for **30 days** beyond the validity of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. **ANFA** reserves the sole right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

एमालेका...

पृष्ठ १ बाट क्रमशः

०१० मा जन्मिएका झवाली ०२६ देखि विद्यार्थी राजनीति हुँदै कम्युनिस्ट आन्दोलनमा लागेका थिए । ०३७ मा भूमिगत भएका उनी ०३८ मा पार्टीको गुल्मी जिल्ला सचिव भएका थिए । त्यसपछि पार्टीले खटाएको जिल्ला र अञ्चलमा उनी सक्रिय भए । गुल्मी, रूपन्देही, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेतलगायत जिल्लामा पार्टी निर्माण गर्दै हिँडे । लुम्बिनी, सेती, महाकाली अञ्चलसम्म भूमिगत रूपमा संगठन विस्तार गरे ।

०४६ को चौथो महाधिवेशनदेखि झवाली लगातार केन्द्रीय कमिटीमा छन् । ०५५ देखि स्थायी कमिटीमा र ०६५ को आठौं महाधिवेशनदेखि लगातार पदाधिकारी छन् । आठौं महाधिवेशनमा सचिव निर्वाचित भएका उनी नवौं र दसौं महाधिवेशनमा उपाध्यक्षमा निर्वाचित भएका थिए । पार्टी केन्द्रको स्कुल र संगठन विभागसमेत युवराजले चलाए । ०५४ मा राष्ट्रिय सभाको सांसद भए भने ०५६ मा विपक्षी दलको नेता बने । ०६० मा स्थानीय विकासमन्त्री भएका झवाली ०७० मा संविधानसभा सदस्य बने । झवाली शाही शासनकालमा एक महिना जेल परे । प्रतिगमनविरोधी आन्दोलनमा दर्जनौंपटक हिरासत पुगे ।

शाक्य पनि नेपाली राजनीतिमा अग्रणी नेतृ हुन् । ०१० मै जन्मिएकी उनी ०३६ मा भूमिगत राजनीतिमा होमिएकी थिइन् । शाक्यले कठिन समयमा पार्टीको काम गरेकी छिन् । आर्थिक रूपमा सम्पन्न परिवारमा जन्मिएकी उनले सहजसँग शिक्षादीक्षा र विलासी जीवन बिताएकी थिइन् । किशोरावस्थामै राजनीतिक चेतना जागेको उनले स्मरण गरिन् । चिनियाँ भाषा सिकेपछि चिनियाँ नेताहरूको किताब पढ्ने क्रममा नेपालमा पनि परिवर्तन गर्नुपर्छ भन्ने लागेर राजनीतिमा होमिएको उनी बताउँछिन् ।

लुकिछिपी राजनीति गर्दा शाक्यलाई घरमा कडाइ गरिएको थियो । घरबाहिरको हिँडडुलमा कडाइ गर्न थालेपछि उनी भूमिगत राजनीतिमा लागेकी थिइन् । ०३६ देखि ०४६ सम्म सिन्धुपाल्चोकदेखि झापासम्मका गाउँबस्तीमा राजनीतिक चेतना फैलाइन् । उनले तत्कालीन समयमा मेची अञ्चलको महिला संघको नेतृत्वसमेत गरेकी थिइन् ।

शाक्यले महिला संघको कार्यक्रम गर्दा इलाममा जेल परिन् । ०४६ मा झापामा पार्टी कमिटीको बैठक भइरहेका बेला शाक्यसहितका नेताहरू पक्राउ परेका थिए । प्रहरीले दैनिक यातना दिँदा पनि उनले हिम्मत हारिनन् । ०४६ मा बहुदल स्थापनापछि जेलमुक्त भएकी थिइन् ।

पार्टीको पाँचौं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भएकी शाक्य नवौं अधिवेशनबाट एमाले उपाध्यक्ष बनिन् । दुईपटक संघीय सरकारको मन्त्री बनेकी उनी पहिलो महिला मुख्यमन्त्रीसमेत हुन् । अघिल्लो कार्यकालमा उनी बागमती प्रदेशको मुख्यमन्त्री बनेकी थिइन् ।

एमाले पूर्वसांसद नारायण ढकाल झवाली र शाक्यको निर्णय प्रगतिशील र सकारात्मक भएको बताउँदै अध्यक्ष ओलीले भने समयको माग र जेन जी आन्दोलनको स्पिरिट नबुझेको बताउँछन् । 'झवाली र शाक्यको निर्णय प्रगतिशील र सकारात्मक हो । एमालेको परिमार्जित विधानले उहाँहरूलाई रोक्दैन थियो । तर, मुल्य मान्यता र नैतिकताको आधारमा उहाँहरूले छोड्ने निर्णय लिनुभयो, यो राम्रो कुरा भयो । अरु नेताले पनि झवाली र शाक्यबाट नैतिक शिक्षा लिदा राम्रो हुन्थ्यो,' उनले भने, 'तर, मुल नेतृत्व (केपी ओली) को छोड्ने छाँट देखिँदैन । उहाँ त आफू अनुकुल विधान नै संशोधन गरेर तेस्रोपटक अध्यक्ष बन्न खोज्दै हुनुहुन्छ । समयको माग र जेनजी आन्दोलनको स्पिरिट पनि उहाँले बुझ्न सक्नुभएन ।'

झवाली र शाक्यले देखाएको नैतिकताप्रति एमाले नेता काशीनाथ अधिकारीले सम्मान जनाए । झवाली र शाक्यले जस्तै अब पुराना नेताहरूले नयाँ पुस्तालाई उत्प्रेरित गर्नुपर्ने बताए । 'उहाँहरू लामो राजनीतिक इतिहास भएको नेता हुनुहुन्छ । उमेरलगायत आफ्नो मनस्थितिका कारणले अब पार्टीको थप जिम्मेवारी नलिने घोषणा गर्नुभयो । उहाँहरूले स्वाभाविक रूपमा नेतृत्वको दाबी छाड्नुभयो,' नेता अधिकारीले भने, 'नयाँ पुस्तालाई अगाडि बढाउनुपर्छ भन्ने उहाँहरूको सोचलाई सकारात्मक रूपमा लिनुपर्छ । हामीले नयाँ पुस्तालाई उत्प्रेरित गर्दै लानुपर्छ ।'

स्थायी कमिटी सदस्य केशव बडाल, पोलिटब्युरो सदस्य चुडामणि जंगली र दलबहादुर रानाले पनि एमालेको सक्रिय राजनीति नगर्ने घोषणा गरेका छन् । उमेरहदकै कारण विगतमा पनि एमाले नेताहरूले सक्रिय राजनीति छाडेका थिए । नवौं महाधिवेशनमा उमेरहदका कारण भरतमोहन अधिकारी र सिद्धिलाल श्रेष्ठले सक्रिय राजनीति छाडेका थिए ।

डेढ दशकदेखि सरकार खोजिरहेका क्रिकेट रंगशाला

निर्माण घोषणा गर्ने, तर समयमै पूरा नगर्ने सरकारी रबैयाले घाँसेमैदान बन्दै छन् करोडौँ लागतका क्रिकेट रंगशाला

पोखरामा **रोहितराज पराजुली**, धनगढीमा **तेजराज भट्ट**, भैरहवामा **दिपेश पछाई**, बाँकेमा **विश्वराज पछ्लडङ्ग्या**, दाङमा **दीपक बोहरा**, मकवापुरमा **पोष्टराज अधिकारी**

वर्षौंको जनदबाबपछि यतिवेला कीर्तिपुरस्थित क्रिकेट रंगशाला अन्तर्राष्ट्रियस्तरको बनेको छ। जहाँ हालै नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको प्रतियोगिता सम्पन्न भइसकेको छ। अघिल्लो संस्करणमा त्रिवि क्रिकेट मैदानको परिचय रुख चढेर क्रिकेट हेर्ने भनेर परिचित थियो। एक वर्षको सरकारको लगातारको अनुगमनपछि रंगशालाको स्वरूप फेरिएको हो। देशले हाम्रो पनि अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला छ है भनेर देखाउने ठाउँ बनेको छ त्रिवि क्रिकेट मैदान। देशका अन्य सहरमा पनि क्रिकेट रंगशाला नभएका होइनन्, तर डेढ दशकअघि निर्माण घोषणा गरिएका ती रंगशालाले आफ्नो अस्तित्व नै गुमाउँदै गएजस्तो देखिन थालेका छन्। २८ जेठ ०६६ मा शिलान्यास भएको मकवानपुरको गौरीटार रंगशाला, ०६८ मा रुपन्देहीको भैरहवामा निर्माण गर्ने भनिएको सिद्धार्थ क्रिकेट रंगशाला र काठमाडौंको मूलपानीमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला बनाउने भनिएको थियो। यस्तै, कैलालीको धनगढीस्थित फाप्ला मैदान र कास्कीको पोखरा क्रिकेट मैदानले अहिलेसम्म रंगशालाको स्वरूपसमेत ग्रहण गर्न सकेको छैन। कोहलपुर क्रिकेट मैदान त घाँसेमैदानमा परिणत भएको छ। यी रंगशालाले सरकारको विकासको नारालाई गिज्याइरहेका छन्।



बाँकेको कोहलपुरमा निर्माणाधीन एक हजार दुई सय दर्शक क्षमताको क्रिकेट रंगशाला गौचरनजस्तै बनेको छ।



१४ वर्षदेखि निर्माणाधीन भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदान।



एक दशकदेखि अलपत्र अवस्थामा धनगढीस्थित फाप्ला मैदान रंगशाला।

१० वर्षसम्म अलपत्र छ पोखरा क्रिकेट मैदान

पोखरा रंगशालामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट स्टेडियमसहित पूर्वाधार बनाउन ०७२ मा डिपिआर बनेको थियो। राष्ट्रिय खेलकुद परिषद्ले डिपिआर बनाएको १० वर्ष पुग्दा पनि कुनै काम भएको छैन। यहाँ २० हजार दर्शक क्षमताको स्टेडियम निर्माणका लागि एक अर्ब ६८ करोडको लागत अनुमान गरिएको थियो। हाल मैदानमा दुईवटा पिच छन्। सामान्य पूर्वाधारको शौचालयसमेत छैन। ०७२ मा डिपिआर तयार गरेपछि राखेपले ०७५ मा तीन करोड र ०७६ मा पाँच करोड बजेट विनियोजन गरेको थियो। तर, विनियोजन गरिएको तीन करोड फ्रिज भयो भने पाँच करोडको बजेट ठेक्का प्रक्रियामा गए पनि कोभिडका कारण काम हुन नसकेपछि लागेको ठेक्का पनि रद्द भएपछि बजेट केन्द्रमा फिर्ता गएको थियो।

पाँच करोड फिर्ता भएपछि राखेपले ०८१/८२ मा मैदानका लागि एक करोड बजेट विनियोजन गरेको थियो। सो बजेटबाट प्लेयर बक्स र त्यसमाथि प्यारापिट निर्माणको काम सुरु गरिए पनि बजेट अभावले पूरा हुन नसकेको पोखरामा कार्यरत राखेपका इन्जिनियर अनिल अधिकारीले बताए। चालू आर्थिक वर्षमा मैदानका लागि तीन करोड रकम विनियोजन भएको थियो। तर, अर्थ मन्त्रालयले तीन करोडसम्मका योजना रोक्का गरेपछि पोखरा क्रिकेट मैदान बजेटविहीन बन्न पुगेको छ। 'रकम रोक्का हुँदा गत आर्थिक वर्षमा निर्माण सुरु गरिएको काम पनि अलपत्र छ, ढलान गरिएको संरचना बजेट अभावका कारण फिनिसिङ हुन पाएको छैन,' उनले भने। क्यानका पूर्वकेन्द्रीय सदस्य ऋषिराम गौतमले राखेपले पोखरामा पूर्वाधार निर्माणका लागि कुनै चासो नदिएको बताए। 'पोखरालाई सिधै एक अर्ब ६८ करोडको स्टेडियम चाहिएको होइन। सुरुमा आवश्यक पूर्वाधार निर्माण गरेर पछि विस्तार गर्दै लग्न सकिन्छ,' उनले भने।

नेपाल र बंगलादेशमा सन् २०२७ मा हुने यू-१९ महिला विश्वकपका केही खेल पोखरामा समेत हुने भनिएको थियो। तर, पहिलो चरणका आधारभूत पूर्वाधार नहुँदा पोखरामा हुने भनिएका खेल अन्योलमा छन्। चार वर्षअघि आइसिसीले विश्वकप आयोजनाका लागि नेपाललाई सहआयोजक बनाउने निर्णय गरेको थियो। प्रतियोगिताको सहआयोजक बन्ने अवसर पाएको नेपालका तर्फबाट नेपाल क्रिकेट संघ (क्यान)ले दुई स्थान काठमाडौं र पोखरालाई आयोजना स्थल तोकेर आइसिसीलाई जानकारी दिएको थियो।

प्रतियोगिताका लागि एक वर्षअघि गत मंसिर ०८१ मा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)का दुई प्रतिनिधि सिनियर म्यानेजर रोहित पोडर र डेभलपमेन्ट अफिसर एमडी एम्युनल इस्लामल मैदान अवलोकनका लागि नेपाल आएका थिए। पोखरा पुगेका उनीहरूले मैदान अवलोकनपछि पोखरामा प्रतियोगिता आयोजनाका लागि आइसिसी सकारात्मक भएको बताएका थिए।

> **ऋषिराम गौतम**
> पूर्वकेन्द्रीय सदस्य, क्यान
>
> 
>
> राखेपले पोखरामा पूर्वाधार निर्माणका लागि कुनै चासो नदिएको पोखरालाई सिधै एक अर्ब ६८ करोडको स्टेडियम चाहिएको होइन। सुरुमा आवश्यक पूर्वाधार निर्माण गरेर पछि विस्तार गर्दै लग्न सकिन्छ।

सिद्धार्थलाई बहुवर्षीय योजना राख्न आग्रह

रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाउन सुरु गरेको १४ वर्ष बित्दा पनि १६ प्रतिशत मात्र काम भएको छ। क्रिकेट मैदान बनाउन १२ करोड खर्च भइसकेको छ। तीन करोड लागतमा हल, खेलाडी बस्ने ठाउँ र शौचालयसहितको तीनतले भिआइपी प्यारापिट निर्माण गरिएको छ। सुरुमा एक करोड १९ लाख रकम खर्च गरेर क्रिकेट संघको कार्यालयसहित एक तलाको पेभेलियन भवन बनाइएको थियो। त्यसपछि तीन वर्ष लगाएर मैदान सम्माउने काम भयो। अहिलेसम्म पेभेलियन भवनसहित ८९ लाखमा मैदान सम्याउने काम, ४० लाखमा तारजाली, ९० लाखमा ढल व्यवस्थापन, एक करोडमा पिच, पेभेलियन अगाडि टायल बिच्छ्याउने, गार्ड रुम, स्टोर रुम बनाइएको छ। ०६८ मा भैरहवा र मूलपानीमा अन्तर्राष्ट्रियस्तरको मैदान बनाउन सुरु गरिएको थियो। तर, मूलपानी मैदानले गति लिँदा भैरहवाको मैदान स्तरोन्नतिको काम भने सुस्त छ।

गौचरनजस्तै कोहलपुर क्रिकेट मैदान

बाँकेको कोहलपुरमा निर्माणाधीन एक हजार दुई सय दर्शक क्षमताको क्रिकेट रंगशाला गौचरनजस्तै बनेको छ। अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान बनाउन खेलकुद मन्त्रालयले दुई करोड विनियोजन गरे पनि पर्खाल लगाउने र प्यारापिटबाहेक अन्य संरचना निर्माण नहुँदा जिल्ला र प्रदेशस्तरीय प्रतियोगितामा खुम्चिनुपरेको छ। चार बिघा १९ कट्ठामा फैलिएको क्रिकेट मैदानलाई घाँसले ढाकेको छ। 'क्रिकेट मैदानमा प्यारापिटभन्दा पिच, चेन्जिङ रुम, बाथरुम, मैदानको लेबलिङ र ग्राफ्टिङ गर्न जरुरी छ,' नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान एलबी क्षेत्रीले भने, 'अहिलेको पिचमा जिल्ला र प्रदेशस्तरिय प्रतियोगिता गराउनसमेत नसकिने अवस्था छ।'

सरकारले आवश्यक पूर्वाधार निर्माण गर्न नसक्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेल हुन नसकेको क्षेत्रीले बताए। नेपालगन्जमा सम्पन्न आठौं राष्ट्रिय प्रतियोगिताका लागि कामचलाउ मैदान निर्माण भएपछि कोहलपुर नगरपालिकाको आर्थिक सहयोगमा पुनर्निर्माण गरेको थियो। आठौं राष्ट्रिय प्रतियोगिताका लागि निर्माण भएको पिच भत्काएर अर्को १० लाखमा बनाएको कोहलपुरका मेयर पूर्णप्रसाद आचार्यले बताए। पिच र अन्य संरचना निर्माणका लागि कोहलपुर नगरपालिकाले ३० लाख विनियोजन गरेको थियो। तर, नगरपालिकाले बनाएको पिच पनि अन्तर्राष्ट्रिय मापदण्डअनुसार छैन। 'कालो माटोको पिच हुनुपर्ने हो, तर यो क्रिकेट रंगशालाको पिच रातो माटोले गरिएको छ,' क्षेत्रीले भने, 'रातो माटोले बनेको पिचमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न मापदण्ड पुग्दैन।' नगरपालिकाको रकमबाट मध्य पश्चिम क्रिकेट क्लबले क्रिकेट मैदानमा दुईकोठे चेन्जिङ रुम, दुई कोठाको बाथरुम र टिकट घर निर्माण गरेको छ।

निर्माणको पर्खाइमा देशकै पहिलो फ्रेन्चाइज खेलाएको फाप्ला मैदान

दशकअघि देशकै पहिलो फ्रेन्चाइज धनगढी प्रिमियर लिग सञ्चालन भएको धनगढीस्थित फाप्ला मैदान रंगशाला निर्माणको पर्खाइमा छ। फाप्लामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माण गर्नुपर्ने माग उठेको दशकसम्म पूर्वाधार निर्माणको सुरुवातसम्म भएको छैन। नेपाल क्रिकेट संघ सुदूरपश्चिम प्रदेशका निवर्तमान अध्यक्ष हरि रेग्मीले सरकारको प्राथमिकतामा नपर्दा फाप्लामा रंगशाला निर्माण चर्चामै सीमित बनेको बताए। 'सरकारी उपेक्षाकै कारण रंगशाला निर्माणको आवाज उठेको १०-१२ वर्षसम्म पूर्वाधार निर्माणको सुरुवातै हुन सकेन,' उनले भने, 'रंगशाला बनेको भए एनपिएलजस्ता प्रतियोगिता यहाँ पनि सञ्चालन गर्न सकिने अवस्था हुन्थ्यो।' फाप्लावरिपरि तारबार लगाइएको छ। मैदान भने गौचरन बनेको छ। हरेक प्रतियोगिता गर्दा फाप्ला मैदानमा पिच बनाउन कम्तीमा ५-७ लाख रुपैयाँ खर्च गर्नुपर्ने अवस्था रहेको रेग्मीले बताए। फाप्लामा अन्तर्राष्ट्रिय क्रिकेट रंगशालासहित खेलग्राम निर्माणको डिपिआर गत वर्ष असोजमा मात्र पूर्वाधार निर्माण विकास समितिबाट स्वीकृत भएको छ। धनगढी उपमहानगरपालिका- ३ स्थित फाप्ला क्षेत्रको साढे ३८ बिघा सरकारी जमिन खेलग्रामको नाममा आइसकेको छ।

फाप्ला पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष सुवास शाही भने फाप्ला खेलग्रामको डिपिआर र इआइए स्वीकृत भइसकेकाले अब रंगशाला निर्माणको काम अघि बढ्नेमा आशा रहेको बताए। 'जग्गा प्राप्ति, डिपिआर निर्माणलगायत सबै प्रक्रिया पूरा भएर पूर्वाधार निर्माण सुरु गर्न 'बेस' तयार भएको छ,' शाहीले भने, 'अब पूर्वाधार निर्माणको चरण सुरु हुन्छ।' फाप्लामा डिपिएल गर्नुका साथै त्यसवेला 'ड्रिम' फाप्ला अभियान सुरु गरेका शाहीको अध्यक्षतामा सरकारले जेठ ०७९ मा पूर्वाधार विकास समिति गठन गरेको थियो। समितिका अनुसार गठन भएको सुरुका दुई वर्ष सरकारले डिपिआर बनाउन बजेट दिएन। डिपिआर र इआइएमा ६० लाख रुपैयाँ खर्च भएको समितिले जनाएको छ। डिपिआरअनुसार ५० हजार दर्शक अट्ने क्षमताको क्रिकेट रंगशाला, फुटबल मैदान, म्युजियम, आवास, होटेल, अस्पताललगायत अन्य व्यावसायिक संरचना निर्माण हुनेछन्। निर्माणको लागत २६ अर्ब अनुमान गरिएको छ। ०६९ मा अन्तरकलेज एसपिए कप क्रिकेट फाप्ला मैदानमा भएपछि यसको चर्चा सुरु भएको थियो। नेपाल क्रिकेट संघ कैलाली जिल्ला अध्यक्ष विक्रम विष्टले डिपिआर बन्नु उपलब्धि भए पनि त्यसअनुसार पूर्वाधार निर्माण हुनेमा विश्वास नरहेको बताए। राज्यले २६ अर्ब खर्च गर्ने अवस्था नरहेकाले क्रिकेट रंगशाला निर्माण कार्य पनि ओझेलमा पर्छ भन्ने लागेको उनले बताए।

तयार भएका रंगशालामा पनि हुँदैनन् प्रतियोगिता

दाङको देउखुरीस्थित लमहीमा अन्तर्राष्ट्रिय मापदण्डको क्रिकेट रंगशाला निर्माण भएको छ। राष्ट्रियस्तरका खेल खेलाउन सकिने रंगशाला तयार भए पनि पछिल्लो एक वर्षयता खेल नै भएका छैनन्। खेल नहुँदा अहिले मैदानमा घाँस उम्रिएको छ। लमही नगर विकास समितिको आठ करोड लगानीमा रंगशाला निर्माण भएको हो। अहिले संरक्षणको काम पनि लमही नगर विकास समितिले नै गरिरहेको छ। समितिका इन्जिनियर तुलसी अर्यालले खेल नहुँदा मैदानमा घाँस उम्रिने गरेको बताए। 'घाँस काट्दा खर्च मात्रै हुन्छ। खेल नहुने समस्या छ,' उनले भने। रंगशालामा ३९० सिटको भिआइपी प्यारापिट र दुई हजार सिटको दर्शक प्यारापिट छ। चार हेक्टरमा फैलिएको रंगशालाको बाउन्ड्री ८१ मिटर छ। विगतमा राष्ट्रपति रनिङ सिल्ड, मेयर कप हुने गरेको भए पनि पछिल्ला वर्षमा ती पनि भएका छैनन्। मैदानमा आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता पनि भएको थियो। नेपाल क्रिकेट संघ (क्यान)ले सेड्युल बनाएर खेल खेलाउनुपर्ने उनले बताए। रंगशालामा एनपिएल हुन सक्ने क्षमताको रहेको क्रिकेट संघ दाङका अध्यक्ष प्रदीप मजगैयाले बताए। तर, सरकारले यो रंगशालाको महत्त्व बुझ्न नसकेको उनको भनाइ छ। हाल रंगशालाका १५ वटा व्यापारिक सटरबाट मासिक डेढ लाख आम्दानी हुने गरेको छ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका- ६ स्थित गौरीटार अन्तर्राष्ट्रिय रंगशालापरिसरमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण अन्तिम चरणमा पुगेको छ। क्रिकेट मैदानमा ६ सय दर्शक क्षमताको प्यारापिट, पाँचवटा पिच, १४० मिटर व्यासको खेलमैदान, भूमिगत ड्रेनेज प्रणाली, खेलाडीका लागि चेन्जिङ रुमलगायत संरचना अन्तिम चरणमा छन्। साथै, मिडिया कक्ष, स्कोर बोर्ड, पार्किङ क्षेत्रलगायत आधुनिक आवश्यक सुविधा पनि समेटिएका छन्। गौरीटार क्रिकेट मैदानको ९९ प्रतिशत काम सम्पन्न भइसकेको र घेराबारको काम मात्रै बाँकी रहेको प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपक लामाले बताए। उनका अनुसार परियोजना ०८२ मंसिरभित्र निर्माण सक्ने लक्ष्य छ। एसएनएस/पिएल/एचकेसी जेभीले २० चैत ०८० मा नौ करोड ४२ लाख ८२ हजारमा ठेक्का लिएको थियो। कम्पनीले तोकिएको समयसीमाभित्र निर्माण सम्पन्न गर्ने प्रतिबद्धताअनुसार काम भइरहेको सदस्यसचिव लामाले बताए। वर्षौंदेखि बजेट अभाव, बेवास्ता र स्वामित्व विवादकै कारण थन्किएको आयोजना बागमती प्रदेश सरकारको प्राथमिकतामा परेपछि तीव्र गतिमा अघि बढेको हो। २८ जेठ ०६६ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले शिलान्यास गरेको गौरीटार रंगशाला पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य थियो।

दाङको लमही क्रिकेट रंगशाला तयार भईसके पनि अहिलेसम्म अन्तर्राष्ट्रिय प्रतियोगिता हुन सकेको छैन। रंगशाला ८ करोड लागतमा निर्माण भएको हो। यो रंगशाला नगर विकास समितिले निर्माण गरेको हो।

संक्षेप

भारतीय राजदूत श्रीवास्तवको सघन कक्षमा उपचार हुँदै, स्वास्थ्य सुधारोन्मुख

काठमाडौं/ भारतीय राजदूत नवीन श्रीवास्तवको स्वास्थ्य अवस्थामा सुधार देखिएको छ। चम्पादेवी मन्दिर क्षेत्रमा शनिबार हाइकिङमा जाँदा अचेत अवस्थामा ढलेका उनलाई तत्काल उद्धार गरी नेपाली सेनाको हेलिकोप्टरमा ग्रान्डी अस्पताल लगेर भर्ना गरिएको थियो। उपचारमा संलग्न चिकित्सकहरूका अनुसार श्रीवास्तवको मुटुको देब्रे नसामा रक्तसञ्चार बन्द भएको थियो। रक्तसञ्चार खुलाउन अहिले स्ट्यान्ट राखिएको छ। स्पतालका हेलिकोप्टर रेस्क्यु इन्चार्ज माधव शर्माका अनुसार हाल उनको सघन कक्षमा उपचार भइरहेको छ। अवस्था खतरामुक्त छ। श्रीवास्तवको उपचारमा डा. रञ्जित शर्मा र डा. नरेश महर्जन संलग्न छन्। 'अहिले अवस्था निकै सुधारोन्मुख छ, तर उपचार जारी छ। अहिले अस्पतालमा भेटघाट बन्द गरिएको छ, एक-दुई दिनमा डिस्चार्ज हुने अवस्था छ,' शर्माले भने, 'समयमै अस्पताल ल्याइएकाले उपचार सहज र सम्भव भयो।' स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै अस्पताल प्रशासनले भेटघाटसमेत बन्द गरेको छ। श्रीवास्तवको टिमले पनि अस्पताललाई कुनै प्रेस नोट जारी नगर्न र भेटघाटमा नबोलाउन अनुरोध गरेको छ। उनको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर अस्पतालमा पुगेका भिभिआइपीहरूलाई समेत भेट्न दिइएको छैन।

कांग्रेसले बोलायो आकस्मिक बैठक

काठमाडौं/ कांग्रेसले केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक बोलाएको छ। कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टी कार्यालय सानेपामा सोमबार बिहान ९ बजे बस्ने गरी केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक बोलाएका हुन्। पूर्वकेन्द्रीय सदस्य तथा पूर्वमन्त्री आमोदप्रसाद उपाध्यायको निधनमा शोक प्रस्ताव पारित गर्न बैठक बोलाइएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। बैठकमा केन्द्रीय पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य र सातवटै प्रदेशका सभापतिलाई आमन्त्रण गरिएको छ। 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक ०८२ मंसिर २९ गते सोमबार बिहान ९ बजे पार्टीको केन्द्रीय कार्यालय, बिपी स्मृति भवन, बिपीनगर, ललितपुरमा बस्ने भएकाले केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य र सातवटै प्रदेश सभापतिहरूको उपस्थितिका लागि निर्देशानुसार अनुरोध गरिन्छ,' मुख्यसचिव पौडेलले जारी गरेको सूचनामा भनिएको छ। उपाध्यायको उपचारका क्रममा आइतबार निधन भएको थियो। उपाध्याय पूर्वशिक्षा तथा खेलकुदमन्त्री हुन्। यसअघि गत २८ असोजमा सुरु भएको बैठक १५ मंसिरमा सम्पन्न भएको थियो। बैठकले पुस अन्तिम साता १५औं महाधिवेशन गर्ने निर्णय गरेको थियो।

श्रीमतीको हत्या आरोपमा शेर्पा पक्राउ

संखुवासभा/ श्रीमतीको हत्या आरोपमा मादी नगरपालिका- ३ का ४९ वर्षीय प्रेम दोर्ची शेर्पा पक्राउ परेका छन्। गत ९ मंसिर राति करिब साढे १० बजे मादी नगरपालिका- ४ ओखरबोटे बजारबाट घर फर्किने क्रममा शेर्पा र उनकी ३७ वर्षीया श्रीमती मीना शेर्पाबिच सामान्य विषयमा विवाद भएको थियो। विवादका क्रममा बाटोमै कुटपिट गर्दा मीनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक धनबहादुर राजवंशीले बताए। प्रहरीका अनुसार घटनापछि शेर्पाले श्रीमती मीना बाटोबाटै बेपत्ता भएको भन्दै प्रहरी चौकी मादी मंगलबारेमा हुलियासहित निवेदन दिएका थिए। तर, खोजतलासका क्रममा उनीमाथि शंका लागेपछि प्रहरीले शेर्पामाथि नै अनुसन्धान अघि बढाएको थियो। उनले श्रीमतीको हत्या गरेको स्वीकार गरेका थिए। हत्यापछि राति नै मादी नगरपालिका- ३ स्थित आफ्नै अलैंची बारीमा खाडल खनी शवलाई त्रिपालमा बेरी गाडेको बयान दिएका थिए। इलाका प्रहरी कार्यालय चैनपुरबाट प्रहरी निरीक्षक परशुराम राईको कमान्डमा खटिएको टोलीले उत्खनन गर्दा जमिनमुनि त्रिपालले बेरेको अवस्थामा सडे-गलेको शव फेला परेको थियो।

आगलागीबाट एकको मृत्यु, एक करोड ३६ लाखको क्षति

संखुवासभा/ चैनपुरमा आगलागी हुँदा एकजनाको मृत्यु भएको छ। आइतबार बिहान करिब साढे १० बजे चैनपुर नगरपालिका- ४ मैदाने श्यामचोकका ८८ वर्षीय दिलबहादुर लिम्बूको जलेर घटनास्थलमै मृत्यु भएको हो। श्याम लिम्बूकी श्रीमती ४५ वर्षीय माया लिम्बू घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक धनबहादुर राजवंशीले बताए। उनका अनुसार लिम्बूको ढुंगा-सिमेन्टले बनेको पक्की घरको ढलानमाथि जस्ताको छानो र जस्ताको बेरा बनेको घरमा ग्यास लिक भई आगलागी भएको हो। आगलागीबाट ढलानमाथि रहेको जस्ताको छानो र जस्ताको बेरा भएको घर, घरभित्र रहेको १५० मन अलैंची, १४ तोला सुन, १० लाख नगद, किराना पसलको सामान, अन्नपात, भाँडावर्तन र लत्ताकपडासमेत पूर्ण रूपमा नष्ट हुँदा एक करोड ३६ लाखबराबरको क्षति भएको अनुमान गरिएको छ।

नियमित परीक्षामा अनुत्तीर्ण भन्दै शिक्षकले कुटे विद्यार्थी

बागलुङमा **नारायण रिजाल**

बागलुङको बरेङ गाउँपालिका- २ मा रहेको पुरुषोद्धय माध्यमिक विद्यालयका एक शिक्षकले ११ विद्यार्थीलाई कुटपिट गरेका छन्। अर्थशास्त्रका शिक्षक मिथलेश अधिकारीले नियमित परीक्षामा अर्थशास्त्र विषयमा अनुत्तीर्ण कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई २३ र २४ मंसिरमा कुटपिट गरेको खुलेको हो। कक्षा १२ का १५ मध्ये चारजना मात्र अर्थशास्त्रमा उत्तीर्ण भएका थिए। विद्यार्थी तिर्सना परियारले पास नभएका विद्यार्थीलाई जति नम्बर पुगेको छैन त्यति नै लौराले कुटेको बताइन्। 'मेरो पनि चार नम्बर नपुग्दा चार लौरो पिटाइ खाएँ। परिवारको डरले कसैलाई भन्न सकेका थिएनौं। शनिबार नुहाउने क्रममा परिवारमा थाहा भयो, त्यसपछि बल्ल कारण खुलाएकी हुँ,' उनले भनिन्।

शिक्षक अधिकारीको कुटाइबाट छोरीको खुट्टाको पिँडुलामा नीलो डाम बसेको तिर्सनाका बाबु दीपेन्द्र परियारले बताए। दीपेन्द्रले आफ्नी छोरीसहित ११ जनाले शिक्षकबाट कुटाइ खाएको बताए। यो घटना मेरी छोरीमाथि मात्र होइन, उनका अन्य साथीलाई पनि शिक्षक अधिकारीले कुटुनुभएको रहेछ। यो बारम्बार हुने गरेको घटना रहेछ,' उनले भने, 'विद्यार्थीले कम अंक ल्याए, अनुत्तीर्ण भए भनेर निर्घात कुट्न शिक्षकलाई कसले अधिकार दियो ? यो कानुनविपरीत छ, विद्यालयलाई ध्यानाकर्षण गराएका छौं। शिक्षकलाई कानुनी कारबाहीमा ल्याउनुपर्छ।'



शिक्षकको कुटाइले छात्रा तिर्सना परियारको पिँडुलामा नीलडाम

प्रधानाध्यापक मनबहादुर श्रीशले विद्यार्थीबाट गल्ती भए पनि कुटपिट गर्नु र यातना दिनु राम्रो नरहेको बताए। विद्यालयले आइतबार विज्ञप्ति जारी गर्दै शिक्षक अधिकारीले विद्यार्थीलाई कारबाहीस्वरूप लट्ठी प्रयोग गरेको र घटनाप्रति आत्मालोचना गरेको जनाएको छ। 'कुनै पनि विद्यार्थीलाई शारीरिक तथा मानसिक रूपमा असर पर्ने गरि चोट पुऱ्याउनु गलत वा जटिल परिस्थिति भएको हुँदा सम्बन्धित शिक्षकलगायत अन्य शिक्षकबाट पनि आगामी दिनमा यस किसिमका घटना दोहोरिएमा कानुनसम्मत अघि बढ्न विद्यालय प्रशासन कटिबद्ध रहेको जानकारी गराउँदछौं,' विज्ञप्तिमा भनिएको छ।

बरेङ गाउँपालिका शिक्षा अधिकृत सूर्यप्रसाद शर्माले घटनाबारे बुझ्नेर आवश्यक कारबाही प्रक्रियाको थालनी गर्ने बताए।

ओलीको गृहनगर दमकमा जेन-जीको जागरणसभा

झापा/ एमाले अध्यक्ष केपी शर्मा ओलीको गृहनगर दमकमा जेन-जी समूहले आइतबार जागरणसभा गरेको छ। काठमाडौंमा एमालेको ११औं महाधिवेशन चलिरहेका वेला जेन-जीहरूले झापा ५ मा जागरणसभा गरेका हुन्। नेपाल जेन-जी फ्रन्ट झापाको आयोजना र अग्रगामी झापा ५ को संयोजनमा भएको कार्यक्रममा जेन-जी अगुवा रक्षा बम, यतिश ओझा र उपार्जुन चाम्लिङले सम्बोधन गरेका थिए। दमक चोकबाट उनीहरू सांकेतिक विरोधस्वरूप ताली बजाउँदै कार्यक्रमस्थल गोर्खा डिपार्टमेन्टको प्रांगण पुगेका थिए।

यद्यपि, एमाले महाधिवेशन र ओलीको निर्वाचन क्षेत्रको यो कार्यक्रम संयोग मात्र भएको नेपाल जेन-जी फ्रन्टकी संयोजक रक्षा बमले बताइन्। 'हाम्रो यो जागरणसभा र एमालेको महाधिवेशन एकैपटक पर्नु संयोग मात्र हो,' उनले नयाँ पत्रिकासँग भनिन्, 'तर, पक्कै पनि यो सभाले एमालेको महाधिवेशनमा पनि केही सन्देश दिएको होला।'

जेन-जी विद्रोहका क्रममा प्रधानमन्त्री रहेका ओलीको निर्वाचन क्षेत्रबाट नेपाल जेन-जी फ्रन्टले जागरण अभियानको सुरु गरेको हो। यो अभियान सम्भव भएसम्म देशभर लैजाने योजना रहेको संयोजक बमले बताइन्। 'यो सुरुवात हो। देशभर कार्यक्रम गर्ने योजना छ। सबैमा चेतना जगाउन पनि जरुरी छ। तर, हामीसँग स्रोतको सीमितता छ,' उनले भनिन्, 'जेन-जी आन्दोलनबारे नकारात्मक भ्रम फैलाइएको छ। भदौ २३ मा सामान्य दुई माग लिएर विद्रोहमा गएका थियौं। एउटा भ्रष्टाचार निर्मूल पार्नुपर्छ भन्ने र सामाजिक सञ्जालको प्रतिबन्ध हटाउने मुद्दा थियो।' तर, यसको बदलामा गोली पाएको उनले बताइन्। अहिले पनि २३ भदौलाई बिर्सेर जनताले २४ भदौ मात्रै यादमा राखिएको हो कि भन्ने त्रास भएको बमले बताइन्।



जेन-जी फ्रन्टले आयोजना गरेको कार्यक्रम।

बमले ओलीलाई प्रश्न गर्न ओलीको निर्वाचन क्षेत्र झापा ५ को दमकबाट नै अभियान सुरु गरिएको बताइन्। 'यो तत्कालीन प्रधानमन्त्रीको नगर भएकाले यहाँबाट अभियानको सुरुवात गरेका हौं। विद्रोहमा हामीले प्रश्नको बदलामा गोली पाएका थियौं। हामी झापा ५ मा प्रश्न र उत्तर लिएर आएका हौं,' उनले भनिन्, 'आन्दोलनमा नरसंहार भयो। अब पनि यस्तै नेतृत्व चयन गर्ने कि विकल्प दिने भनेर सोध्न आएका हौं। झकझक्याउन आएका हौं। हामी हेरिरहेका छौं र खबरदारी गरिरहेका छौं। यो हाम्रो खबरदारी हो। हामी सक्षम र जनताको कुरा सुन्ने नेतृत्व चुन्नुहुन्छ भन्ने अपेक्षा लिएर आएका हौं।'

जेन-जी अभियन्ता यतिश ओझाले सडक नागरिकको भएको भन्दै सडक नछोड्ने बताए। उनले अन्याय, भ्रष्टाचारको विरुद्ध र सुशासनको पक्षमा सधैं सडकमा लड्ने बताए। उनले देशमा जे-जति नराम्रो काम भए त्यो झापा ५ बाट गएको नेतृत्वले गरेका कारण जागरणसभाका लागि दमक रोजिएको बताए।

जागरणसभामा जेन-जी अगुवा उपार्जुन चाम्लिङले देशभरबाट युवा, नयाँ विचार र परिवर्तनलाई स्वागत हुँदै गएको बताए। उनले जेन-जी विद्रोहबारे अपव्याख्या भइरहेको बताए। उनले भदौ २३ र २४ को आन्दोलनले बेथितिलाई चुपचाप सहेर बस्ने नसक्ने सन्देश दिएको बताए। उनले २१ फागुनमा चुनाव हुनैपर्ने बताए। 'चुनाव नहुने हो भने यो सरकारसँग दुईवटा विकल्प छ। कि अधिनायकवादतर्फ जाने कि त संसद् पुनर्स्थापना गर्ने। हामीले कुन रोज्ने हो ? अधिनायकवादतर्फ जाने हो भने हिजोकै जस्तो सत्ता आउने हो। संसद् पुनर्स्थापनातर्फ जाने हो भने फेरि पनि गुन्डुका गुन्डाहरूलाई संसद् भवन जिम्मा दिने हो,' उनले भने।

अर्थतन्त्र सुधारको दिशा

सुस्ताएको अर्थतन्त्रलाई सबल बनाएर गति दिन अनुत्पादक साधारण खर्च कटौती गरी थप स्रोतसाधन परिचालन गर्नुपर्छ



● प्रेमलकुमार खनाल

अग्रलेख

संविधानले समाजवादको दिशामा मुलुकलाई अगाडि बढाउने दिशाबोध गरेको छ। संविधान जारी भएको १० वर्षमा पनि संविधानअनुरूपको आर्थिक नीति अवलम्बन भएन। वामपन्थीहरू होऊन् वा बुर्जुवा पुँजीवादी, दुवै खेमाका दलहरू सरकारमा गएर नवउदारवादी अर्थनीतिलाई नै अवलम्बन गरे। परिणामस्वरूप न त मुलुकमा उत्पादन बढ्यो न त रोजगारी नै। सत्ता रसास्वादनका लागि विचार र सिद्धान्त फरक-फरक भएका राजनीतिक दलहरूले नै आपसमा मिलेर गठबन्धनको सरकार बनाउने काम गरे।

वामपन्थी दलहरू सरकारमा गएर वामपन्थको 'इथिक्स'बाट मात्रै काम गरेको भए मुलुकमा यति धेरै बेथिति हुने थिएन। वामपन्थीहरू सरकारमा गएपछि नीति, विचार, कार्यक्रम, कार्यशैली र जीवनशैलीमा बुर्जुवाभन्दा भिन्न हुन सकेनन्। मुलुक संघीय शासन प्रणालीमा गइसकेको स्थितिमा संघमा मात्रै होइन, प्रदेश र स्थानीय सरकारमा पनि वामपन्थीले अधिकांश प्रदेश र स्थानीय तहमा नेतृत्व गर्ने अवसर प्राप्त गरेका थिए। तर, प्रदेश होस वा स्थानीय तह, कतै पनि उल्लेखनीय र उदाहरणीय हिसाबले काम हुन सकेन। विकासको नयाँ मोडेलबाट काम हुन सकेन। विकास निर्माणका नाममा कमिसन र भ्रष्टाचार मुलुकमा बढेर गयो। उत्पादन र रोजगारी बढाउनेतर्फ नीति तथा कार्यक्रम लागू भएनन्। वस्तु आयात गरेर मुलुक धान्ने नीतिले देशको स्वाधीनता र आत्मनिर्भरतामा चुनौती खडा गरिदियो छ। देशभित्रै रोजगारी सिर्जना गर्नुको सट्टा युवा श्रमशक्तिलाई जे गरेर भए पनि विदेशतिर धकेल्ने नीति अवलम्बन भयो। परिणामस्वरूप मुलुकमा आर्थिक विकास चुनौतीपूर्ण बन्यो।

मुलुकमा भर्खरै भएको जेन-जी युवाको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ भएर सरकारी, निजी तथा व्यापारिक भवनमा तोडफोड र आगजनी भयो। यसबाट ठुलो जनधनको क्षति भयो। प्रारम्भिक आँकडाअनुसार कुल गार्हस्थ्य उत्पादनको तीन प्रतिशत अर्थात् झन्डै दुईदेखि तीन खर्ब रकमबराबरको क्षति भएको आकलन गरिएको छ। निजी क्षेत्रमा पनि ८० अर्बबराबरको नोक्सानी भएको उल्लेख गरिन्छ। यस्तै, भर्खरै आएको बाढीपहिरोको विपत्का घटनाले अर्थतन्त्रमा ठुलो नोक्सानी पुगेको छ। बाढीपहिरोका कारण क्षति पुगेका सडक संरचना पुनर्निर्माणका लागि मात्र करिब १२ अर्ब ३८ करोड रुपैयाँ लाग्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। अब सरकारसामु सरकारी भवनको पुनर्निर्माणलाई अगाडि बढाउनुपर्ने अभिभारा छ।

क्षतिग्रस्त भवनको पुनर्निर्माणका सन्दर्भमा हिजो मोटो कमिसनका लागि जथाभावी रूपमा बनाइएका भवन जस्तै- प्रदेश प्रमुख र मुख्यमन्त्रीहरूको निजी आवास काठमाडौं उपत्यकामा बनाइएको थियो। यस्ता भवन पुनर्निर्माण गरी सुविधा उपलब्ध गराउने काम गर्नुहुँदैन। त्यस्ता ठाउँमा अब किफायती तवरमा अन्य प्रयोजनलाई पुनर्निर्माण गर्नुपर्छ। यस्तै, रुग्ण उद्योग र क्षतिग्रस्त उद्यमी, व्यवसायीका व्यवसायलाई सहुलियत उपलब्ध गराएर उधोगधन्दा व्यवसाय सुचारु रूपले सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ। मुलुकमा भएका पछिल्ला घटनाले अर्थतन्त्रमा संकुचनमा रहने देखिएको छ। चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशतमा सीमित हुने हालै विश्व बैंकको साउथ एसिया अपडेटले प्रक्षेपण गरेको छ। विश्व बैंकले यसअघि गत अप्रिलमा गरेको प्रक्षेपणअनुसार यस वर्ष ५.२ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरेको थियो। विश्व बैंकका अनुसार पर्यटन क्षेत्रमा अन्तर्राष्ट्रिय पर्यटक आगमनमा उल्लेख्य गिरावट आउने, सम्पत्तिमा भएको क्षतिले बिमा उद्योगलाई प्रत्यक्ष असर पर्ने, लगानीकर्ताको मनोबल घट्दा निजी लगानी र जलविद्युत्बाहेकका निर्माण कार्यमा अवरोध आउने देखिएको छ। यो वर्ष वर्षात् ढिला भएका कारण 'अन्नभण्डार' मानिने तराईमा धान उत्पादनमा पनि कमी हुने अनुमान छ।

यस आर्थिक वर्षको बजेट अघिल्लो सरकारले ल्याइसकेकाले यो सरकारलाई जेन-जी आन्दोलनमा क्षति भएको भौतिक संरचनाको पुनर्निर्माण, दैवीप्रकोपले क्षति पुगेका सडक पूर्वाधार निर्माण, २१ फागुनका लागि घोषणा गरेको निर्वाचन र आगामी प्रदेश र स्थानीय तहको निर्वाचनका लागि स्रोत जुटाउनुपर्ने चुनौती छ। आर्थिक क्षतिका कारण आर्थिक स्रोत व्यवस्थापनमा पनि चुनौती थपिएको छ। आन्दोलनका क्रममा निजी क्षेत्रका व्यापारिक प्रतिष्ठानमा पुगेको क्षतिले सरकारलाई राजस्व परिचालनमा थप समस्या उत्पन्न हुने देखिन्छ। यसरी अर्थतन्त्रमा देखिएको समस्या र संकुचनले गर्दा कुल राजस्व संकलनमा पनि असर पर्ने भएको छ। आन्दोलन र प्राकृतिक प्रकोपले पर्यटन क्षेत्रमा असर पुगेको छ र यसको असर अर्थतन्त्रमा परेपछि राजस्वमा संकलनमै असर पर्छ।



विश्व बैंकले नेपालमा देखिएका संरचनागत कमजोरीसमेत औंल्याएको छ। जटिल र अनिश्चित व्यापारिक वातावरण, व्याप्त भ्रष्टाचार, उच्च व्यापार र यातायात खर्च र अपर्याप्त पूर्वाधारजस्ता समस्याले निजी उद्यमलाई अवरुद्ध हुने भएको छ। बेरोजगारीको अवस्था पनि चिन्ताजनक रहेको छ। लगानीकर्ताको मनोबल खस्किएकाले लगानी विस्तार हुने सम्भावना कम रहेको बताइएको छ। न्यून राजस्व परिचालनले सरकारी वित्त प्रणालीमा मुस्किलले नियमित साधारण खर्च धानिइरहेको स्थिति छ र आन्तरिक द्वन्द्वले निम्त्याएको पुनर्निर्माणमा वैदेशिक अनुदानको सम्भावना पनि कम रहने देखिन्छ। यस अवस्थामा आन्तरिक स्रोतको परिचालन गर्नुपर्नेछ। यसका लागि सरकारले बैंकिङ क्षेत्रमा रहेको झन्डै १० खर्बबराबरको अधिक तरलता उपयोगको रणनीति ल्याउन जरुरी छ । उत्पादन र रोजगारी बढाउने तथा पूर्वाधारका क्षेत्रमा लगानी विस्तार गर्न सक्दा यसले आर्थिक विकासलाई मद्दत पुग्न सक्ने देखिन्छ।

> देशभित्रै रोजगारी सिर्जना गर्नुको सट्टा युवा श्रमशक्तिलाई जे गरेर भए पनि विदेशतिर धकेल्ने नीतिले दीर्घकालीन रूपमा अर्थतन्त्र सुधारमा कति सघाउला ?

अर्थतन्त्रलाई सबल बनाउने प्रमुख इन्जिन औद्योगिकीकरण हो, तर मुलुकमा औद्योगिकीकरणको थालनी हुन सकेको छैन। कृषिजन्य वस्तुको आयातलाई प्रतिस्थापन गर्न र रोजगारी सिर्जना गर्न कृषिको आधुनिकीकरण, व्यावसायीकरण र प्राविधिकीकरण गर्नुपर्छ। यस्तो अवस्थामा पूर्वाधार विकाससँगै कृषिमा आधारित साना र मझौला उद्योगमा लगानी व्यापक रूपमा गरेर उत्पादन, रोजगारी वृद्धि र आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्नुपर्छ।

अर्थतन्त्रलाई सबल बनाउन अनुत्पादक साधारण खर्च कटौती गरेर थप स्रोतसाधन परिचालन गर्नुपर्छ। खर्च कटौती गर्न विषय मिल्ने मन्त्रालय एक-आपसमा गाभेर केन्द्रमा ११ र प्रदेशमा बढीमा पाँच मन्त्रालय कायम गर्नुपर्छ। यस्तै, मन्त्रालय, विभागहरूमा व्यक्तिगत गाडी सुविधा, सवारीचालक, पेट्रोल, मर्मत-सम्भारको सट्टा साझा यातायातलाई सामूहिक विद्युतीय सवारीसाधनका रूपमा प्रयोगमा ल्याई व्यापार घाटा र खर्च कटौती गर्नुपर्छ। यस्तै, कर्मचारी, शिक्षक, सेना, प्रहरीका लागि स्वदेशी उद्योगको पोसाक, टोपी र जुत्ता अनिवार्य प्रयोग गर्नुपर्छ। यसबाट उत्पादन र रोजगारीका लागि आधार निर्माण हुनेछ र यसबाट आयात प्रतिस्थापन गर्न र व्यापार घाटा घटाउन सहयोग पुग्छ। यसैगरी, न्यून आय भएका गरिब जनतालाई राहत प्रदान गर्न रासन कार्ड वितरण गर्ने र यसका लागि ७५३ वटै पालिकामा स्थानीय सरकारको व्यवस्थापनमा सुपथ मूल्यका सहकारी पसल खडा गर्नुपर्छ। यसबाट मूल्यवृद्धि नियन्त्रणमा समेत मद्दत पुग्छ।

उत्पादन वृद्धि गर्न र सम्भावित खाद्यान्न संकट र भोकमरी हुन नदिन हरेक पालिकाका बाँझो जमिनमा सहकारीमा आधारित खाद्यान्न, नगदे र फलफूल खेती गर्न पालिकाहरूलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ। कृषि क्षेत्रको विकास गर्न एक वडामा दुई कृषि र पशुपक्षी प्राविधिकको व्यवस्था गरिनुपर्छ। हरेक पालिकामा किसानले उत्पादन गरेको वस्तु, मूल्य र बजारको ग्यारेन्टी गर्न हरेक पालिकामा पालिकाकै व्यवस्थापनमा सहकारीमा आधारित कृषि उपज खरिद-बिक्री केन्द्र खडा गरी कोल्ड स्टोरेजको पनि व्यवस्था गर्नुपर्छ।

स्थानीय सरकारहरूको सेयर स्वामित्व रहने र उनीहरूलाई सञ्चालक समितिमा पनि प्रतिनिधित्व गराउने गरी विशेष ऐन जारी गरी नेपाल खाद्य तथा व्यापार कम्पनी, कृषि सामग्री, बीउविजन कम्पनी, दुग्ध विकास संस्थान, नेपाल औषधि लिमिटेड, साझा यातायातलगायत जनसेवाका सार्वजनिक संस्थानको पुनर्संरचना गर्ने, यसका लागि हरेक पालिका र नगरपालिकाबाट वार्षिक एक करोडदेखि पाँच करोडसम्मको वित्तीय अनुदानबाट पुँजी परिचालन गर्ने, यसोगर्दा हरेक पालिकामा ५-६ वटा संस्थानको शाखा तथा बिक्री डिपो खडा हुनेछन्। यसबाट जनताले गाउँस्तरमै प्रत्यक्ष सेवा पाउने आधार तयार हुनेछ। उत्पादित हरेक वस्तुमा लगाइने मूल्य अभिवृद्धि करको उत्पादित वस्तुको परिणामका आधारमा सुनिश्चितता गर्नुपर्छ। आयातमा आधारित कच्चा पदार्थमा न्यूनदरको भन्सार महसुल निर्धारण गरी उत्पादित वस्तुलाई सस्तो र प्रतिस्पर्धी बनाउनुपर्छ।

श्रमको अनौपचारिकीकरण न्यून गर्न हरेक पालिकास्तरमा श्रमिक पञ्जीकरणको व्यवस्था गरी सामाजिक सुरक्षाको दायरामा ल्याउने, सरकारी कार्यालय, विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य समावेश गराउने र अस्थायी, करार, ज्यालादारीमा कार्यरत शिक्षकको पदलाई स्थायी दरबन्दीका रूपमा निर्धारण गरी स्थायी पदपूर्ति गर्ने, स्थायी हुन नसकेका शिक्षकलाई आकर्षक सुविधा प्रदान गर्ने र आर्थिक संकट भएको वेला जनप्रतिनिधिले प्राप्त गरिरहेको तलब, भत्ता सुविधामा आधा कटौती गर्ने, घर पायक भएका जनप्रतिनिधिले तलब, भत्ता र सवारीसाधन सुविधा नलिने स्वैच्छिक घोषणाको अभियान सञ्चालन गर्नुपर्छ।

वर्ग विश्लेषण गरेर गरिब, बेरोजगार, अपांगता भएका र पिछडिएका वर्गलाई मात्रै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति अवलम्बन गर्नुपर्छ। ज्येष्ठ नागरिकलाई उपचार र यातायात सेवा निःशुल्क उपलब्ध गराउनुपर्छ। सरकारी कार्यालय, संस्थान, बैंकहरूमा स्वदेशी फर्निचर, कागज प्रयोग गर्ने, सार्वजनिक संस्थानहरूमा बढीमा तीन-पाँचजनाको सञ्चालक समिति व्यावसायिक मापदण्डअनुसार गठन गर्ने, सरकारी बाँकी बक्यौता, पेस्की युद्धस्तरमा असुल उपर र फर्स्योट गरिनुपर्छ।

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



■ राजनीतिमा दलको संख्याले के फरक पार्छ ?

हामीले बहुदलीय व्यवस्थालाई स्विकारेका छौं। लोकतान्त्रिक व्यवस्थामा कानुनद्वारा निर्दिष्ट निश्चित प्रक्रिया पुऱ्याएर दल खोल्न पाइन्छ। लोकतन्त्रमा धेरै दल हुँदा स्वस्थ प्रतिस्पर्धा हुने, जनताका आवाज मुखरित हुने अपेक्षा पनि गरिन्छ। बहुदल हुनु र बहुभार हुनु फरक-फरक विषय हुन्। तर, दलहरूको संख्या अधिक हुँदा कहिलेकाहीं नागरिक अधिकार कुण्ठित पो बन्छ कि भन्ने डर पनि हुन्छ।

■ निर्वाचनमा चाहिं दलको संख्याको प्रभाव कस्तो रहन्छ ?

निर्वाचन प्रयोजनका लागि धेरै दल हुँदा हाम्रोजस्तो देशमा मतपत्र व्यवस्थापनमा समस्या हुन सक्छ। कमजोर मतदाता शिक्षा र अशिक्षित मतदाता भएको हाम्रोजस्तो देशमा मतदाताले खोजेको दलको चुनाव चिह्न नपाएर मत गलत चिह्नमा पर्न पनि सक्छ। यसबाट सजिला चुनाव चिह्न हुने पुराना दलहरूलाई मात्र फाइदा पुग्न पनि सक्छ। यस्तो अवस्थाले स्वस्थ हुनुपर्ने प्रतिस्पर्धालाई दूषित बनाउने जोखिम पनि रहन्छ।

■ निर्वाचन आयोगमा दर्ता भएका दलहरूले निर्वाचनमा भाग नलिनुले के सन्देश दिन्छ ?

सामान्यतः दल दर्ता गर्नुको उद्देश्य नै निर्वाचनमा भाग लिनु हो। निर्वाचनउन्मुख भई दल दर्ता गर्नु नागरिक अधिकार पनि हो। तर, दर्ता भइसकेका दलहरू निर्वाचनमा नजानुले सन्देह भने उत्पन्न गराउँछ। निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरू निर्वाचनमार्फत जनतामाझ परीक्षणमा नजानुले उनीहरूको सामाजिक हैसियत कमजोर भएको संकेत गर्छ। दल दर्ता गरेर नाम र चुनाव चिह्न मात्र ओगट्नुको अर्थ हुँदैन।

प्रेरक प्रसंग

संकटबाट भाग्ने कि सामना गर्ने ?

अर्नाको एक झुन्ड जंगलमा रहेको चौरमा सतर्कतापूर्वक आराम गरिरहेको थियो। एउटा किशोर पाडोले आफ्ना पितासित प्रश्न गऱ्यो- बाबा, के यो जंगलमा मैले डराउनुपर्ने कुनै जीव छ ? पिताले भन्यो- सिंहहरूसित सावधान रहनू। पाडोले भन्यो- हो, मैले पनि सुनेको छु, सिंह निकै खतरनाक हुन्छन् रे ! मैले कतै सिंह देखुँ भने जतिसक्दो छिटो भाग्ने कोसिस गर्नेछु।



पिताले भन्यो- होइन, योभन्दा गलत काम केही हुनेछैन। पाडोलाई आफ्ना पिताको जवाफ अलि अनौठो लाग्यो। उसले भन्यो- किन ? सिंहहरू खतरनाक हुन्छन्। तिनले मलाई खान पनि सक्छन्। त्यस्तोमा भागेर ज्यान बचाउनुपरेन त ? पाडोलाई सम्झाउँदै पिता अर्नाले भन्यो- तिमी भाग्यौ भने सिंह पनि तिम्रोपछि दौडिनेछ। दौडिँदा ऊ तिम्रो ढाडमा चढेर सजिलै तिमीलाई भुइँमा लडाउन सक्छ। एकपटक उसले तिमीलाई लडायो भने तिम्रो मृत्यु निश्चित छ।

पाडोले डराउँदै प्रश्न गऱ्यो- यस्तोमा मैले के गर्नु ठिक हुन्छ त बाबा ? पिता अर्नाले उसलाई सम्झाउँदै भन्यो- केही गरी तिमीले सिंहलाई देख्यौ भने आफ्नै स्थानमा डटेर उभिनू र आफू अलिकति पनि नडराएको भाव देखाउनू। त्यति गर्दा पनि ऊ गएन भने आफ्ना तीखा सिङ देखाउनू। आफ्नो खुरले जमिन खोस्रेर धुलो उडाउनू। यति गर्दा पनि सिंह भागेन भने बिस्तारै होसियारीपूर्वक सिंहतिर अघि बढ्नू। नजिकै पुगिसकेपछि आफ्नो पूरै तागत लगाएर ऊमाथि आक्रमण गर्नू।

आत्तिँदै पाडोले भन्यो- यो त पागलपन भएन र बाबा ? यस्तो गर्दा त ज्यान जाँदैन र ? सिंहले फर्केर ममाथि आक्रमण गऱ्यो भने कसरी जोगिनु ? पिता अर्नाले भन्यो- आफ्नो चारैतिर हेर त तिमी के देख्छौ ? पाडो चारैतिर घुमेर हेर्न थाल्यो। उसको चारैतिर निकै बलिया अर्नाहरूको झुन्ड थियो। पिता अर्नाले पुनः भन्यो- तिमीलाई कुनै पनि वेला डर लाग्यो भने सम्झनु, हामी सबै तिम्रो साथमै छौं। तिमी संकटको सामना गर्न छाडेर भाग्यौ भने हामी तिमीलाई बचाउन असमर्थ हुनेछौं। तर, तिमीले साहस देखायौ, संकटसित जुध्ने हिम्मत गऱ्यौ भने हामी सबै तिम्रो सहयोगका लागि पछाडि खडा भएको पाउनेछौ। पाडोले लामो सास लियो र यो अमूल्य शिक्षाका लागि पितालाई धन्यवाद दियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लुम्बिनी र क्याप्टेन रोहितलाई बधाई

जित हामी सबै नेपालीको भयो, चाहे लुम्बिनीले ट्रफी उठाओस्। किनभने सिजन सफलतापूर्वक सम्पन्न भएको छ। आशा गरौं- हिजो बामे सर्ने अवस्थामा रहेको नेपाली क्रिकेट आज हिँड्न सक्ने भएको छ र भोलि विश्वसामु परिचित भएर प्रतिस्पर्धा गर्नेछ। सबैलाई धन्यवाद ! सबैको जय होस् !

● डा. मदन रायमाझी

बधाई छ क्याप्टेनसाब ! अब यसैगरी, आउने 'टी-ट्वान्टी वर्ल्ड कप'मा पनि 'गुड' 'क्याप्टेनसिप' गरी देशको नाम उच्च राख्नुस्, शुभकामना छ।

● भुवन पाण्डे



नेपालको क्याप्टेनले राम्रो गर्नु सबै नेपालीका लागि गौरवको विषय हो। तर दीपेन्द्र पनि हामी सबै नेपालीले माया गर्ने खेलाडी हुन्। फाइनल खेलमा सुरुकै ओभरमा आर्फैले बलिङ गर्नुले 'क्याप्टेनसिप' गराइमा थोरै कमजोरी महसुस भयो। यसबाट धेरै सिक्नुपर्छ आगामी दिनका लागि।

● 'भ्यालु इन्भेस्टर्स'

क्याप्टेनको इज्जत राख्न सफल भएकामा रोहित पौडेललगायत सम्पूर्ण लुम्बिनी टिमलाई हार्दिक बधाई !

● नारायण सीता सुजल

बधाई छ क्याप्टेन ! अब कार छँदै छ। टिम जिताउन ठुलो भूमिकामा रहेका कुनै एक खेलाडी छनोट गरी तिम्रा तर्फबाट बाइक उसैलाई देऊ। केही फरक पर्दैन। मरिलानु केही छैन। खेलाडीको हौसला पनि हुने र प्रशंसा पनि पाइने।

● रूपेश रोकाया

(नयाँ पत्रिका फेसबुक पेजबाट)

नेपाली क्रिकेटले जितेको दिन

शनिबार सम्पन्न एनपिएलको दोस्रो संस्करणको फाइनल खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिममाथि सहज जित निकालेर ट्रफी उचाल्यो। यस सफलताका लागि लुम्बिनी लायन्स टिम र त्यसका क्याप्टेन रोहित पौडेललाई धेरै-धेरै बधाई छ। शनिबारको फाइनल लुम्बिनीले जिते पनि यथार्थमा सिंगो नेपाली क्रिकेटले जितेको छ।

दोस्रो संस्करणमा पुग्दानपुग्दै एनपिएल यति चर्चाको शिखरमा पुग्नु आफैंमा निकै ठुलो सफलता हो। एनपिएलको चर्चा देश-विदेशमा हुनु र विदेशी खेलाडीको समेत यसमा आकर्षण देखिनु हामी सबैका लागि निकै खुसीको विषय हो। यहाँसम्म आइपुग्दा नेपाली क्रिकेटले केही आशालाग्दा भौतिक पूर्वाधार, वर्षैभरि खेलाडीलाई व्यस्त राख्ने घरेलु तथा अन्तर्राष्ट्रिय 'एक्सपोजर' तथा आर्थिक लगानी बढ्दो क्रममा छ। अब सरकार र राजनीतिक दलहरूले क्यान या यस्तै कुनै संस्थामार्फत राजनीति नगरी विशुद्ध खेलको भावनालाई अघि बढाउन सघाउनुपर्छ। 'राइट म्यान इन राइट प्लेस' भनेको के रहेछ भन्ने क्यानका सचिव पारस खड्काले पुष्टि गरिसकेका छन्। अब पनि सही व्यक्तिको हातमा क्यान पुग्ने वातावरण बनाउन राज्य र अन्य सरोकारवाला निकायको ध्यान जानु जरुरी छ।

● सौरभी पटेल, कलंकी, काठमाडौं

बिएनपी नेता नफर्की बंगलादेशमा चुनाव सम्भव छ ?

छिटपुट हिंसा र अन्य राजनीतिक तिकडमले बंगलादेशमा १२ फेब्रुअरीमा चुनाव हुने सम्भावनाप्रति शंका उत्पन्न गरेको छ



देश / विदेश

● दीप हल्दर

बंगलादेशको निर्वाचन आयोगले १२ फेब्रुअरीलाई आमनिर्वाचनको मिति घोषणा गरेको छ। मिति घोषणा भइसक्दा पनि चुनाव हुनेमा धेरै बंगलादेशीमा आशंका कायमै देखिन्छ। निर्वाचन मिति घोषणा भइसक्दासमेत देशको सबैभन्दा ठुलो विपक्षी दल 'बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी)'का नेता विदेशमै रहेकाले यस आशंकालाई बल प्रदान गरेको छ।

अवामी लिगलाई चुनावमा भाग लिन प्रतिबन्धित गरिएको अवस्थामा बिएनपी नै ठुलो दल हुने प्रक्षेपण छ। यसअघि चुनावको मिति घोषणामा भएको ढिलाइलाई लिएर पार्टीले अन्तरिम सरकारसँग पटक-पटक असन्तुष्टि जनाएको थियो। तर, चुनाव अहिले घोषणा हुँदासमेत बिएनपीका कार्यकारी अध्यक्ष तारिक रहमान कहिले देश फर्किने हुन्, टुंगो छैन।

६० वर्षीय रहमान पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा हुन्। जिया २३ नोभेम्बरदेखि गम्भीर बिरामी भएकीले अस्पतालमा भर्ना भएकी छिन्। आखिर रहमानलाई बिरामी आमा भेट्न आउनसमेत केले रोकिरहेको छ ? सन् २००८ मा अवामी लिग सत्तामा आएपछि उनी लन्डनमा स्वैच्छिक निर्वासनमा गएका थिए। १७ वर्षदेखि उनी देश फर्किएका छैनन्। प्रमुख दलका नेता रहमानको देश फिर्ती र बंगलादेशको आगामी आमनिर्वाचनको सुनिश्चिता बलियोसँग गाँसिएको छ।

■ केसँग डराइरहेका छन् रहमान ?

रहमानको निरन्तर अनुपस्थितिले बंगलादेशको राजनीतिमाथि नजर राख्ने पर्यवेक्षकमाझ विभिन्न शंका उपशंका फैलिने गरेको छ। ढाका फर्किए भने जीवन खतरामा पर्न सक्छ भनेर उनी लन्डनमै रोकिएको अनुमानले बढी बल पाएको छ।

६ अक्टोबरमा लगभग २० वर्षपछिको पहिलो प्रत्यक्ष अन्तर्वार्तामा रहमानले बिबिसी बंगलालाई आफू नोभेम्बरभित्रै देश फर्किन सक्ने बताएका थिए। तर, २९ नोभेम्बरमा उनले आफ्नो देश फिर्तीको पूर्वघोषणा बदल्दै भने, 'यस संवेदनशील विषयको सबै पक्ष सार्वजनिक गरिरहनु आवश्यक छैन। हरेक कुराका सीमा हुन्छन्। तर, राजनीतिक परिस्थितिअनुकूल हुनेबित्तिकै मेरो मातृभूमि फर्कने लामो प्रतीक्षा अन्ततः समाप्त हुनेछ भन्नेमा हाम्रो परिवार आशावादी छ।'

आखिर तारिकलाई देश फर्किन केले रोकिरहेको छ ? जब कि वर्तमान अन्तरिम सरकार बनेपछि रहमानविरुद्ध दायर गरिएका प्रायः सबै मुद्दामा उनी निर्दोष साबित भइसकेका छन्। यसमा सबैभन्दा कठोर मानिने अगस्ट २१, २००४ को ग्रेनेड आक्रमण मुद्दासमेत समावेश छ, जसमा रहमान र अन्य १८ जनालाई आजीवन कारावासको सजाय सुनाइएको थियो।

■ अतिवादी दल जमातको उदय

अवामी लिगमाथि प्रतिबन्ध लगेपछि अहिले बिएनपी, जमात-ए-इस्लामी-बंगलादेश, विद्यार्थीले खोलेको



नयाँ दल 'नेसनल सिटिजन पार्टी' र अन्य दर्ता भएका दलले ३०० संसदीय सिटका लागि उम्मेदवार अन्तिम रूप दिइरहेका छन्। चुनाव तालिका छिट्टै घोषणा हुने बताइएको छ।

यति धेरै तयार भइसके पनि बंगलादेशी लोकतन्त्रका पक्षधरलाई एउटा कुराले चिन्तित बनाइरहेको छ। विशेषतः बंगलादेशी संस्थानमा इस्लामिक दल 'जमात-ए-इस्लामी'को बढ्दो पकडबाट उनीहरू सशंकित छन्। शेख हसिनाको शासनमा यस दलमाथि प्रतिबन्ध लागेको थियो। तर, हसिनाको बहिर्गमनपछि जुन १, २०२५ मा, बंगलादेशको सर्वोच्च अदालतले निर्वाचन आयोगलाई यसको दर्ता पुनर्स्थापित गर्न आदेश दियो। शेख हसिना सरकारको पतनपछि जमातले नसोचेको शक्ति बढाउँदै लगेको छ।

तथापि, जमातको शक्ति बढेको भए पनि योसँग चुनाव जित्न आवश्यक लोकप्रिय समर्थनको अभै पनि अभाव रहेको राजनीतिक विश्लेषकहरू विश्वास गर्छन्। अर्थात्, नयाँ परिस्थितिमा जमातले बढ्दो रूपमा संस्थानको नियन्त्रण लिए पनि, यसलाई सार्वजनिक समर्थनको अभाव छ। त्यसैले यो दल न त चुनाव चाहन्छ न त रहमानको देश फिर्ती नै। रहमान फर्किएमा बिएनपी कार्यकर्ता चुनावका लागि उत्साहित भएर सक्रिय होलान् भन्ने उसको डर छ। तथापि बंगलादेशभित्रका केही अन्य राजनीतिक खेलाडीहरू पनि यस समयमा चुनाव चाहँदैनन्। यस्तै समूहले केही अघि ढाका-८ संसदीय क्षेत्रका सम्भावित स्वतन्त्र उम्मेदवार सरिफ ओस्मान हादीलाई अज्ञात समूहले गोली हान्यो। हादीलाई गम्भीर घाइते बनाएको यस घटनाले धेरै बंगलादेशीलाई स्तब्ध बनायो। यस्तो छिटपुट हिंसाले पनि फेब्रुअरी १२ मा चुनाव हुने सम्भावनाप्रति शंका-उपशंका उत्पन्न गरेको छ।

बिएनपीले फेरिक तारिक रहमान डिसेम्बर २५ मा घर फर्कने घोषणा गरेको छ। तथापि, फेरि पनि सम्भावना बलियो छैन, विशेषतः हादीमाथिको आक्रमणले गर्दा परिस्थिति अस्थिर बनेझैं देखिन्छ। बंगलादेशको राजनीति अहिले पनि अस्थिर नै छ। यस्तोमा परिस्थिति जबसम्म सुरक्षित हुनेछैन न त रहमानको फिर्तीको सम्भावना छ न त चुनाव चाँडै हुने सम्भावना नै छ।

(हल्दर भारतीय लेखक तथा पत्रकार हुन्)

द प्रिन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतले वायु प्रदूषणविरुद्ध चीनबाट के सिक्न सक्छ ?

प्रदूषण निगरानी गर्ने संस्थाका अनुसार दर्जनौँ भारतीय सहर 'खराब' वा 'अति खराब' वायु गुणस्तरको समस्यासँग जुधिरहेका छन्



चीनले सन् २०१३ मा ल्याएको पाँचवर्षीय राष्ट्रिय कार्ययोजनामै प्रदूषण कम गर्ने नीति अंगीकार गऱ्यो । यसअन्तर्गत कोइलाबाट चल्ने तापयन्त्र नियन्त्रण गरियो । सार्वजनिक यातायात र नयाँ ऊर्जा सवारीसाधनहरूलाई प्रवर्द्धन गरियो । उद्योग क्षेत्रको प्राविधिक सुधारलाई तीव्र पारियो । र, सँगसँगै नवप्रवर्तन र हरित ऊर्जालाई बढावा दिने उपाय अघि सारियो । 'पार्टिकुलेट म्याटर अर्थात् पिएम-२.५'लाई घटाउन विशेष जोड दिइएको थियो ।



● अजहर आजम

आजम अर्थतन्त्र, जलवायु परिवर्तन र अन्तर्राष्ट्रिय सुरक्षामा केन्द्रित भूराजनीतिक विश्लेषक हुन् ।

हरेक वर्षको जाडो महिनामा जस्तै योपटक पनि भारतीय राजधानीलाई धुवाँको बाक्लो तहले ढाक्न थालिसकेको छ । नयाँदिल्ली र वरपरका क्षेत्रमा वायुको गुणस्तर खतरनाक तह नाघिरहेको छ । दिल्लीका धेरै भागको 'एयर क्वालिटी इन्डेक्स(एक्युआई)' ४०० र अझ ४५० भन्दा माथि रेकर्ड भइरहेका छन्, जनस्तरलाई अन्तर्राष्ट्रिय प्रदूषण मापदण्डअन्तर्गत 'गम्भीर' मानिन्छ ।

जाडो महिनाको चिसो हावाले प्राय धुवाँ तथा धुलोको कणलाई बढी पक्रने गर्छ । यही महिनामा तातोका लागि आगो बाल्ने प्रवृत्ति बढ्छ भने दिल्लीवरपर खेती सकिएर बाँकी रहेको पराल जलाउने क्रम बढ्छ । त्यसमाथि सधैंको सवारीसाधन र उद्योगले उत्सर्जन गर्ने धुवाँ त छँदै छ । भारतका बिग्रिएका सडकबाट ठुलो परिमाणमा धुलो पनि उड्ने गर्छ । भारतमा वायु प्रदूषणको खतरनाकस्तरको समस्या अहिले नयाँदिल्ली एक्लैको होइन । प्रदूषण निगरानी गर्ने संस्थाका अनुसार दर्जनौँ भारतीय सहर 'खराब' वा 'अति खराब' वायु गुणस्तरको समस्यासँग जुधिरहेका छन् ।

वायु प्रदूषणसँग जुध्ने मामिलामा भारतका लागि छिमेकी देश चीन एक मोडेल बन्न सक्छ । कठोर कदम र वायु प्रदूषण नियन्त्रणका लागि लिइएका प्रभावकारी नीतिमार्फत बेइजिङले केही वर्षभित्रै आफ्नो वायु गुणस्तर सुधार गर्न उल्लेखनीय सुधार गरेको छ । २० वर्ष पहिले चीनको राजधानी बेइजिङलाई विश्वको 'धुवाँको राजधानी' भनिन्थ्यो । सन् २००८ को 'बेइजिङ ओलम्पिक'को समयमा चीनले सहरको उत्सर्जन अस्थायी रूपमा न्यूनीकरण गर्ने नीति लिएको थियो । तर, त्यतिबेला अपनाएका कदमपछि वायु प्रदूषणविरुद्धको युद्धमा आमप्रयोगमा ल्याइएको थियो ।

चीनले सन् २०१३ मा ल्याएको पाँच वर्षीय राष्ट्रिय कार्ययोजनामै प्रदूषण कम गर्ने नीति अंगीकार गऱ्यो । यसअन्तर्गत कोइलाबाट चल्ने तापयन्त्र नियन्त्रण गरियो । सार्वजनिक यातायात र नयाँ ऊर्जा सवारीसाधनहरूलाई प्रवर्द्धन गरियो । उद्योग क्षेत्रको प्राविधिक सुधारलाई तीव्र पारियो । र, सँगसँगै नवप्रवर्तन र हरित ऊर्जालाई बढावा दिने उपाय अघि सारियो । 'पार्टिकुलेट म्याटर अर्थात् पिएम-२.५'लाई घटाउन विशेष जोड दिइएको थियो । आकारले २.५ माइक्रोनभन्दा सानो व्यास भएका कण वायु प्रदूषणको प्रमुख स्रोत हुन् । मानव फोक्सोको भित्रसम्म प्रवेश गरेर रक्तप्रवाहमै सामेल हुन सक्ने भएकाले पिएम २.५ कण स्वास्थ्यका लागि ठुलो खतरा मानिन्छन् ।

बेइजिङले वायु प्रदूषण नियन्त्रण गर्न ल्याएका नीतिको प्रभावकारिता मापन गर्न नियमन, प्रारम्भिक चेतावनी र आपत्कालीन प्रतिक्रिया प्रणालीको स्थापना गरेको थियो । त्यस्तै, सरकारले जनसंख्या सघन भएको क्षेत्रबाट कारखानाको स्थानान्तरण गऱ्यो । पराल तथा अन्य कृषिजन्य फोहोर लगाउने कामलाई निरुत्साहित गर्न किसानहरूलाई आर्थिक सहयोगजस्ता पहलले दीर्घकालीन प्रभाव पाऱ्यो । परिणामस्वरूप सन् २०१७ सम्ममा अति प्रदूषित क्षेत्रमा नाटकीय रूपमा ३५ प्रतिशतसम्म प्रदूषण घटेको पाइयो । चीन त्यत्तिमै चित्त बुझाएर बसेन । त्यसपछिका वर्षहरूमा पनि बेइजिङले वायु प्रदूषणविरुद्धको आफ्नो अभियान जारी राख्यो ।

लामो अभियानको परिणामस्वरूप औसत पिएम- २.५ को मात्र सन् २०१३ मा ७२ माइक्रोग्राम प्रतिघनमिटर रहेकोमा सन् २०१९ मा ३६ माईक्रोग्राम प्रति घन मिटर पुग्यो । गत वर्ष यो थप घटेर २९.३ माइक्रोग्राम प्रतिघनमिटरमा झरेको छ । उसो त अझै पनि विश्व स्वास्थ्य संगठनले तोकेको पाँच माइक्रोग्राम प्रतिघनमिटरका लक्ष्य हासिल भएको छैन । तर, हालसम्मको उपलब्धि हेर्दा वायु प्रदूषणविरुद्धको युद्धमा चीनले ठुलो सफलता हासिल गरेको मान्नुपर्छ ।

कोभिड महामारीको चुनौतीपूर्ण समयमा समेत चीनले सफा नीलो आकाश हासिल गर्ने आफ्नो रोकेको थिए । निर्माण क्षेत्रसँग सम्बन्धित उत्सर्जन सीमित गर्ने, स्वच्छ औद्योगिक प्रविधि अवलम्बन गर्ने, स्टिल उत्पादन कटौती गर्ने, पुराना कार प्रयोगबाट हटाउने र विद्युतीय सवारीसाधन अपनाउन प्रोत्साहित गर्नेजस्ता नीति कडासाथ लागू गरिए । यही कदमको प्रतिफलस्वरूप चीनको राजधानी वायु गुणस्तर सुधारको एक प्रतीकात्मक उदाहरण बनेको छ । यही सुधारको कारण अहिले बेइजिङको आकाश नीलो देखिन्छ ।

सफलता राजधानीमा मात्र सीमित छैन । चिनियाँ सञ्चार माध्यमहरूका अनुसार देशभरका ३३९ सहरहरूमा हावाको गुणस्तर राम्रोमा मान्न सकिने दिनको संख्या वर्षको ३१६ पुगेको छ । यो सफलता अहिलेका लागि दक्षिण एसिया, दक्षिणपूर्वी एसिया र पूर्वी एसियाका केही देशका लागि सपना बराबर हो । विश्वका प्रायः सबै भागमा हावामा पिएम २.५ को स्तर बढ्दै गएको अवस्थामा चीनले भने यसमा व्यापक कटौती गरेको छ । पछिल्लो केही वर्ष विश्वव्यापी वायु गुणस्तरमा आएको सुधारमा चीन एक्लैको अतुलनीय योगदान देखिन्छ । चीनको सफलतामा समयमै भएको सरकारी हस्तक्षेप, स्थानीय र केन्द्रीय प्रशासनबिचको समन्वय तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सहकार्यको ठुलो योगदान छ ।

विज्ञहरूका अनुसार चीन सरकारले लिएको वातावरणीय ढाँचाले अन्तरक्षेत्रीय सहयोगलाई बढावा दिएको थियो । परिणामस्वरूप कुनै समय ठुला प्रदूषक उद्योगसमेत यस अभियानमा सक्रिय सहभागी भए । वर्षौंको प्रयासपछि अन्ततः बेइजिङले विश्वको सबैभन्दा ठुलो विद्युतीय तथा अन्य नयाँ ऊर्जाको औद्योगिक शृंखला विकास गरेको छ । नवीकरणीय ऊर्जा उत्पादन र विद्युतीय सवारीसाधन निर्माणमा चीन अहिले विश्वकै अग्रस्थानमा पुगेको छ । सँगसँगै यस क्षेत्रको विकासले चीनलाई वायु प्रदूषणसँग लड्न पनि सघायो । जबकि सुधारका बाबजुद उसको अर्थतन्त्रमा कुनै नकारात्मक असर पारेन । सन् २०१३ र २०२४ को बिचमा चिनियाँ कुल गार्हस्थ्य उत्पादन ७३ प्रतिशतभन्दा धेरैले बढेको छ ।

चीनको अनुभवले सुसंगत, नीति-निर्देशन दृष्टिकोणमार्फत उच्च आर्थिक वृद्धिदर कायम राख्दै आफ्ना जनतालाई स्वच्छ हावा प्रदान गर्न सम्भव भएको देखाउँछ । यो अनुभवले आफ्नो विकास लक्ष्यमा बाधा नपुऱ्याई प्रदूषण नियन्त्रणको उपाय खोजिरहेका भारत र अन्य राष्ट्रका लागि उदाहरण प्रस्तुत गर्दछ । वायु प्रदूषण एक ठुलो वातावरणीय स्वास्थ्य जोखिम हो । साथमा यसले आर्थिक नोक्सान निम्त्याउँछ भने कृषि उत्पादकत्व घटाउँछ । चुनौतीको विकरालता हेर्दा दक्षिण एसिया, दक्षिणपूर्वी एसिया र पूर्वी एसियाका देशबिच सहयोगलाई सुदृढ पार्न र उत्कृष्ट अभ्यास एक-अर्कासँग साझा गर्नुपर्ने आवश्यक देखाउँछ ।

द्रुत विकास र सहरीकरणका बिचमा चीनले एक दशकअघि सामना गरेको समस्या र त्यसविरुद्धको अनुभवबाट भारतले ठुलो पाठ सिक्न सक्छ । अति प्रदूषणकारी कारखाना बन्द गर्ने र विद्युतीय वाहनको विस्तार गर्नेदेखि निर्माणस्थलमा धुलोको अनुगमन प्रणाली स्थापना गर्ने र अन्तरप्रान्तीय समन्वयलाई सुदृढ गर्ने कुरा त्यस्तै केही अवलम्बन गर्न सकिने पाठ हो । भारतले यी र अन्य कदम अवलम्बन गर्न ढिलो गर्न हुँदैन हाल्नुपर्छ । तब मात्र उसले आफ्ना जनतालाई आर्थिक वृद्धिसहित स्वच्छ हावा प्रदान गर्न सक्छ ।

अलजजिराबाट

कुनै बेला 'धुवाँको राजधानी'को उपमा पाएको बेइजिङ केही वर्षभित्रै सफा, स्वच्छ सहरमा परिणत भएको छ । चिनियाँ अनुभवले आफ्नो विकास लक्ष्यमा बाधा नपुऱ्याई प्रदूषण नियन्त्रणको उपाय खोजिरहेका भारतजस्ता देशका लागि उदाहरण प्रस्तुत गर्दछ ।

इतिहासमा आज

डिसेम्बर १५



सन् २०११ : इराक युद्ध औपचारिक रूपमा समाप्त भयो । इराकमाथिको आठ वर्ष लामो युद्ध समाप्त भएको अमेरिकाले औपचारिक रूपमा घोषणा गऱ्यो । सन् २००३ को २० मार्चमा अमेरिकाले इराकविरुद्ध युद्ध सुरु गरेको थियो ।

सन् १७९१ : अमेरिकी संविधानमा भएका पहिलो १० संशोधनलाई बिल अफ राइट्स भनिन्छ । संशोधनलाई भर्जिनियाले अनुमोदन गरेपछि ती कानुन बनेका थिए ।

सन् १८४० : मृत्यु भएको १९ वर्षपछि फ्रान्समा नेपोलियन बोनापार्टको राष्ट्रिय सम्मानसहित अन्तिम संस्कार गरियो ।

सन् १९३३ : अमेरिकी संविधानमा २१औँ संशोधन भएको थियो । संशोधनले अमेरिकामा मदिरामाथिको प्रतिबन्धलाई रद्द गरेको थियो । सन् १९२० को १७ जनवरीमा १८औँ संशोधन गरेर अमेरिकामा मदिरामाथि प्रतिबन्ध लगाइएको थियो ।

सन् १९७३ : अमेरिकन साइक्याट्रिक एसोसिएसनले समलैंगिक यौनलाई मानसिक बिमारी नभएको घोषणा गऱ्यो ।

सन् १९७८ : अमेरिकाले चीनलाई मान्यता दियो । जनगणतन्त्र चीन स्थापना भएको ३० वर्षपछि राष्ट्रपति जिम्मी कार्टरले राष्ट्र संघले औपचारिक रूपमा कम्युनिस्ट देश चीनलाई मान्यता दिने घोषणा गरेका थिए । कार्टरले चीनलाई मान्यता दिने घोषणा गरिरहँदा अमेरिकाले चीन-ताइवान सम्बन्धबारे पनि चासो दिएको थियो ।

सन् १९७९ : हेगस्थित वर्ल्ड कोर्टले सम्पूर्ण अमेरिकी बन्धकलाई रिहा गर्न इरानलाई आदेश दियो ।

सिड्नीको बोन्डी तटमा गोली चल्दा ११ जनाको मृत्यु



सिड्नी/ अस्ट्रेलियाको सिड्नीस्थित बोन्डी समुद्र तटमा यहुदीको एक धार्मिक कार्यक्रममा दुई बन्दुकधारीले गोली चलाउँदा ११ जनाको मृत्यु भएको छ । यहुदी समुदायका सदस्यले साँझमा दीप प्रज्वलन गरी आठ दिन लामो यहुदी पर्व हनुक्का मनाउने क्रममा समुद्री तटमा भेला भएका मानिसमाथि बन्दुकधारीले गोली चलाएका हुन् । स्थानीय समयअनुसार आइतबार साँझ ६ बजेर ४७ मिनेटमा बोन्डाई तटको घाँसे क्षेत्रमा रहेको आर्चर पार्कमा गोलाबारी भएको न्यु साउथ वेल्स प्रहरीले जनाएको छ । आक्रमणमा करिब ५० वटा गोली चलाइएको थियो ।

प्रहरीको जवाफी कारबाहीमा एक बन्दुकधारीको मृत्यु भएको र अर्का एक आक्रमणकारीसहित करिब २९ जना घाइते भएका छन् । तीमध्ये एक बालक र दुई प्रहरी रहेका न्यु साउथ वेल्सका प्रहरी कमिस्नर मल लेनिओनले बताए । उनले गोलाबारीलाई 'आतंकवादी घटना' भनेका छन् आक्रमणपछि प्रहरीको जवाफी हमलामा घाइते भएका दोस्रो बन्दुकधारीको अवस्था गम्भीर छ । एक संदिग्ध आक्रमणकारीले प्रयोग गरेको कारमा विस्फोटक पदार्थ फेला परेको थियो । फेला परेको उक्त पदार्थलाई घटनास्थलबाट तुरुन्तै हटाइएको थियो ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले बोन्डीको दृश्य 'स्तब्ध पार्ने र पीडादायी' रहेको बताएका छन् । उनले उक्त हमला निन्दनीय र अकल्पनीय रहेको बताए । 'प्रहरी र आपत्कालीन सेवाले जीवन बचाउन घटनास्थलमा काम गरिरहेका छन् । मेरो विचार आक्रमणबाट प्रभावित प्रत्येक व्यक्तिसँग छ,' उनले एक विज्ञप्तिमा भने । अल्बानिजले आक्रमणलाई समग्रमा देशलाई आघात पुऱ्याउने यहुदीविरोधी आतंकवादी कार्य' भनेका छन् ।

समुद्र तटमा आयोजना गरिएको कार्यक्रममा एक हजारभन्दा बढी मानिसहरूको उपस्थिति रहेको प्रहरीले जनाएको छ । एक प्रत्यक्षदर्शीले गोलाबारी सुरु हुँदा समुद्र तटमा आयोजना भइरहेको कार्यक्रमबाट आफ्ना बच्चाहरूसँगै दौडिरहेको वर्णन गरे । अस्ट्रेलियामा सामूहिक गोलीबारी दुर्लभ छन् र पछिल्लो घटनाबाट सर्वसाधारण मानिस स्तब्ध भएका छन् ।

आक्रमणको विभिन्न देशका नेताहरूले विरोध जनाएका छन् । इजरायली राष्ट्रपति आइज्याक हर्जोगले गोलीबारीलाई 'यहुदीहरूमाथिको क्रूर आक्रमण' भनेका छन् भने बेलायती प्रधानमन्त्री केयर स्टारमरले बेलायत 'अस्ट्रेलिया र यहुदी समुदायको साथमा सधैं उभिने' बताए । त्यस्तै, फ्रान्सका राष्ट्रपति एमानुएल माक्रोंले हानका मनाउन जम्मा भएका परिवारहरूमाथि अतिवादीले हमला गरेको भन्दै अस्ट्रेलियालीको पीडामा सँगै उभिएको बताएका छन् । यसैबिच सरकार यहुदी समुदायको रक्षाका लागि पर्याप्त कदम चाल्न असफल भएको फ्रान्सेली समाचार संस्था एएफपीले टिप्पणी गरेको छ ।

एजेन्सी

उच्च दरमा जुम्ल्याहा बच्चा जन्माउन तयार हुनुपर्छ एसियाली देश



गैरनाफामुखी संस्था म्याक्स प्लांक इन्स्टिच्युटकी सुसी ली र स्टकहोम विश्वविद्यालयकी किरोन बार्क्लेले गरेको अध्ययनअनुसार आगामी २५ वर्षसम्ममा भारतमा जुम्ल्याहा बच्चा जन्माउने दर ५० प्रतिशतभन्दा बढीले बढ्न सक्छ । अध्ययनका लागि उनीहरूले विभिन्न मोडेल प्रयोग गरेका थिए ।

दक्षिणी भारतको कोडिन्हीनजिकै एउटा अनौठो गाउँ छ । उक्त गाउँलाई मानिसहरूले 'जुम्ल्याहा गाउँ' भन्छन् । त्यहाँ अन्यभन्दा बढी अनुपातमा जुम्ल्याहा शिशु जन्मिने भएकाले त्यस ठाउँको नाम नै जुम्ल्याहा गाउँ रहन गएको स्थानीयको भनाइ छ । अन्य गाउँको तुलनामा त्यहाँ जुम्ल्याहा शिशु जन्मिने दर उच्च भएकाले मानिसहरू स्वाभाविक रूपमा अचम्मित छन् । गाउँका आमाहरूले देशका अन्य ठाउँका महिलाले भन्दा धेरैपटक किन जुम्ल्याहा बच्चा जन्माउँछन् भन्ने कुरा अनुसन्धानकै विषय छ । तर, आगामी वर्षमा कोडिन्हीको उक्त ठाउँ अब लामो समय अनौठो गाउँ नदेखिन सक्छ । किनकि हालैका केही अनुसन्धानले भारत र समग्र दक्षिण एसियाभर नै जुम्ल्याहा बच्चा जन्माउने दर क्रमिक रूपमा बढ्दै जाने तर्क गरेका छन् । यसले आमा र बच्चा दुवैका लागि गर्भावस्था र प्रसवलाई अझ खतरनाक बनाउने जोखिम राख्छ ।

आश्चर्यजनक रूपमा किन केही महिलामा अरूको तुलनामा जुम्ल्याहा बच्चा जन्माउने सम्भावना बढी हुन्छ भन्ने कुरा वैज्ञानिक अनुसन्धानको विषय हुन सक्छ । यस विषयमा केही अध्ययन पनि भएका छन् । सन् १९७० र २०१० को दशकको बिचमा प्रजनन उपचारको वृद्धिका कारण जुम्ल्याहा बच्चा जन्माउने विश्वव्यापी दरमा तीव्र वृद्धि भयो (केही प्रविधिले धेरै बच्चा जन्माउने सम्भावना बढी बनाउँछन् । तर, बिस्तारै यी पक्ष खस्कँदै छन्) । तैपनि आनुवंशिकी पनि महत्त्वपूर्ण छ, जुन जुम्ल्याहा परिवारमा निरन्तर देखिन्छन् । अर्कोतर्फ, उमेरले पनि उत्तिकै भूमिका खेल्ने बताइन्छ । एक हिसाबले ३५ वर्षको उमेरमा १८ वर्षको उमेरको तुलनामा जुम्ल्याहा बच्चा जन्माउने सम्भावना चार गुणा बढी हुन्छ (प्रजनन उपचारविना पनि) ।

धेरै एसियाली देशमा जुम्ल्याहा बच्चा जन्माउने दर अन्य देशको तुलनामा तुलनात्मक रूपमा कम छ । तर, पछिल्ला वर्षमा यस क्षेत्रका महिलामा बच्चा जन्माउने दर निरन्तर बढ्दै गइरहेको छ । र यसले जुम्ल्याहा बच्चा जन्माउने दरलाई उच्च बनाउने सम्भावना देखिन्छ । गैरनाफामुखी संस्था म्याक्स प्लांक इन्स्टिच्युटकी सुसी ली र स्टकहोम विश्वविद्यालयकी किरोन बार्क्लेले गरेको अध्ययनअनुसार सन् २०५० सम्ममा भारतमा जुम्ल्याहा बच्चा जन्माउने दर ५० प्रतिशतभन्दा बढीले बढ्न सक्छ । अध्ययनका लागि उनीहरूले विभिन्न मोडेल प्रयोग गरेका थिए । सन् २०१० मा प्रत्येक एक हजार जन्ममा अनुमानित सातजना जुम्ल्याहा शिशु जन्मिने गरेकोमा सन् २०५० सम्ममा यो संख्या बढेर प्रतिएक हजारमा ११ पुग्ने अध्ययनमा अनुमान गरिएको छ । बंगलादेश, माल्दिभ्स र नेपालले पनि जुम्ल्याहा सन्तानको जन्ममा उल्लेखनीय वृद्धि देख्न सक्छन् । यदि यस अवधिमा प्रजनन उपचारको सहज उपलब्ध भएमा जुम्ल्याहा बच्चा जन्माउने दर निकै बढ्न सक्छ ।

> सन् २०१० मा प्रत्येक एक हजार जन्ममा अनुमानित सातजना जुम्ल्याहा शिशु जन्मिने गरेकोमा सन् २०५० सम्ममा यो संख्या बढेर ११ पुग्ने अध्ययनमा उल्लेख छ । बंगलादेश, माल्दिभ्स र नेपालले पनि जुम्ल्याहा सन्तानको जन्ममा उल्लेखनीय वृद्धि देख्न सक्छन् ।

जुम्ल्याहा सन्तानको जन्ममा हुने वृद्धि दरले बारम्बार जोखिम निम्त्याउँछ । यस्तो जोखिम धनी र गरिब दुवै देशका आमाहरूले भोग्न बाध्य हुनेछन् । धनी देशमा पनि जुम्ल्याहा बच्चा अन्य बच्चाको तुलनामा मृत जन्मने वा जन्मेको केही समयपछि मृत्यु हुने सम्भावना धेरै हुन्छ । त्यस्तै, दुई बच्चा एकैसाथ जन्माउँदा गर्भावस्थामा जटिलता हुने र बच्चाहरू समय नपुगी जन्मिने वा जन्मँदा नै सानो तौल हुने त्यत्तिकै जोखिम बढ्छ । जुम्ल्याहा बच्चामा मृत्युदर पनि उच्च हुने गरेको केही अध्ययनले देखाएका छन् । भारतमा जुम्ल्याहा बच्चा जीवनको पहिलो महिनामा एकल बच्चाहरूको तुलनामा दशगुणा बढी मृत्युको सम्भावना रहेको एउटा अध्ययनले पत्ता लगाएको छ । अतिरिक्त जोखिमको सामना गर्नाले सार्वजनिक स्वास्थ्य प्रणालीमा तनाव निम्त्याउन सक्छ । खर्चका हिसाबले पनि जुम्ल्याहा सन्तानको व्यवस्थापन गर्न आर्थिक दृष्टिले चुनौतीपूर्ण देखिन्छ । जुम्ल्याहा बच्चा भएको गर्भावस्था व्यवस्थापन गर्न एकल बच्चाको तुलनामा पाँचगुणा बढी खर्च लाग्न सक्छ ।

दक्षिण एसियाले बाल मृत्युदर घटाउने क्षेत्रमा उल्लेख्य प्रगति गरेको छ । सन् १९९० देखि २०२२ सम्म पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ७२ प्रतिशतले घट्यो । तर, यहाँको विशाल जनसंख्याको कारणले गर्दा यो क्षेत्रमा अझै पनि विश्वको नवजात शिशु मृत्युको एकतिहाइ भाग रहेको भारतमा जुम्ल्याहा बच्चामा हुने मृत्युदरको अध्ययन गरेका हार्वर्ड विश्वविद्यालयका एसभी सुब्रमण्यम भन्छन् । थप नवजात शिशुलाई सघन हेरचाह एकाइ र शल्यक्रियामा बढ्दो पहुँचले जुम्ल्याहा गर्भावस्थाको उच्च दरले निम्त्याउन सक्ने जोखिमको केही अंश कम गर्न सहयोग गर्छ । ती कुरा महँगा छन् । तर, यस्तो लगानीविना शान्त जनसांख्यिकीय परिवर्तनले प्रगतिलाई पछाडि धकेल्न सक्छ ।

द इकोनोमिस्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २९ मंसिर ०८२

दूरसञ्चारका ग्राहकबाट इन्टरनेटको गुणस्तरमा सबैभन्दा धेरै गुनासो

इन्टरनेट प्रयोगकर्ता बढ्दै जाँदा सेवाको गुणस्तरसम्बन्धी गुनासोसमेत बढे, दूरसञ्चार प्राधिकरणमा प्रयोगकर्ताले गरेका ७३ प्रतिशत गुनासा इन्टरनेटसम्बन्धी


दूरसञ्चार प्राधिकरणको तथ्यांकअनुसार असोजसम्ममा तीन करोड एक लाख १६ हजार इन्टरनेट सेवाग्राही छन्, यीमध्ये अधिकांशले खस्कँदो गुणस्तरबारे गुनासो टिपाएका छन्

कृष्ण रिजाल/नयाँ पत्रिका

दूरसञ्चार सेवाग्राहीले इन्टरनेट सेवाको गुणस्तरलाई लिएर सबैभन्दा बढी गुनासो गर्ने गरेको देखिएको छ। नियामक निकायमा सेवाग्राहीले इन्टरनेट नचलेको, स्पिड घटबढ भएको, सुस्त भएकोलगायत गुणस्तरको विषयलाई लिएर सबैभन्दा बढी गुनासो गर्ने गरेका हुन्।

नेपाल दूरसञ्चार प्राधिकरणले हालै सार्वजनिक गरेको आफ्नो वार्षिक प्रतिवेदनमा गत आव ०८१/८२ मा सेवाग्राहीले कुल दुई सय ९४ गुनासो गरेका छन्। त्यसको ७३ प्रतिशत गुनासो इन्टरनेट सेवाका सम्बन्धमा रहेका छन्। त्यसमध्ये पनि ३८.५ प्रतिशत गुनासो इन्टरनेटको गुणस्तरका सम्बन्धमा रहेको छ।

आर्थिक वर्ष ०८१/८२ मा उपभोक्ताले गरेको गुनासो



नेपाल दूरसञ्चार प्राधिकरण सहायक प्रवक्ता डा. प्रदीप पौड्याल भन्छन्–

उपभोक्ताका सबै गुनासो फर्स्योट भएका छन्

सेवाग्राहीले सबैभन्दा पहिला सम्बन्धित कम्पनीमा गुनासो गर्छन्, त्यसपछि प्राधिकरणमा आउने हुन्, कतिपय भने सीधै प्राधिकरणमा समेत आउँछन्। प्राप्त गुनासोलाई हामी सम्बन्धित कम्पनीमा पठाउँछौं अनि उनीहरूले गुनासो सम्बोधन गरी समस्या समाधान भएको जानकारी प्राधिकरणमा गराउँछन्। प्राधिकरणमा प्राप्त सबै गुनासो फर्स्योट भइसकेका छन्।

कुन सेवाप्रदायकको सेवामा सबैभन्दा बढी गुनासो ?



दूरसञ्चार नियमावली, २०५४ मा प्राधिकरणबाट अनुमतिपत्रप्राप्त सेवाप्रदायकले सञ्चालन गरेको सेवाको सम्बन्धमा प्राधिकरणसमक्ष उजुरी गरेमा प्राधिकरणले उजुरीउपर छानबिन गरी सुनुवाइ गर्ने व्यवस्था रहेको छ। 'सोही व्यवस्थाअनुसार प्राधिकरणमा आव ०८१/८२ मा जम्मा दुई सय ९६ वटा गुनासा प्राप्त भएकामा सम्पूर्ण गुनासोलाई सम्बोधन गरिएको छ,' प्राधिकरणको प्रतिवेदनमा उल्लेख छ, 'अधिकांश गुनासोहरू इन्टरनेट नचलेको, इन्टरनेटको स्पिड घटबढ, बिलिङसम्बन्धी, नेटवर्क समस्यालगायतका रहेका छन्।' यस अवधिमा प्राप्त गुनासोहरूमध्ये सबैभन्दा धेरै गुनासो क्लासिक टेक प्रालिको (३२.६५ प्रतिशत) रहेको छ। सबैभन्दा कम गुनासो शिखर नेट प्रालि, फाइवर वर्ल्ड कम्युनिकेसन प्रालि र कस्मिक नेट प्रालिको ०.३४ प्रतिशत रहेको छ। प्राधिकरणले दूरसञ्चार सेवाको गुणस्तर कायम गरे-नगरेको सम्बन्धमा आव ०८०/८१ मा २३ वटा स्थानमा सेवाप्रदायकले ड्राइभ टेस्ट गरिएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार गत असोजसम्ममा विभिन्न सेवाप्रदायकका तीन करोड एक लाख १६ हजार इन्टरनेट सेवाग्राही रहेका छन्। अर्थात्, कुल जनसंख्याभन्दा बढी इन्टरनेट प्रयोगकर्ता पुगेका छन्। एकै ग्राहकले एकभन्दा बढी सेवा खरिद गरेका कारण जनसंख्याभन्दा बढी सेवाग्राही देखिएका हुन्। यसरी इन्टरनेटको प्रयोग बढ्दै गएपछि त्यससँग सम्बन्धित गुनासोसमेत बढेको हो।

उक्त आवमा इन्टरनेट नचलेको भन्दै ६० वटा गुनासो प्राप्त भएको प्राधिकरणले जनाएको छ। त्यस्तै, इन्टरनेट स्पिड घटबढ, इन्टरनेट सुस्त, प्याकेज र ब्यान्डविथका सम्बन्धमा ५३ वटा, मर्मत समस्यामा १३, बिलिङ र क्षतिपूर्ति सम्बन्धमा चारवटा, टोल फ्री नम्बरमा सात, राउटर समस्यामा १५ र धरौटी, महसुल फिर्ताका सम्बन्धमा १७ वटा गुनासो आएका छन्। अन्य ४५ गरी इन्टरनेट सेवाका सम्बन्धमा ग्राहकले दुई सय १४ गुनासो गरेको प्राधिकरणले प्रतिवेदनमा उल्लेख गरेको छ।

त्यस्तै, सेवाग्राहीले भ्वाइस सेवाको बिलिङ तथा ब्यालेन्सका सम्बन्धमा १० वटा गुनासो गरेका छन्। त्यस्तै, सिमकार्ड (रिचार्ज गर्दाको अवधि)का विषयमा २४ वटा, नेटवर्क समस्यामा १५, डेटा प्याकेमा १९, नम्बर परिवर्तनमा एक र ल्यान्डलाइनमा समस्या देखिएको सम्बन्धमा एउटा गुनासो प्राप्त भएको हो। अन्य १० समेत गरी भ्वाइस सेवामा वर्षभरिमा ८० गुनासो आएको प्राधिकरणको तथ्यांक छ।

प्राप्त सबै गुनासोको फर्स्योट तत्कालै गर्दै आएको प्राधिकरणका सहायक प्रवक्ता डा. प्रदीप पौड्याललले बताए। 'सेवाग्राहीले सबैभन्दा पहिला सम्बन्धित कम्पनीमा गुनासो गर्छन्, त्यसपछि प्राधिकरणमा आउने हुन्, कतिपय भने सीधै प्राधिकरणमा समेत आउँछन्,' उनले भने, 'प्राप्त गुनासोलाई हामी सम्बन्धित कम्पनीमा पठाउँछौं अनि उनीहरूले गुनासो सम्बोधन गरी समस्या समाधान भएको जानकारी प्राधिकरणमा गराउँछन्।'

कैलाली नाकाबाट चार महिनामा २० करोडको चामल आयात

समर्थन मूल्यमा धान बिक्री गर्न किसानलाई धौधौ छ, तर व्यापारीले भारतबाट सस्तो मूल्यको चामल ल्याएर बजारमा बिक्री बढाएका छन्



धनगढीमा **तेजराज भट्ट**

स्थानीय उत्पादनले उचित मूल्य र बजार नपाइरहँदा भारतबाट कैलाली भन्सार कार्यालय हुँदै चालू आर्थिक वर्ष ०८२/८३ को चार महिनामा पौने २० करोड मूल्यको चामल आयात भएको छ। कैलाली भन्सार कार्यालय, धनगढीको तथ्यांकअनुसार गत साउनदेखि कात्तिकसम्म त्रिनगर नाकाबाट १९ करोड ७५ लाख ५४ हजार मूल्यको ३४ लाख ५२ हजार किलो चामल स्थानीय व्यापारीले आयात गरेका छन्।

भन्सार कर्मचारीका अनुसार मंसिरमा पनि चामलको आयात बढिरहेको छ। गत आवमा त्रिनगर नाकाबाट ८९ करोड ६४ लाख मूल्यको एक करोड २६ लाख ५१ हजार किलो चामल आयात भएको भन्सार अधिकृत तेज रावलले जानकारी दिए।

भारतीय चामल सस्तोमा पाइने र नाफा बढी हुने भएकाले गल्ला व्यापारीले भारतबाट चामल आयातलाई प्राथमिकता दिन्छन्। भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा धान बिक्री गर्न र लागत उठाउनसमेत मुस्किल भएको गोदावरी नगरपालिकाको गेटाका किसान सत्यराज रावलले गुनासो गरे। भारतले त्यहाँका किसानलाई मल, बिउ, सिँचाइ, उपकरणमा धेरै सहुलियत दिने भएकाले त्यहाँ र यहाँको उत्पादन लागतमा फरक रहेको उनले बताए। 'सस्तो पाएर व्यापारीले उतैबाट चामल ल्याउँछन्, हामीलाई यहाँ धान बिक्री गर्नै मुस्किल छ,' उनले भने, 'हाम्रो उत्पादनले बजार पाउन मूल्यसँग प्रतिस्पर्धा हुने गरी भारतबाट आयात हुने चामलमा कर लगाइदिनुपर्छ।'

कृषि ज्ञानकेन्द्र कैलालीका अनुसार धान उत्पादनको उर्वर जिल्ला कैलालीमा करिब ६८ हजार हेक्टरमा बर्खे धान रोपिन्छ। कार्यालयले यस वर्ष दुई लाख ९४ हजार मेट्रिकटन धान उत्पादन भएको आकलन गरेको छ। कार्यालयका वरिष्ठ कृषि प्रसार अधिकृत टेकबहादुर विष्टले कैलालीमा उत्पादित धानमध्ये करिब आधा उपभोग हुने र आधा बिक्री हुने अनुमान रहेको बताए।

कृषि ज्ञानकेन्द्रको अनुमानअनुसार किसानले झन्डै डेढ लाख मेट्रिकटन धान बिक्री गर्छन्। खाद्य व्यवस्था कम्पनीले भने यो सिजनमा कैलालीबाट ३८ हजार नौ सय ४८ क्विटल मात्र मोटो धान खरिद गरेको छ।



कैलालीको भजनी, लालबोझीका किसान सन्तराम चौधरी भन्छन्–

भारतबाट हुने आयातका कारण स्वदेशी धान बिक्री गर्न कठिनाइ भइरहेको छ। सरकारले तोकेको भन्दा प्रतिक्विन्टल आठ सय ६० रुपैयाँ र गत वर्षको बजार मूल्यभन्दा यस वर्ष पाँच सय रुपैयाँ कममा बिक्री गर्नुपर्‍यो।

'किसान धान खरिद पुनः सुरु हुन्छ कि भनेर खरिद केन्द्रहरूमा अहिले पनि सोध्न आइरहन्छ,' खाद्यको प्रादेशिक कार्यालय धनगढीका प्रमुख दीपक थापाले भने, 'कोटा बढाउन केन्द्रलाई आग्रह गरेका छौं।' यस वर्ष ३५ हजार क्विन्टल कोटा तोकिएकोमा खरिद केन्द्रभित्र आएको समेत गरी करिब ३९ हजार क्विन्टल खरिद गरिएको उनले बताए।

दुई वर्षयता त्रिनगर नाकाबाट चामलको आयात ह्वात्तै बढेको छ। भन्सारको तथ्यांकअनुसार आर्थिक वर्ष ०८०/८१ मा पाँच करोड ९३ लाख मूल्यको ६ लाख १० हजार किलो चामल आयात भएको थियो।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०८/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

धनुषा जिल्ला, सखुवा महेन्द्रनगर वडा नं. १ (हाल क्षिरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६९ साल फाल्गुन महिना ६ गते रोज १ मा प्रा.फ.र.नं. ५३४२/८८९/०६९/७० स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०६९/११/०६ मा स्थायी लेखा नम्बर (PAN) ६०१००३२९३ अन्तर्गत दर्ता कायम भएको **नेहा रेडिमेड फैन्सी स्टोर्स**।

प्रोप्राइटर : धनवीर चौधरी

व्यक्तिगत जमानीकर्ताको विवरण

१. द्वारिका चौधरीको नाति, राम नारायण चौधरीको छोरा, धनुषा जिल्ला, सावित्र विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **धनवीर चौधरी** (ना.प्र.नं. ०७७४२४४३, जारी मिति २०५९/११/२०, जि.प्र.का. धनुषा)।	२. द्वारिका चौधरीको नाति, राम नारायण चौधरीको छोरा, धनुषा जिल्ला, सावित्र विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **रघुवीर चौधरी** (ना.प्र.नं. ०७७४२५००, जारी मिति २०६१/११/२३, जि.प्र.का. धनुषा)।
३. द्वारिका चौधरीको नाति, राम नारायण चौधरी कलवारको छोरा, धनुषा जिल्ला, सावित्र विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **महावीर चौधरी कलवार** (ना.प्र.नं. १७३०९४/३१८, जारी मिति २०६३/१२/०६, जि.प्र.का. धनुषा)।	४. राम नारायण चौधरीको बुहारी, धनवीर चौधरीको पत्नी, धनुषा जिल्ला, सावित्र विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **शैल कुमारी कलवार** (ना.प्र.नं. १७३०९४/३१९, जारी मिति २०६३/१२/०६, जि.प्र.का. धनुषा)।
५. द्वारिका चौधरीको बुहारी, राम नारायण चौधरीको पत्नी, धनुषा जिल्ला, सावित्र गोपालपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **पासपति देवी चौधरी कलवार** (ना.प्र.नं. ०७७४१३७९, जारी मिति २०३६/०९/२३, जि.प्र.का. धनुषा)।	

धितोको विवरण

१. पासपति देवी चौधरी कलवार (ना.प्र.नं. ०७७४१३७९, जारी मिति २०३६/०९/२३, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, सावित्र वनिनिया गा.वि.स./न.पा. वडा नं. ९ नक्सा सिट नं. ९ हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ स्थित कि.नं. ५३६ को क्षेत्रफल ०-०-१८-० (वि.क.धु.क.) र धनुषा जिल्ला, सावित्र हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ घ हाल धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ५ स्थित कि.नं. १६८१ को क्षेत्रफल ०-०-८-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. नेहा रेडिमेड फैन्सी स्टोर्सको स्वामित्वमा रहेको माल सामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank

शाखा कार्यालय : क्षिरेश्वर, महेन्द्रनगर
फोन : ०४१-५४०४२८
Website : www.siddharthabank.com

कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०८/२५ गते नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस सहकारी संस्था लिमिटेडबाट लिएको ऋण कर्जाको समय अवधि गुज्रिसकेको र यस भन्दा अघि विभिन्न मितिमा कर्जा चुक्ता सम्बन्धी बारम्बार मौखिक तथा लिखित पत्रद्वारा तरताकेता र राष्ट्रिय दैनिक पत्रिकाहरूमा सार्वजनिक सूचनाहरू प्रकाशन गर्दा समेत अटेर गरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लघंन गर्नु भएको हुंदा यो ७ दिने लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। अतः यो सूचनाको ७ दिनभित्र ऋणीले उपभोग गरेको व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर चुक्ता नगरेमा ८औं दिनमा संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रि गरी संस्थाको लेना रकम साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर असूल उपर गरिनुका साथै नाम सहित कालो सुचीमा प्रकाशन गरिनेछ। यसरी सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्रि गर्दा पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरूको अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरिने छ।

ऋणीको विवरण	सुरक्षणको विवरण	धनजमानीकर्ताको विवरण
नाम : मत माया गुरुङ ठेगाना :सुन्दरबजार नं पा-७, लमजुङ पिता : धन बहादुर गुरुङ बाजे : देवान सिङ गुरुङ	जिल्ला : लमजुङ गा. वि. स./न. पा. : सुन्दरबजार-४ वडा नं. / निस्सा सिट नं. ४/४ किता नं. २५२६ को क्रमश : क्षेत्रफल : ०-८-०-०	**नाम : दल बहादुर गुरुङ** ठेगाना : सुन्दरबजार न.पा.-४, लमजुङ पिता : गोकुल बहादुर गुरुङ बाजे : मनध्वज गुरुङ
नाम : देवान्नद गुरुङ ठेगाना :सुन्दरबजार नं पा-७, लमजुङ पिता : देवी गुरुङ बाजे : अग बहादुर गुरुङ	जिल्ला : लमजुङ गा. वि. स/ नं पा. : उदीपुर वडा नं. / निस्सा सिट नं. ३/३ किता नं. : ७०१ को क्रमश : क्षेत्रफल : ०-९-१-०	**नाम : दिपेन गुरुङ** ठेगाना : सुन्दरबजार न.पा.-७, लमजुङ पिता : देवान्नद गुरुङ बाजे : देवी गुरुङ
नाम : होम बहादुर थापा ठेगाना :सुन्दरबजार नं पा-९, लमजुङ पिता : चेत बहादुर थापा बाजे : रत्न सिङ थापा	जिल्ला : लमजुङ गा. वि. स./ नं पा : भोटेओटार वडा नं. / निस्सा सिट नं. ९/९ किता नं. ३६०३ को क्रमश : क्षेत्रफल : ०-३-२-०	**नाम : मविता थापा** ठेगाना : सुन्दरबजार न.पा.-९, लमजुङ पिता : होम बहादुर थापा बुवा : बुद्ध बहादुर थापा
नाम : जुना थापा ठेगाना : सुन्दरबजार नं पा-८, लमजुङ पिता : कृष्ण बहादुर थापा बाजे : चित्र बहादुर थापा	जिल्ला : लमजुङ गा. वि. स./ नं पा : तान्द्रड टक्सार वडा नं. / निस्सा सिट नं. ८/८ किता नं. १०८४ को क्रमश : क्षेत्रफल : ०-५-३-०	**नाम : दिल माया गुरुङ** ठेगाना : व्यास नं पा.-८, तनहूं पिता : सुन बहादुर गुरुङ बाजे : मन बहादुर गुरुङ **नाम : कृष्ण बहादुर थापा** ठेगाना : सुन्दरबजार नं पा-८, लमजुङ पिता : चित्र बहादुर थापा

लिलाम बिक्रि तथा बोलपत्र सम्बन्धि अन्य शर्त बन्देजहरू :

१. यो सूचना प्रकाशित भएको मिति देखी ७ औं दिन दिनको १५:०० बजे सम्म पनि सम्पूर्ण कर्जा चुक्ता गर्न नआएमा ८औं दिन संस्थाको कार्यालय सुन्दर बजार, लमजुङमा बिहान १०:०० देखी १६:०० बजे सम्ममा डाँक बढाबढगरी सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्रि स्वीकृति गरिने छ।

२. लिलाम बिक्रि हुने दिन सार्वजनिक बिदा परेमा बिदाको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम बिक्रि हुनेछ।

३. लिलाम बिक्रि स्वीकृत भए लगतै लिलाम स्वीकार्ने व्यक्तिले सकार गरेको मूल्यको १० (दश) प्रतिशत रकम सोही दिन धरौटीको रुपमा संस्थामा बुझाउनु पर्नेछ। लिलाम सकार्ने व्यक्तिले सोही दिन धरौटी बापत बुझाउनु पर्ने रकम नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम स्विकृत हुनेछ।

४. डाँक बोल कबोल स्विकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

५. लिलाम सकार गर्ने व्यक्तिले पूरा रकम बुझाईसके पछि संस्थाले आवश्यक प्रकृया पूरागरी उक्त सम्पति लिलाम सकार गर्ने व्यक्तिको नाममा रजिष्ट्रेशन पासगरि दिनेछ। यसरी दाखिल खारेज गरी रजिष्ट्रेशन पास गर्दा लाग्ने सम्पूर्ण शुल्क खर्च लिलाम सकार्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।

६. लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पति कसैले सकार नगरेमा संस्थाले उक्त सम्पतिको स्वामित्व आफै सकार गरी लिन वा अन्य व्यवस्था गर्न सक्नेछ।

७. लिलाम बिक्रि हुने दिन समयभित्र नै सरोकारवाला व्यक्तिहरू सबैलाई उपस्थित हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। निजहरूको उपस्थित नभएमा पनि लिलाम बिक्रि कार्य रोकिने छैन।

८. बोलपत्र खोलिनु अगावै ऋणीको तर्फबाट संस्थाको नियमानुसार संस्थालाई भुक्तानी गनुपर्ने सम्पूर्ण साँवा ब्याज बुझाएमा संस्थाले सो लिलाम बिक्रि रद्द गर्न सकिने छ।

९. लिलाम बिक्रि हुने सम्पतिको विस्तृत जानकारीको लागि संस्थामा सम्पर्क गर्न सक्नु हुनेछ।

श्री सुन्दरबजार बहुउद्देशीय सहकारी संस्था लि.
सुन्दर बजार न. पा.-६, लमजुङ

इजरायलमा सहायक कामदार छनोट भएकालाई करार सम्झौता गर्न आग्रह



नयाँ पत्रिका

इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारका रूपमा काम गर्न जाने गरी आवेदन दिएकामध्ये १० युवा छनोट भएका छन्। उनीहरूलाई केयर गिभरका रूपमा रोजगारी दिने गरी इजरायलको रोजगारदाता कम्पनीबाट करार सम्झौता पत्रसमेत आएको वैदेशिक रोजगार विभागले जनाएको छ।

सम्झौतापत्र आएका युवालाई इजरायल पठाउन तथा भिसा प्रक्रियाका लागि इजरायली दूतावासको कन्सुलर डिभिजनमा समेत पठाउने प्रयोजनका लागि सोमबार बिहान साढे १० बजे विभागमा उपस्थित हुन परिपत्रसमेत गरेको विभागले जनाएको छ। विभागमा उपस्थित हुँदा म्याद बहाल रहेको प्रहरी चारित्रिक प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि, सक्कल राहदानी र सोको प्रतिलिपि, पासपोर्ट साइजको हालसालै खिचेको रंगीन फोटो र पुरानो मेडिकल रिपोर्टको प्रतिलिपि तथा त्यसअघिको स्वास्थ्य परीक्षण गरिएका स्वास्थ्य संस्थाबाट पुनः स्वास्थ्य परीक्षण गराई मेडिकल रिपोर्टको प्रतिलिपिसमेत लिएर उपस्थित हुन विभागले सूचना जारी गरेको छ।

छनोट भएका युवाहरूको इमेल ठेगानामा इजरायली रोजगारदाताले पठाएको करार सम्झौता, स्वयं घोषणापत्र र बिमासम्बन्धी कागजात विभागले पहिले नै पठाएकाले राम्ररी अध्ययन गर्न पनि सुझाव दिइएको छ। इजरायलको केयर गिभरमा सरकारीस्तरबाट सम्झौता भई नेपाली युवा श्रमका लागि जाने गरेका छन्। सम्पूर्ण छनोट प्रक्रिया नेपालस्थित इजरायली दूतावासको समन्वयमा विभागले गर्दै आएको छ।

सुन प्रतितोला दुई हजार दुई सय महँगियो



अन्तर्राष्ट्रिय बजारमा निरन्तर बढिरहेका कारण नेपाली बजारमा पनि मूल्य बढेको सुनचाँदी व्यवसायीको भनाइ

नयाँ पत्रिका

आइतबार सुनको मूल्य बढेको छ। दुई हजार दुई सय रुपैयाँले बढेर प्रतितोला दुई लाख ५८ हजार आठ सय रुपैयाँमा कारोबार भएको सुनचाँदी व्यवसायी महासंघले जनाएको छ।

अघिल्लो दिन शुक्रबार भने प्रतितोला दुई लाख ५६ हजार ६ सय रुपैयाँमा कारोबार भएको थियो। यस्तै, चाँदीको मूल्य भने घटेको छ। प्रतितोला ८० रुपैयाँले घटेर आइतबार तीन हजार आठ सय २५ रुपैयाँमा कारोबार भएको महासंघले जनाएको छ। शुक्रबार भने तीन हजार नौ सय पाँच रुपैयाँमा चाँदीको मूल्य कायम भएको थियो।

अन्तर्राष्ट्रिय बजारमा निरन्तर बढिरहेका कारण नेपाली बजारमा पनि मूल्य बढेको महासंघले जनाएको छ।

ठुला लगानीकर्ता सुरक्षित लगानीको खोजीमा सुनतर्फ आकर्षित भएको तथा अन्तर्राष्ट्रिय व्यापार युद्धले विश्व अर्थतन्त्र असन्तुलित रहेका कारण सुनको भाउमा उतारचढाव आइरहेको हो।

प्रभु महालक्ष्मीले सुरु गऱ्यो ई-पोलिसी लोन



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले 'ई-पोलिसी लोन' सुरु गरेको छ। २८ मंसिरबाट स्थापनाको नवौँ वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले यो योजना ल्याएको जनाएको छ। कम्पनीका अनुसार यो योजनाअन्तर्गत डिजिटल माध्यमबाट बिमालेख धितो राखी ऋण लिन पाइनेछ। कम्पनीका सञ्चालक वीरेन्द्रजंग पाण्डे, सम्झना अर्याल, सुसन शेरचन, शमशेर पराजुली र भावना बलायरका साथै प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंलगायतले 'ई-पोलिसी लोन' सुरुवात गरेका हुन्।

सिइओ प्रसाईंले 'डिजिटल रूपान्तरणका पाइला'का रूपमा कम्पनीले बिमा क्षेत्रलाई आधुनिक प्रविधि अपनाएर अगाडि बढाएको बताए। उनले जुनसुकै स्थानबाट सहज सेवा प्रवाह गर्न यो पोलिसी ल्याइएको स्पष्ट पारे।

यद्यपि, यो सेवा लिन बिमालेख कम्तीमा तीन वर्ष पूरा भएको, तीन वर्षको बिमाशुल्क तिरेको र बिमालेख चालू रहेको हुनुपर्नेछ भने केवाइसी तथा बैंक अकाउन्ट अद्यावधिक भएको हुनुपर्ने कम्पनीको भनाइ छ। सेवा कम्पनीको वेबसाइट तथा एप दुवैमा उपलब्ध हुने बताइएको छ। 'ई-पोलिसी लोन'का साथै एआई च्याटबट, डायनामिक क्युआर, लग इन पोर्टल पनि सुरु गरिएको कम्पनीले जनाएको छ।

त्यसैगरी, वार्षिकोत्सवकै अवसर पारेर कम्पनीले तिखेदेवल, ललितपुरमा निःशुल्क मुटुरोग जाँच शिविर सञ्चालन गरेको छ। ओम अस्पतालका विशेषज्ञ डा. दिवाकर पराजुली नेतृत्वको १० सदस्यीय टोलीले बिरामीको मुटुको स्वास्थ्य परीक्षण गरेका थिए।

शिविरमा सहभागीलाई निःशुल्क औषधिसमेत वितरण गरिएको प्रभु महालक्ष्मी लाइफले जानकारी दिएको छ। शिविरबाट पाँच सयभन्दा बढी स्थानीय लाभान्वित भएको कम्पनीले जनाएको छ। यससँगै प्रभु महालक्ष्मी लाइफले देशैभरिका एक सय १५ शाखा तथा उपशाखा कार्यालयमा विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाएको छ।

१२.५० अंकले घट्यो सेयर बजार

काठमाडौं/ नेप्से परिसूचक २६ सय विन्दुबाट तल झरेको छ। आइतबार नेप्से १२.५० अंकले घटेर दुई हजार ५९४.८७ विन्दुमा कायम भएको हो। सो दिन तीन सय ३० कम्पनीका एक करोड १२ लाख ७२ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा चार अर्ब ७४ लाख ५५ हजार रुपैयाँबराबरको कारोबार भएको छ।

नेप्सेका १३ उपसमूहमध्ये बैंक र म्युचुल फन्ड एक प्रतिशतभन्दा कमले उकालो लाग्दा बाँकी सबै समूह घटेका छन्। घटेका समूहमा एक प्रतिशतभन्दा कमको गिरावट आएको हो।

बजार घटे पनि आइतबार स्वस्तिक लघुवित्तको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। एसवाई प्यानलको मूल्य ९.९८ प्रतिशतले वृद्धि हुँदा अपर साङ्जे हाइड्रोका लगानीकर्ताले चार प्रतिशतभन्दा धेरैले गुमाए।

साधारणसभाबाट हिमालयन क्यापिटलको लाभांश पारित



काठमाडौं/ हिमालयन क्यापिटल लिमिटेडको आठौँ वार्षिक साधारणसभाले लाभांश पारित गरेको छ। सभा क्यापिटलको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा आइतबार सम्पन्न भएको हो।

सो सभाले सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम १५ प्रतिशत नगद लाभांश वितरणको स्वीकृति पारित गरेको छ। त्यस्तै, आर्थिक वर्ष ०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै ०८२ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायत वार्षिक वित्तीय विवरणउपर छलफल गरी पारित गरिएको कम्पनीले जनाएको छ। कार्यक्रममा संस्थाका अध्यक्ष सुनीलप्रसाद गोर्खालीले संस्थाका भावी योजनाबारे प्रकाश पारेका थिए। सभामा गत आवका उपलब्धिको समीक्षासमेत गरिएको थियो।

संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) परमेश्वर पन्तले संस्थाले प्रविधिको प्रयोग गर्दै आफ्ना सबै ग्राहकलाई आगामी दिनमा अझ प्रभावकारी सेवा प्रदान गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी हिमालयन क्यापिटलले मर्चेन्ट बैंकिङ सेवा दिँदै आएको छ। जसअन्तर्गत निक्षेप सदस्य, सेयर रजिस्ट्रार, निष्कासन तथा बिक्री प्रबन्धन, लगानी व्यवस्थापन, कोष व्यवस्थापक तथा डिपोजिटरी र संस्थागत परामर्श सेवा रहेका छन्।

भैँसेपाटीमा सञ्चालनमा आयो एलजीको पहिलो लन्ड्री लाउन्ज



काठमाडौं/ नेपालकै पहिलो लन्ड्री लाउन्ज सञ्चालनमा आएको छ। सिजी इलेक्ट्रोनिक्सले क्लासी क्लिनसँगको सहकार्यमा एलजीद्वारा सञ्चालित लन्ड्री लाउन्ज, भैँसेपाटी, ललितपुरमा सञ्चालनमा ल्याएको हो। यसको उद्घाटन चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरी तथा एलजी बंगलादेशका प्रबन्ध निर्देशक जेराल्ड चुनले संयुक्त रूपमा गरेका हुन्।

लन्ड्री लाउन्ज एलजीका प्रोफेसनल-ग्रेड वासर र ड्रायरमा आधारित एक आधुनिक व्यावसायिक लन्ड्रोम्याट अवधारणा रहेको कम्पनीको भनाइ छ। लन्ड्रीले अत्याधुनिक एलजी प्रोफेसनल उपकरण र आकर्षक भिजुअल पहिचानलाई एकै ठाउँमा समेट्दै लन्ड्रोम्याटको नयाँ र नवीन अनुभव प्रदान गर्नेछ।

यो साझेदारीमा आधारित लन्ड्रोम्याट मोडेलले पूर्ण व्यावसायिक समाधान उपलब्ध गराउनुका साथै ग्राहकलाई आकर्षित गर्ने कम्पनीले जनाएको छ।

लाउन्जको सञ्चालन सिजीका साझेदारले गरिरहेका छन् भने यसमा एलजी कमर्सियल लन्ड्री सिस्टम जडान गरिएको बताइएको छ। यसले उच्च गुणस्तरीय धुने तथा सुकाउने सेवा प्रदान गर्नेछ। एलजीका कमर्सियल लन्ड्री मेसिनले सरसफाइ, प्रभावकारी धुने र सुकाउने प्रक्रिया, पानी तथा ऊर्जाको दक्ष प्रयोग र कपडाको राम्रो हेरचाह सुनिश्चित गर्नेछन्। त्यस्तै, ड्रायरहरूले उच्च तापक्रमको हावाको प्रयोग गरी कपडालाई स्यानिटाइजसमेत गर्ने कम्पनीको दाबी छ।

'विश्वव्यापी प्रतिस्पर्धामा अब्बल बन्छौँ'

काठमाडौं/ गोल्यान ग्रुपका नवनियुक्त अध्यक्ष अक्षय गोल्यानले नेपालको उत्कृष्टतालाई विश्वमञ्चमा अझ बलियोसँग स्थापित गर्ने बताएका छन्।

आइतबार गोल्यान टावरमा आयोजित बधाई तथा स्वागत कार्यक्रममा गोल्यानले यस्तो बताएका हुन्। 'हामी एउटा यस्तो 'नवीन' र उत्कृष्ट गोल्यान ग्रुप निर्माण गर्नेछौँ, जसले विश्वव्यापी प्रतिस्पार्धामा आफूलाई अब्बल साबित गर्नेछ,' उनले भने, 'जहाँ हाम्रो देशप्रतिको जिम्मेवारी प्रतिबिम्बित हुनेछ।'

नवनियुक्त अध्यक्ष गोल्यानले सबैको सामूहिक प्रयासबाट अग्रणी व्यावसायिक संस्थाका रूपमा स्थापित गोल्यान ग्रुपलाई थप उचाइमा पुऱ्याउन आफ्नो प्रयास रहने बताए।

गोल्यान ग्रुप नेपालको उत्पादनमूलक उद्योग, नवीकरणीय ऊर्जा, कृषि र हस्पिटालिटी क्षेत्रमा बलियो उपस्थिति रहेको अग्रणी व्यावसायिक समूह हो। करिब १० हजार कर्मचारी कार्यरत गोल्यान ग्रुपले ६० भन्दा बढी ग्लोबल मार्केटमा उपस्थिति रहेको छ।

मोटरसाइकल हरायो

मिति २०८२/०८/२३ गते अन्दाजी २३:१५ बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.-३१ भिमसेनगोला स्थित सडक खण्डमा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको Emerald Green रंगको 350 CC Royal Enfield मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: उदय बहादुर गाईन
मो.सा.नं.: क.प्र. ०२-००३ प ३३५६
चेसिस नं.: ME3J3C5FGSN000083
इन्जिन नं.: J3A5FFS2058990
सम्पर्क नं.: 9860536870

सर्टिफिकेट हरायो

मिति २०८२/८/१ गते कुपण्डोल बाट थापाथलीसम्म जाँदा मेरो निम्न व्यहोराको NEB बाट जारी भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुदाँ पाउनुहने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु।

Name : Santosh Khadayat
Reg. No.: 772711715
Symbol No.: 22704080
Serial No. : M26094
Mobile No.: 9768919161

एपेक्स मकालु हाइड्रोपावर लिमिटेड
नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०८/२९)

शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८२/०८/१९ गते शुक्रबार बिहान ११:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व. २०८१/०८२ को नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बोलाउने निर्णय भएको हुँदा उक्त साधारण सभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, स्थान र समय
मिति : २०८२/०९/१४ गते, सोमबार अर्थात डिसेम्बर २९, २०२५।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं.-५ नक्साल, काठमाडौं।
समय : बिहान ११:०० बजे।

छलफलका विषयहरू:
विशेष प्रस्ताव
१. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
२. प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन दिएको खण्डमा सो बमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

सामान्य प्रस्ताव
१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, २०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन लगायत सम्पूर्ण अनुसूची पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड
नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०८/२९)

शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८२/०८/१९ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व. २०८१/०८२ को नवौं वार्षिक साधारण सभा निम्न मिति,स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बोलाउने निर्णय भएको हुँदा उक्त साधारण सभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति,स्थान र समय
मिति : २०८२/०९/१४ गते, सोमबार अर्थात डिसेम्बर २९, २०२५।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं. ५ नक्साल, काठमाडौं।
समय : दिउँसो २:३० बजे।

छलफलका विषयहरू:
विशेष प्रस्ताव
१. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
२. प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन दिएको खण्डमा सो बमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

सामान्य प्रस्ताव
१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, २०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन लगायत सम्पूर्ण अनुसूची पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नबिल बैंक लिमिटेड, तीनधारा शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०८/२९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन,२०१४ बमोजिम नेपाल सरकार, उद्योग,वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा मिति २०७७/०९/१० मा दर्ता नं. ३-३५-३८२-१५७२४०/२०७७/७८ अन्तर्गत दर्ता भएको **रेस्मा फेन्सि पसल**। ठेगाना : काठमाडौं जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.१, बानेश्वर,काठमाडौं।
२. उदयराज उपाध्यायको नातिनी, पर्शुराम शर्माको छोरी, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३४ बस्ने, ना.प्र.नं २९२८/६११९/३५६३६/५०२५६ (जारी मितिः २०५१/०७/१० स्थान काठमाडौं), भएकी **परिक्षा पौडेल**।

व्यक्तिगत जमानतकर्ताको विवरण

तुलसी प्रसाद गौतमको नातिनी,श्याम कृष्ण गौतमको छोरी, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं १९,बत्तीस पुतली बस्ने, ना.प्र.नं १८६१ (जारी मितिः २०२७/०३/०३ स्थान काठमाडौं), भएकी **बिमला गौतम**।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

सिउरी न्यादी पावर लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ। फोन नं.: ०१-५९१७१०६

बार्षिक साधारण सभा सम्वन्धि सूचना

श्री शेयरधनी महानुभावहरु,
मिति २०८२/०८/२४ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस सिउरी न्यादी पावर लिमिटेडको नवौं बार्षिक साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुको समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय :
स्थान : स्मार्ट दरबार, शंखपार्क, काठमाण्डौं।
मिति : २०८२/०९/२५ गते शुक्रबार (तद्नुसार जवनरी ९, २०२६)
समय : विहान १०:०० वजे।

छलफलका लागि प्रस्तावित विषयहरु :
(क) सामान्य प्रस्तावहरु :
(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने।

(ख) विशेष प्रस्तावहरु :
(१) आयोजनाको लागानी व्यवस्थापनको लागि शेयरको प्राथमिक निश्काशन (Initial Public Offering – IPO) गर्न नेपाल धितोपत्र बोर्डमा निवेदन पेश गरिएकोमा सो लाई निरन्तरता दिने।
(२) शेयरको प्राथमिक निश्काशन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन प्राप्त भएमा सोलाई सम्बोधनका लागि आवश्यक संसोधन, समायोजन गर्न लगायत सो सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

(ग) विविध

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

धितोमा रहेको चल/अचल सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०८/२९ गते

यस माछापुच्छ्रे बैंक लि. लहान शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०८/१४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. प्रतिभा यादव
ना.प्र.नं. ३२०/स.सि. ७१६३, जि.प्र.का. सिराहा, जारी मिति : २०५५/०५/३१
बाबु : रामऔतार यादव, पति : श्याम सुन्दर यादव, ससुरा : हरिनारायण यादव
ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७, हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १

व्यक्तिगत जमानतकर्ताहरू

१. श्याम सुन्दर यादव ना.प्र.नं. १५-०१-६९-०५६५४, जि.प्र.का. सिराहा जारी मिति : २०६९/११/२२ बाबु : हरिनारायण यादव बाजे : धनीलाल यादव ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १	**२. प्रतिभा यादव** ना.प्र.नं. ३२०/स.सि. ७१६३, जि.प्र.का. सिराहा जारी मिति : २०५५/०५/३१ बाबु : रामऔतार यादव, पति : श्याम सुन्दर यादव ससुरा : हरिनारायण यादव ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १
३. हरिनारायण यादव ना.प्र.नं. १३५४०८३८, जि.प्र.का. सिराहा जारी मिति : २०३४/१०/२१ बाबु : धनीलाल यादव, बाजे : सोबरन ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १	**४. रेसमि यादवनी** ना.प्र.नं. १३५४०८३९, जि.प्र.का. सिराहा जारी मिति : २०४५/०१/२१ पति : हरिनारायण यादव, ससुरा : धनीलाल यादव ठेगाना : सिरहा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ७ हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १

धितोमा रहेको सम्पतिको विवरण

सोबरनको नाति, धनीलाल यादवको छोरा, सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १ बस्ने हरिनारायण यादवको नाममा मालपोत कार्यालय लाहान, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ क स्थित कि.नं. ७५३ को क्षेत्रफल ०-१-०-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम, ठेगाना

२. श्याम सुन्दर यादव
ना.प्र.नं. १५-०१-६९-०५६५४, जि.प्र.का. सिराहा, जारी मिति : २०६९/११/२२
बाबु : हरिनारायण यादव, बाजे : धनीलाल यादव
ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७, हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १

व्यक्तिगत जमानतकर्ताहरू

१. श्याम सुन्दर यादव ना.प्र.नं. १५-०१-६९-०५६५४, जि.प्र.का. सिराहा जारी मिति : २०६९/११/२२ बाबु : हरिनारायण यादव बाजे : धनीलाल यादव ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १	**२. प्रतिभा यादव** ना.प्र.नं. ३२०/स.सि. ७१६३, जि.प्र.का. सिराहा जारी मिति : २०५५/०५/३१ बाबु : रामऔतार यादव, पति : श्याम सुन्दर यादव ससुरा : हरिनारायण यादव ठेगाना : सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १

धितोमा रहेको सम्पतिको विवरण

रामऔतार यादवको छोरी, हरिनारायण यादवको बुहारी, श्याम सुन्दर यादवको पत्नी, सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १ बस्ने प्रतिभा यादवको नाममा मालपोत कार्यालय लाहान, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, भवानीपुर प्र.ध. गा.वि.स. वडा नं. ७ क स्थित कि.नं. ७६९ को क्षेत्रफल ०-१-१६-४ (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरू

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८२/०९/१४ सोमबार कार्यालय समय सम्म शाखा कार्यालय, लहान	२०८२/०९/१६ बुधबार दिनको ३:३० बजे शाखा कार्यालय, लहान

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लहान



लुम्बिनी च्याम्पियन बन्दाका चार नायक

पहिलो संस्करणमा पुछारमा रहेको लुम्बिनी अविस्मरणीय प्रदर्शन गर्दै दोस्रो प्रयासमै च्याम्पियन बन्न सफल

रमेश सुवेदी/नयाँ पत्रिका

चामत्कारिक प्रदर्शन गर्दै लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपिएल) उपाधि जितिसकेको छ। पहिलो संस्करणमा पुछारमा रहेको लुम्बिनी दोस्रो अवसरमै आफूलाई प्रमाणित गर्न सफल भयो। कप्तान रोहितकुमार पौडेलले सानदार प्रदर्शन गर्दै टोलीलाई पछिल्लो पाँच खेलमा लगातार जित दिलाए। लिग चरणमा उत्कृष्ट प्रदर्शन गरेका सुदूरपश्चिम रोयल्सलाई फाइनलमा, दोस्रो स्थानमा रहेको विराटनगरलाई क्वालिफायर २ तथा तेस्रो स्थानमा रहेको काठमाडौं गोर्खाजलाई इलिमिनेटरमा स्तब्ध बनाउँदै लुम्बिनी च्याम्पियन बन्यो। २७ दिनसम्म चलेको क्रिकेट महोत्सवको लिग चरणमा भने लुम्बिनीको प्रदर्शनमा उतारचढाव आइरह्यो। लिग चरणमा सातमध्ये चार खेल जितेर टोली चौथो हुँदै प्ले अफमा स्थान बनाउन सफल भएको थियो।

लगातार तीन खेलमा पराजित हुँदा टोलीको प्ले अफ यात्रा संकटमा थियो, तर उत्कृष्ट कमब्याक गर्न सफल भयो। टोलीको यो यात्रामा कप्तान रोहितले सानदार प्रदर्शन गरे। रोहितसँगै शेर मल्ल, विदेशी खेलाडीद्वय रुबेन ट्रम्पलम्यान र डार्सी सटले उत्कृष्ट प्रदर्शन गरे।

यी चारै खेलाडी लुम्बिनी च्याम्पियन बन्दाका मुख्य नायक हुन्। त्यस्तै, सन्दीप जोरा, दिलीप नाथ, तिलक भण्डारी, दिनेश अधिकारी, अभिशेष गौतम, निरोसन डिकवेलजस्ता खेलाडीको प्रदर्शन पनि महत्त्वपूर्ण रह्यो।



रोहितकुमार पौडेल
रन : २७६, **विकेट** : १०

एनपिएलले नयाँ च्याम्पियन लुम्बिनी लायन्स पाउँदा कप्तान रोहितको प्रदर्शन उच्च रह्यो। राष्ट्रिय टोलीका कप्तानसमेत रहेका रोहितले टोलीलाई संकट आइलाग्दा रन मात्रै बनाएनन्, विकेट पनि लिए। फाइनलमा ह्याट्रिक विकेट लिए। यस्तो अवसर विश्व क्रिकेटमा कमै आउँछ। रोहितले फाइनलमा ह्याट्रिक गर्दा समग्रमा १० विकेट लिए।

यता, अर्धशतक नबनाए पनि उनले २७६ रन बनाएका छन्। रोहित प्रतियोगितामा सर्वाधिक रन बनाउने दोस्रो खेलाडी हुन्। त्यस्तै, पहिलो नेपाली खेलाडी बने। २३ वर्षीय दायाँहाते ब्याटरले उत्कृष्ट प्रदर्शनसँगै ६० लाखबराबरको कार र पल्सर बाइक प्राप्त गरेका छन्। यो प्रतियोगितासँगै रोहितले एकै वर्षमा जिन्सी पुरस्कारसहित करिब एक करोड हात पारेका छन्। रोहित एकदिवसीय टी-२० विश्वकपका कान्छा कप्तानसमेत हुन्।

शेर मल्ल
(**विकेट** : १७, **रन** : ४६)

शेर मल्ल एनपिएल उपाधि लगातार जित्ने एक मात्रै खेलाडी हुन्। गत सिजन जनकपुर बोल्ट्स च्याम्पियन हुँदा शेर टोलीका मुख्य खेलाडी थिए। टोली च्याम्पियन भए पनि उनी रिटेन हुन सकेनन्। मिनी अक्सनबाट लुम्बिनीले क्याटगोरी 'बी'का शेरलाई दश लाखमा प्राप्त गरेको थियो। लगातार भाग्यमानी बन्दै शेर दोस्रोपटक च्याम्पियन बन्न सफल भएका छन्। यसपटक उनको प्रदर्शन निकै उच्चस्तरको रह्यो। राष्ट्रिय टोलीमा स्थापित भएका बलरहरूलाई पछि पार्न सफल भए। नौ इनिङ्समा सर्वाधिक १७ विकेट हात परे। इमर्जिङ प्लेयर घोषित हुँदै पल्सर बाइक पाएका छन्। धनगढीका २३ वर्षीय खेलाडीले लगातार दुईपटक नै आफ्नो प्रदेशलाई उपविजेता बनाउन भूमिका खेले। शेरले यसपटक विराटनगर, काठमाडौं र सुदूरपश्चिमविरुद्धको महत्त्वपूर्ण खेलमै तीन-तीन विकेट लिएका थिए।

डार्सी सर्ट
(**रन** : २५६)

अस्ट्रेलियन अनुभवी ब्याटर डार्सी सर्टले पहिलोपटक एनपिएल खेलेका हुन्। ३५ वर्षीय बायाँहाते ओपनरले सानदार प्रदर्शन गर्दै टोलीलाई च्याम्पियन नै बनाए। टोलीको च्याम्पियन यात्रामा डार्सीले आफ्नो अनुभवको भरपुर सदुपयोग गरे। डार्सीले एक अर्धशतकसहित प्रतियोगितामा २५६ रन बनाए। उनी सर्वाधिक रन बनाउने चौथो खेलाडी बन्दा १० इनिङ्समा २६ चौका र नौ छक्का हिर्काएका थिए। प्रतियोगितामा पोखरा एभेन्जर्सविरुद्ध मात्रै दोहोरो अंकमा रन बनाउन सकेनन्। विराटनगरविरुद्ध लिग चरणमा पाँच विकेटको जित निकाल्दा ५७ रन बनाए। उनको अर्धशतकसँगै टोलीले सहज जित निकालेको हो। त्यसबाहेक दोस्रो क्वालिफायरमा विराटनगरविरुद्ध नै ४१ बलमा ४५ रनको योगदान गरेका थिए। डार्सीले दुई वर्ष अस्ट्रेलियाको टिमबाट खेल्दा एकदिवसीयमा इंग्ल्यान्ड र टी-२० मा न्युजिल्यान्डविरुद्ध खेल्दै डेब्यु गरेका थिए।

रुबेन ट्रम्पलम्यान
(**विकेट** : १५, **रन** : ६५)

नामिबियाका २७ वर्षीय तीव्र गतिका बलर रुबेन ट्रम्पलम्यानले पहिलोपटक एनपिएल खेलेका हुन्। उनी पहिलो अवसरमै लुम्बिनीलाई च्याम्पियन बनाउन सफल भए। योसँगै आफ्नो करिअरमै उनले पहिलो फ्रेन्चाइज उपाधि हात पारेका छन्। प्रतियोगिताअधिसम्म उनलाई कुनै पनि टोलीले ध्यान दिएका थिएनन्। तर, प्रतियोगिता चल्दै गर्दा विपक्षीहरूका लागि रुबेन धातक बन्दै गए। रुबेनले प्रतियोगिताको १० इनिङ्समा १५ विकेट लिएका छन्। उनी सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा चौथो स्थानमा रहे। उनको इकोनोमिक प्रदर्शन ६.७२ रह्यो। फाइनलमा भने उनले अविस्मरणीय प्रदर्शन गरे। २.१ ओभर बलिङ गरेका रुबेनले ३ रन मात्रै दिए भने तीन विकेट लिएका छन्। उनले फाइनलमा सुदूरपश्चिम र पहिलो खेलमा चितवनविरुद्ध समान तीन विकेट हात पारेका थिए। पोखरा र कर्णाली याक्सविरुद्ध मात्रै विकेटविहीन भए। त्यस्तै, उनले ६५ रन पनि बनाए।

बक्सिङका ऐतिहासिक पदक विजेता चन्द्रको भव्य स्वागत



नयाँ पत्रिका

युएईमा भएको आइबा पुरुष विश्व बक्सिङ च्याम्पियनसिपका ऐतिहासिक कांस्य पदक विजेता चन्द्रबहादुर थापासहितको टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरिएको छ। आइतबार युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहता, राखेप कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराई, नेपाल प्रहरीका उच्चपदस्थ पदाधिकारी, नेपाल बक्सिङ महासंघका पदाधिकारी, राष्ट्रिय खेल संघका पदाधिकारी, खेलाडी, प्रशिक्षकलगायतले स्वागत गरे।

३ देखि १४ डिसेम्बरसम्म भएको प्रतियोगिताको ५४ केजी तौल समूहमा चन्द्रले अर्मेनिया, इन्डोनेसिया र इरानका खेलाडीलाई हराउँदै कांस्य पक्का गरेका थिए। कांस्यसँगै चन्द्रले ७५ हजार अमेरिकी डलर पुरस्कार पनि सुनिश्चित गरेका थिए। सेमिफाइनलमा चन्द्र विश्व वरीयतामा सातौं स्थानमा रहेका कजाकस्तानका खेलाडीसँग पराजित भएका थिए। विश्व बक्सिङमा पदक जित्ने चन्द्र एक्लो नेपाली मुक्केबाज हुन्।

राखेपले सञ्चालन गरिरहेको मिसन- २०२६ अन्तर्गत विशेष प्रशिक्षणमा रहेका चन्द्रसँगै प्रतियोगितामा नेपालबाट पाँच खेलाडी सहभागी थिए। ४८ केजीमा लालप्रसाद उप्रेती, ५१ केजीमा फुङलाङ काम्बाङ, ६० केजीमा खगेन्द्र रोकामगर र ८० केजीमा दीपक श्रेष्ठले प्रतिस्पर्धा गरेका थिए। लालप्रसादले क्वार्टरफाइनलसम्मको यात्रा तय गर्दै १० हजार अमेरिकी डलर जिते। बाँकी खेलाडी पहिलो चरणबाटै बाहिरिए। प्रशिक्षकमा प्रकाश थापामगर, दीपक महर्जन र सुजित पुनमगर रहेका थिए। कार्यक्रममा सदस्यसचिव मेहताले ऐतिहासिक उपलब्धि हासिल गरेकोमा चन्द्रलाई बधाई दिँदै पदकले सारा नेपालीलाई हर्षित बनाएको बताए। चन्द्रले सबैको साथ र सहयोगले यो उपलब्धि सम्भव भएको बताउँदै अझ बढी सफलता हासिल गर्न ध्यान केन्द्रित गर्ने बताए।

दुई लेजेन्डको भेट



अर्जेन्टिनी कप्तान लियोनल मेसीले तीनदिने भारत भ्रमण क्रममा चर्चित पूर्वक्रिकेटर सचिन तेन्दुलकरलाई भेटेका छन्। भेटमा सचिनले आफ्नो जर्सी मेसीलाई उपहार दिएका थिए भने मेसीले फुटबल दिएका थिए। मेसी शनिबारदेखि भारतमा छन्। इन्टर मियामी सहकर्मी लुइस सुआरेज र रोड्रिगो डी पाउलसँगै आएका मेसी सोमबार फर्किनेछन्। मेसीले अन्तिम दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्ने कार्यक्रम छ।

खेल संक्षेप

सन्दीपले बंगलादेशको लिग खेल्ने

काठमाडौं/ नेपाली राष्ट्रिय टोलीका लेग स्पिनर सन्दीप लामिछानेले आगामी संस्करणको बंगलादेश प्रिमियर लिग (बिपिएल) खेल्ने भएका छन्। सन्दीपले राजशाही वारियर्सबाट बिपिएल खेल्न लागेका हुन्। राजशाहीले आइतबार आफ्नो सामाजिक सञ्जालमार्फत उनलाई टोलीमा स्वागत गरेको हो। यसअघि उनीसहित नेपाली खेलाडी अक्सनमा बिक्री भएका थिएनन्। तैपनि टोलीले सन्दीपलाई टिममा समावेश गरेको छ। आगामी संस्करणको बिपिएल २५ डिसेम्बरदेखि सुरु हुँदै छ। सन्दीपले यसअघि सन् २०१८/१९ मा सिल्हेट सिक्सर्सबाट बिपिएल खेलेका थिए।

फुटबलर भरत खवास सम्मानित

काठमाडौं/ नेपाली राष्ट्रिय फुटबल खेलाडी भरत खवासलाई काठमाडौं युरो आइबी वर्ल्ड स्कुलले सम्मान गरेको छ। युरोले स्पोर्टस् मिटको समापन कार्यक्रममा आइतबार भरतलाई फुटबलको माध्यमबाट राष्ट्रलाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउन महत्त्वपूर्ण योगदान गरेबापत सम्मान गरेको हो। लगनखेलस्थित सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रमा आयोजित कार्यक्रममा काठमाडौं युरोका अध्यक्ष प्रमोद पाण्डे, विद्यालय सञ्चालक समितिका सदस्यद्वय राजाराम पुडासैनी र ज्ञानेन्द्रमान जोशी तथा शैक्षिक निर्देशक डा. दीपक गुप्ताले भरतलाई नगदसहित प्रशंसापत्र प्रदान गरी सम्मान गरे।

टेबुलटेनिस मंगलबारदेखि

काठमाडौं/ पाँचौं अल नेपाल अन्तरवडा राष्ट्रिय टेबुलटेनिस प्रतियोगिता मंगलबारदेखि हुने भएको छ। स्पिन इभेन्ट्सको व्यवस्थापन तथा स्पिन टेबुलटेनिस क्लबको आयोजनामा प्रतियोगितामा पुरुष-महिला एकलसहित विभिन्न ११ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक क्लबका अध्यक्ष सुमन शाक्यले जानकारी गराए। तीन स्पर्धामा बाहेक सबैमा नगद पुरस्कार राखिएको छ। प्रतियोगितामा ४५० खेलाडीको सहभागिता रहने जानकारी दिइयो। प्रतियोगितालाई अनरले मुख्य प्रायोजन गर्ने भएको छ भने एनआइइसी कन्सल्टेन्सी र एभरेस्ट फेसनले सहप्रायोजन गर्ने भएका छन्।

सातौं इन्ट्रा म्याड्रिडिस्टा फुटसल सम्पन्न

काठमाडौं/ सातौं इन्ट्रा म्याड्रिडिस्टा फुटसल प्रतियोगिता सम्पन्न भएको छ। काठमाडौंको बल्खुस्थित भिजनओभा फुटसलमा भएको प्रतियोगितामा पुरुषतर्फ आरएमएफसिएन काठमाडौंले उपाधि जित्यो। आरएमएफसिएन पोखरा उपविजेता बन्यो। महिलातर्फ आरएमएफसिएन काठमाडौं 'बी' टोली च्याम्पियन भयो। आरएमएफसिएन नुवाकोट उपविजेता बन्यो। रियल म्याड्रिड फ्यान क्लब नेपाल, काठमाडौं शाखाद्वारा आयोजित प्रतियोगितालाई एक्सेस एजुकेसन नेटवर्कले साथ दिएको थियो। पुरुष विजेताले १५ हजार, उपविजेताले १० हजार तथा महिला विजेताले १० हजार रुपैयाँ प्राप्त गरे। करिब ६ सयभन्दा बढी म्याड्रिड समर्थकको उपस्थितिले प्रतियोगितालाई उत्सवमा रूपान्तरण गरेको थियो।

भ्याली पब्लिक र न्युटन फाइनलमा

काठमाडौं/ आयोजक भ्याली पब्लिक र न्युटन १९औं भ्याली पब्लिक कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ फाइनलमा प्रवेश गरेका छन्। आइतबार भंगालस्थित घरेलु कोर्टमा भ्याली पब्लिकले फेरिल्यान्डलाई ३३-२३ ले पराजित गऱ्यो। भ्याली पब्लिककी लोरिशा गौचनले १३ अंक जोडिन्। न्युटनले केभिकेएसएसलाई २६-२२ ले हरायो। न्युटनकी दिपसइना ठकुरीले १६ स्कोर गरिन्। पुरुषतर्फ न्युटनले भ्याली पब्लिकलाई ६०-५६ तथा टिआइएले हेम्सलाई ६७-५७ ले पाखा लगाउँदै फाइनल भेट पक्का गरे। न्युटनका उज्ज्वल श्रेष्ठले २० तथा टिआइएका रोशन नगरकोटीले २८ अंक जोडे। त्यस्तै, जुनियर ब्वाइजमा गोल्डेनपिकले लालीगुराँस नेसनल एकेडेमीलाई ३६-२६ तथा एन्जल्स हार्टले इडेन ब्रिज एकेडेमीलाई २६-२० ले पन्छ्याउँदै फाइनल यात्रा तय गरे।

साफ क्लब च्याम्पियनसिप

एपिएफ र इस्ट बंगाल फाइनलमा भिड्ने

नयाँ पत्रिका

भारतको इस्ट बंगाल र नेपालको विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब साफ महिला क्लब च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेका छन्। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले पहिलोपटक आयोजना गरेको प्रतियोगितामा एक खेल बाँकी रहँदै बंगाल र एपिएफ फाइनलमा स्थान बनाउन सफल भए।

समूहमा समान तीन खेल खेलेको इस्ट बंगाल ९ अंकसहित शीर्ष स्थानमा छ। एपिएफ ७ अंकसहित दोस्रो स्थानमा रह्यो। अपराजित यात्रा कायम राखेका दुई टोलीबिच समूह विजेताका लागि बुधबार प्रतिस्पर्धा हुनेछ। यो खेल बराबर भएको अवस्थमा बंगाल समूह विजेता हुनेछ। फाइनल खेल भने २ पुसमा हुनेछ। दशरथ रंगशालामा आइतबार भएको खेलसँगै पाकिस्तानको कराँची सिटी एफसी, भुटानको ट्रान्सपोर्ट युनाइटेड एफसी र बंगलादेशको नासरिन स्पोर्टस् एकेडेमी समूह चरणबाटै बाहिरिएका छन्। कराँची र ट्रान्सपोर्टको समान २ अंक छ। नासरिन भने १ अंकसहित पुछारमा रह्यो। प्रतियोगितामा माल्दिभ्स र श्रीलंकन क्लबको सहभागिता रहेन।

एपिएफको दोस्रो जित

प्रतियोगिताको तेस्रो खेलमा एपिएफले दोस्रो जित निकालेको छ। तेस्रो खेलमा गोलका लागि संघर्ष गरेको एपिएफले कराँचीलाई १-० ले हरायो। एपिएफको जितमा रश्मिले विजयी गोल गरेकी थिइन्। योसँगै प्रतियोगितामा रश्मिको गोलसंख्या तीन पुगेको छ। रश्मिले खेलको ५२औं मिनेटमा अग्रता गरेकी थिइन्। लेफ्ट विङबाट रेनुका नगरकोटेले दिएको पासलाई रश्मिले हेडर गोल गरिन्। जुन गोल नै एपिएफलाई ३ अंक जोड्न पर्याप्त रह्यो। यही खेलबाट गीता रानाले कमब्याक गरेकी छिन्।

उनको आगमनसँगै डिफेन्स बलियो हुने प्रशिक्षक जिवेशकुमार पाण्डेले विश्वास लिएका छन्। यसअघि एपिएफले आफ्नो पहिलो खेलमा बंगलादेशको नासरिनलाई ४-० ले हराएको थियो। यो खेलमा रश्मिकुमारी र मीना देउवाले समान दुई गोल गरेका थिए। दोस्रो खेलमा भने एपिएफले भुटानको ट्रान्सपोर्टसँग गोलरहित बराबरी खेल्यो।



अंकतालिका

टिम	खेल	जित	बराबर	हार	अंक
इस्ट बंगाल	३	३	०	०	९
एपिएफ	३	२	१	०	७
कराँची सिटी	४	०	२	२	२
ट्रान्सपोर्ट युनाइटेड	३	०	२	१	२
नासरिन स्पोर्टस्	३	०	१	२	१

फाजिलाको ह्याट्रिकसहित पाँच गोल

भारतीय टोली बंगालको तेस्रो जितमा विदेशी खेलाडी फाजिया इक्वापुतले ह्याट्रिक गरिन्। एकोहोरो खेलमा बंगालले बंगलादेशको नासरिनलाई ७-० ले हरायो। युगान्डाकी २५ वर्षीय खेलाडी फाजिला प्रतियोगितामा ह्याट्रिक गर्ने पहिलो खेलाडीसमेत बनिन्।

उनले एक्लै पाँच गोल गरेकी हुन्। प्रतियोगितामा उनी सर्वाधिक सात गोल गर्न सफल भएकी छिन्। भारतकै गोकुलम केरेला हुँदै बंगाल आएकी फाजिलाले पहिलो हाफमा तीन तथा दोस्रो हाफमा एक गोल गरिन्। फाजियाले खेलको ७, २७, ४५, ७४ र ९०औं मिनेटमा गरेकी थिइन्। भारतीय राष्ट्रिय टोलीकी स्ट्राइकर ज्योति चौहानले पहिलो हाफको इन्जुरी समयमा टोलीका लागि चौथो गोल गरेकी हुन्। खेलको ७३औं मिनेटमा सुलञ्जना राउलले एक गोल थपेकी थिइन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com